सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ पुस २०८२, शुक्रबार (2 Jan 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २५३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निर्वाचन सुरक्षा

१० अर्ब ३८ करोड ३४ लाख ८० हजार बजेट सुनिश्चितता

निर्वाचन प्रहरीलाई मात्र करिब आठ अर्ब

प्रहरीको चुनाव भत्ता काटियो

कुन निकायलाई कति बजेट ?



■ नेपाल प्रहरी

८ अर्ब ६६ करोड ५६ लाख

नियमिततर्फ
१ अर्ब ५४ करोड ८४ लाख

निर्वाचन प्रहरीतर्फ
७ अर्ब १३ करोड २५ लाख



■ सशस्त्र प्रहरी

१ अर्ब ४६ करोड

नियमिततर्फ
६५ करोड २५ लाख

निर्वाचन प्रहरीतर्फ
८० करोड ८४ लाख



■ गृह मन्त्रालय
१६ करोड ७१ लाख



■ राष्ट्रिय अनुसन्धान विभाग
५ करोड ८५ लाख

■ जिल्ला प्रशासन कार्यालयहरू : **३ करोड ८ लाख**



● **आनन्द काफ्ले,** प्रवक्ता, गृह मन्त्रालय

अर्थ मन्त्रालयले सुरक्षाका लागि समस्या नहुने गरी बजेट उपलब्ध गराउने जानकारी गराएको छ। पहिलो चरणमा बजेटको सुनिश्चितता भएको छ, थप बजेट पछि आउला।

नयाँ पत्रिका

अर्थ मन्त्रालयले निर्वाचन सुरक्षाका लागि सुरक्षा निकायलाई मागभन्दा करिब आधा मात्र बजेट उपलब्ध गराएको छ। गृह मन्त्रालयले निर्वाचनका लागि करिब २० अर्ब रुपैयाँ बजेट माग गरेको भए पनि बिहीबार अर्थले पहिलो चरणमा १० अर्ब ३८ करोड ३४ लाख ८० हजार बजेट सुनिश्चित गरेको हो।

निर्वाचन भत्ता तथा अन्य शीर्षकमा गरिएको माग अस्वीकार गर्दै अर्थ मन्त्रालयले न्यूनतम बजेट मात्र सुनिश्चित गरेको छ। यसले निर्वाचन सुरक्षामा चुनौती थपिने प्रहरी अधिकारीहरू बताउँछन्। यद्यपि, अर्थले बजेट अभाव हुन नदिने प्रतिबद्धता भने जनाएको छ।

गृहप्रवक्ता आनन्द काफ्लेले पहिलो चरणमा १० अर्ब ३९ करोड रुपैयाँ बजेट सुनिश्चितता भएको र थप बजेटका विषयमा छलफल जारी रहेको बताए। 'अर्थ मन्त्रालयले सुरक्षामा समस्या नहुने गरी बजेट उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ,' उनले भने, 'पहिलो चरणको सुनिश्चितता भइसकेको छ, आवश्यक परे थप बजेट आउने अपेक्षा छ।'

निर्वाचनका लागि करिब दुई महिना मात्र बाँकी रहँदा बजेट

» पृष्ठ २ मा क्रमशः

कांग्रेसमा विशेष महाधिवेशनको बबाल

सभापतिको सहमतिविनै २६-२८ पुसको १५औँ महाधिवेशन स्थगित गर्दै महामन्त्रीद्वय थापा-शर्माले विशेष महाधिवेशन बोलाएपछि कांग्रेसभित्रको विवाद उत्कर्षतिर

मध्यमार्गी कुनै सहमति नभए चुनावको मुखमा कांग्रेसको आन्तरिक संकट झनै गहिरो हुने निश्चित

■ **विशेष महाधिवेशन बोलाउँदा महामन्त्रीद्वयको यस्तो तर्क**

५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरी केन्द्रीय कार्यालयमा दर्ता गराएको विशेष महाधिवेशनको मागलाई सम्बोधन गर्ने प्राथमिक विकल्प नियमित महाधिवेशन नै थियो। तर, नियमित महाधिवेशन निर्धारित समयमै सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएपछि फेरि पनि विकल्पका रूपमा विशेष महाधिवेशन नै अघि आएको छ। अतः पार्टी विधानको दफा १७(२) बमोजिम विशेष महाधिवेशनसम्बन्धी मागलाई सम्बोधन गर्नु केन्द्रीय कार्यालयको जिम्मेवारी हो। उक्त जिम्मेवारीअन्तर्गतका कार्यहरू सम्भव भएसम्म सर्वसम्मतिले अगाडि बढाइनेछ।

■ देउवाले बोलाए शीर्ष नेताको बैठक

■ महाधिवेशन पक्षधरले आज पत्रकार सम्मेलन गर्दै

● **लोकराज बराल,** राजनीतिक विश्लेषक




विशेष महाधिवेशन आह्वान गरेकै भरमा कांग्रेस विभाजन हुन्छ भन्ने लाग्दैन

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेसको १५औँ महाधिवेशन अनिश्चित बनेसँगै पार्टीभित्रको आन्तरिक विवाद सिधा टकरावतर्फ उन्मुख भएको छ। सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सहमतिविनै महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको प्रक्रिया अघि बढाएका छन्। यससँगै आसन्न चुनावको मुखमा कांग्रेस

» पृष्ठ २ मा क्रमशः

महामन्त्रीहरू आफैंले विशेष महाधिवेशनको कुरा उठाउनु ठिक छैन



शेखर कोइराला, नेता

विशेष महाधिवेशनको कुरा महामन्त्रीहरूले नै बोल्नुभएको छ। तर, यसको प्रक्रिया के हुने हो ? कसले गर्ने हो ? केन्द्रीय समितिले निर्णय गर्नुपर्छ। कांग्रेसका महामन्त्रीहरूले आफैंले विशेष महाधिवेशनको कुरा उठाउनु ठिक छैन। म पनि चाहन्छु, विशेष महाधिवेशन। तर, नियम र कार्यविधिअनुसार केन्द्रीय समितिले निर्णय गरोस्। सुरुदेखि म यही भन्दै आएको छु।

तर, महाधिवेशन गर्ने मात्र होइन, कस्तो महाधिवेशन गर्ने, के गर्ने र कसले गर्ने भन्ने स्पष्ट हुनुपर्छ। केन्द्रीय समितिले कार्यविधि बनाउनुपर्छ। जिम्मा लिएको क्रियाशील समितिले पूर्ण रूपमा काम सकेको छैन, किन पूरा भएन। नवीकरणको प्रक्रिया पनि नौवटा जिल्लामा पूरा भएको छैन भन्ने सुनें। नयाँ क्रियाशील सदस्यको सिरियल नम्बर नहालेर पठाउन किन भनियो ? यही कारणले ढिलाइ भएको हो। त्यो बुझ्नुपर्‍यो नि। खालि दोष लगाएर काम चल्दैन। कमजोरी हामीबाटै भएको छ। मबाट पनि कमजोरी भएको छ। कमजोरी लुकाउने होइन, सुधार्दै जानुपर्छ।

कांग्रेस विभाजन हुने-नहुने जवाफ महामन्त्रीद्वयले दिनुपर्छ



प्रकाशशरण महत, प्रवक्ता

अहिले विशेष महाधिवेशन हुन सक्ने अवस्था नै छैन। सहमतिमा नियमित महाधिवेशन गर्न नसक्ने र त्यसकै विकल्पका रूपमा विशेष महाधिवेशनको कुरा उठाउनुको कुनै औचित्य छैन। विशेष महाधिवेशनको माग गर्नेहरू स्वयं नियमित महाधिवेशन सम्पन्न गराउने जिम्मेवारीमा रहेका थिए। त्यसको दोष अरूमाथि थोपर्न मिल्दैन। कार्यकर्ता निर्वाचनको मुडमा रहेको वेला पार्टीलाई फेरि आन्तरिक विवादतर्फ धकेल्नु उचित हुँदैन। देशभरका अधिकांश साथीहरू विशेष महाधिवेशन उपयुक्त होइन भन्ने निष्कर्षमा पुगेका छन्। जसलाई विशेष महाधिवेशन भनिँदै छ, त्यहाँ पार्टीका अधिकांश साथीहरूको सहभागिता नै नहुने अवस्था छ।

निर्वाचनको सम्मुखमा कसरी हुन्छ विशेष महाधिवेशन ? प्रतिनिधिसभा समानुपातिकतर्फ उम्मेदवारको बन्दसूची निर्वाचन आयोगमा बुझाएका छौं। प्रत्यक्षतर्फको उम्मेदवार छनोट प्रक्रिया अघि बढ्दै छ। साथीहरू जिल्ला-जिल्लामा चुनावी अभियानमा लागिसक्नुभएको छ। जिम्मेवारी लिएका साथीहरूले नियमित अधिवेशन समयमा गर्न नसकेको भनेर कसका विरुद्ध विशेष महाधिवेशन गर्ने ?

फागुन २१ को निर्वाचनअघि अब महाधिवेशन सम्भव छैन, चुनावपछि हुन्छ। हामी पार्टी एक रहोस्, मजबुतीको साथ चुनावमा जाऊँ, परिणाम राम्रो ल्याऊँ भन्ने पक्षमा छौं। पार्टी तल-माथि भए महामन्त्रीहरू नै जिम्मेवार हुन्छन्।

विधानअनुसार विशेष महाधिवेशन गर्नु विभाजनमा जानु होइन



प्रकाश स्नेही, केन्द्रीय सदस्य

पार्टी कहिल्यै पनि बहुमतले विभाजन गर्दैन। विभाजन सधैं अल्पमतको निर्णयबाट हुन्छ। बहुमत महाधिवेशन प्रतिनिधिले लिखित रूपमा माग गरेको तीन महिनाभित्र विशेष महाधिवेशन गर्नुपर्ने व्यवस्था कांग्रेसको विधानमै स्पष्ट छ। विधानअनुसार विशेष महाधिवेशन गर्नु पार्टी विभाजनतर्फ जानु होइन, बरु विधानको कार्यान्वयन हो।

विशेष महाधिवेशन केन्द्रीय कार्यालयले आह्वान गर्ने हो। त्यसमा सभापति, कार्यवाहक सभापति, उपसभापति, महामन्त्रीलगायत सबै पदाधिकारीलाई आह्वान गरिन्छ। बहुमतको निर्णयलाई अल्पमतले मान्नुपर्ने लोकतान्त्रिक मान्यता हो। अहिले केन्द्रीय कमिटीमा उहाँहरू बहुमतमा हुनुहुन्छ र हामीले उहाँहरूले गरेका निर्णय मान्दै आएका छौं। अब बहुमत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गरेकाले त्यो अपरिहार्य बनेको छ। यो विषय अन्ततः न्यायिक निरूपणको दायराभित्र पनि पर्न सक्छ।

क्रियाशील सदस्यताको नवीकरणमा उत्साहपूर्वक काम भएको छ। तर, साना विषयलाई ठुलो विवाद बनाउने प्रयास गरियो। विधानमा भएको व्यवस्थाको अभ्यास नगर्ने पार्टी लोकतान्त्रिक हुन सक्दैन। पार्टीको लोकतान्त्रिक चरित्र जोगाउन र संस्थागत संकट समाधान गर्न विशेष महाधिवेशन अपरिहार्य भएको छ।

टायल्स उद्योगभित्रै दुई मजदुरको मृत्यु

उद्योग बन्द गरेर छानबिन गर्ने सहमतिपछि शव उठ्यो



घटनाको छानबिन हुनुपर्ने माग राख्दै प्रदर्शनमा उत्रिएका आफन्त

नवलपरासीमा **रामकुमार श्रेष्ठ**

पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका- १२, भटौलियामा रहेको कजरिया रमेश टायल्स उद्योगमा कार्यरत दुई मजदुरको सुतिरहेकै अवस्थामा शंकास्पद मृत्यु भएको छ।

काम गरेर उद्योगको कोठामा सुतेका बर्दघाट नगरपालिका- १३, धनेवाका ४० वर्षीय होमबहादुर थापा र भारतको उत्तर प्रदेशका ३० वर्षीय विनोद कुमारको मृत्यु भएको हो। दुवैजना ग्यासी फायर (अग्नि नियन्त्रण) प्लान्टमा कार्यरत थिए। उद्योगको ग्यासी फायरको

» पृष्ठ २ मा क्रमशः

कोइला बालेर सुत्दा निस्सासिएर ३८ दिनका शिशुको मृत्यु

आमा-भतिजी घाइते

सुर्खेतमा **रमेश रावल**

जाडोमा कोठा न्यानो पार्न कोइला बालेर सुत्दा सुर्खेतको वीरेन्द्रनगरमा ३८ दिनको शिशुको ज्यान गएको छ। बेहोस बनेका आमा र भतिजीको उपचारपछि होस खुलेको छ। प्रहरीका अनुसार भेरीगंगा नगरपालिका-२ घर भएकी ३२ वर्षीया तारा बुढा परिवारसहित वीरेन्द्रनगर नगरपालिका- १२, बिरुवाबारीमा डेरा गरी बस्दै आएकी छिन्। चिसो बढेपछि कोठा न्यानो पार्न बुधबार राति कोइला बालेर सुतेकी उनी र उनकी भतिजी १३ वर्षीया संगम बुढा

» पृष्ठ २ मा क्रमशः

लेखकको बयान सकियो ओलीलाई पत्र लेख्ने तयारी

केही दिनमै ओलीको बयान सकेर ९ माघभित्रै प्रतिवेदन बुझाउने गृहकार्यमा जाँचबुझ आयोग





● **बयान नदिने र जबर्जस्ती लिन खोजे चुनावी वातावरण नै बिथोलिने चेतावनी दिँदै आएका एमाले अध्यक्ष ओलीले 'जाँचबुझ आयोगका पदाधिकारी आफ्नो घरमा आए चिया खुवाएर पठाउने' अभिव्यक्ति दिएर 'मध्यमार्गी विकल्पमा औपचारिकता पूरा गर्न सकिने' जनाउ दिएका छन्।**

काठमाडौं/ जेन-जी आन्दोलनसम्बन्धी जाँचबुझ आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकको बयान सकाएको छ। आयोगले सोमबार र बुधबार गरी दुई दिन उनको बयान लिएको हो। बयान सकिएसँगै बिहीबारदेखि उनको स्थानहद हटाइएको छ।

लेखकको बयान सम्पन्न भएसँगै आयोगले अब तत्कालीन प्रधानमन्त्री केपी ओलीको बयान लिने तयारी गरेको छ। सम्भवतः शुक्रबार बयानका लागि ओलीलाई पत्र लेखिने आयोगका एक अधिकारीले बताए।

» पृष्ठ २ मा क्रमशः

पाँचौंपटक थपिएको म्याद सकिँदा पनि बनेन संसद् भवन

१ असोज ०७६ मा तीन वर्षभित्र निर्माण सक्ने गरी शिलान्यास, पाँचौंपटक थपिएको ठेक्काको म्याद पनि बिहीबार सकिएपछि असारसम्म म्याद थप्ने तयारी

कमलराज भट्ट/नयाँ पत्रिका

सिंहदरबारस्थित पुतली बगैंचामा निर्माणाधीन संसद् भवन पाँचौंपटक थपिएको म्याद सकिँदा पनि बनेन। पाँचौंपटक थपिएको म्याद बिहीबार सकिँदा ८९ प्रतिशत मात्रै प्रगति भएको हो।

ठेकेदार कम्पनी तुँदी-शेक जेभीले अझै नौ महिना समय थप्न माग गरेको छ। सरकारले भने आगामी असारसम्मका लागि छैटौंपटक म्याद थप्ने तयारी गरेको छ। तीन वर्षभित्र निर्माण सक्ने गरी ठेक्का लागेको भवन सात वर्ष बितिसक्दा पनि पूरा नभएको हो। तत्कालीन प्रधानमन्त्री केपी ओलीले १ असोज ०७६ मा भवनको शिलान्यास गरेका थिए। भवन निर्माणको जिम्मा सहरी विकास तथा भवन निर्माण विभागको हो। विभागका महानिर्देशक रवीन्द्र बोहराले आगामी असारसम्म समय लाग्न सक्ने बताए।

'नयाँ संसद् भवनको भौतिक प्रगति करिब ९० प्रतिशत छ। निर्माण व्यवसायीबाट थप नौ महिना माग भएको छ। कति सयम थप्दा ठिक हुन्छ भनेर हामी विश्लेषण र छलफलमै छौं,' उनले भने, '१२ वटा बिल्डिङको फिनिसिङको काम बाँकी छ। इन्टेरियरको काम पनि सुस्त नै हुने भएकाले समय लाग्छ। आगामी असारसम्म सम्पन्न हुने हाम्रो अनुमान छ।' आर्थिक हिसाबकिताबतर्फ भने साढे पाँच अर्बमा डेढ अर्ब मात्रै दिन बाँकी रहेको बोहराले बताए।

» पृष्ठ २ मा क्रमशः

■ ठेकेदार कम्पनीले फेरि माग्यो थप नौ महिना समय



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा बानेश्वरस्थित संसद् भवनमा आगजनी भएपछि संसद् बैठक बस्न हल छैन। प्रतिनिधिसभा विघटन भई आगामी २१ फागुनका लागि निर्वाचन घोषणा भएको छ। निर्वाचनको नतिजा नआउँदासम्मलाई प्रतिनिधिसभा छैन। १ असोज ०७६ मा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी शिलान्यास भएको सिंहदरबारमा निर्माणाधीन नयाँ संसद् भवनको पाँचौंपटक थपिएको म्याद पनि बिहीबार सकिँदा भवनको भौतिक प्रगति करिब ९० प्रतिशत मात्रै भएको छ। ठेकेदार कम्पनी तुँदी-शेक जेभीले अझै नौ महिना समय थप्न माग गरेको छ। सरकारले भने आगामी असारसम्मका लागि छैटौंपटक म्याद थप्ने तयारी गरेको छ। त्यसैले नयाँ प्रतिनिधि चुनिएर आउँदा पनि संसद् हल नबन्ने चिन्ता बढ्न थालेको छ। भवन निर्माणको जिम्मा सहरी विकास तथा भवन निर्माण विभागको हो। विभागका महानिर्देशक रवीन्द्र बोहराले आगामी असारसम्म समय लाग्न सक्ने बताए।

■ राष्ट्रिय सभाको अल्पकालीन हल अन्तिम चरणमा

साउन्डसिस्टम जडान गरेर आइतबार डेमो लिने तयारी

नयाँ भवनमा हल तयार नहुँदासम्मका लागि राष्ट्रिय सभा सञ्चालन गर्न भने सिंहदरबारभित्रै कृषि समितिको हललाई परिमार्जन गरिँदै छ। २३ र २४ भदौको जेन-जी आन्दोलनमा नयाँ बानेश्वरस्थित संघीय संसद् भवन आगजनीले ध्वस्त भएसँगै सधैं कायमै रहने राष्ट्रिय सभाको बैठक बस्ने ठाउँ छैन।

सिंहदरबारमा कृषि समितिको हललाई परिमार्जन गरेर राष्ट्रिय सभाका लागि तयार पारिएको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बताए। साउन्डसिस्टमहरू जोडेर आइतबार प्रारम्भिक परीक्षण गरिने उनको भनाइ छ।

राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले दुई दिनअघि प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर हिउँदे अधिवेशन आह्वान गर्न आग्रह गरिसकेका छन्। कांग्रेसले हिउँदे अधिवेशन बोलाउन अध्यक्ष दाहाललाई ज्ञापनपत्र नै दिएको छ। हल तयार भएपछि पुसको अन्तिम साता अधिवेशन बोलाउने सरकारको तयारी छ।

सशस्त्र प्रहरीको गोली प्रहारबाट रिक्साचालकको मृत्यु



पाँचबुँदे लिखित सहमतिपछि रोकियो प्रदर्शन

(विस्तृत पृष्ठ ३)

६ महिनापछि सञ्चालनमा आयो रसुवा-केरुङ नाका



स्याफ्रुबेंसीदेखि रसुवागढीसम्म सडक एकतर्फी रूपमा सञ्चालन हुने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पाँचौंपटक...

पृष्ठ १ बाट क्रमशः

जेन-जी आन्दोलनपछि नागरिक सरकारमा सहरी विकास मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री कुलमान घिसिङले आयोजनाका परामर्शदाता र निर्माण व्यवसायीसँग छलफल गरेर पुसभित्रै निर्माण सम्पन्न गर्न निर्देशन दिएका थिए। त्यसपछि मन्त्री घिसिङ छड्केमा पनि पुगेर श्रमिक र कामको सिफ्ट बढाउन निर्देशन दिएका थिए। तर, यति गर्दा पनि निर्माण कार्यले गति लिन सकेको छैन। घिसिङजस्तै यसअघिका विभागीय मन्त्रीहरू, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, संसदीय समितिदेखि राष्ट्रपतिसम्मले निर्माणाधीन भवनको अवलोकन गरेर चाँडो सकाउन निर्देशन दिएका थिए।

जेन-जी आन्दोलनका क्रममा बानेश्वरस्थित संसद् भवनमा आगजनी भएपछि संसद् बैठक बस्न हल छैन। प्रतिनिधिसभा विघटन भई आगामी २१ फागुनका लागि निर्वाचन घोषणा भएको छ। निर्वाचनको नतिजा नआउँदासम्मलाई प्रतिनिधिसभा छैन। तर, नयाँ प्रतिनिधि चुनिएर आउँदा पनि संसद् हल नबन्ने चिन्ता बढ्न थालेको छ। त्यसो त, सधैँ कायमै रहने राष्ट्रिय सभाको अधिवेशन बोलाउने तयारी हुँदा पनि बस्ने हल छैन। यद्यपि, संसद् सचिवालयपरिसरको कृषि समितिको हललाई पुनर्निर्माण गरेर राष्ट्रिय सभाका लागि तयार पारिँदै छ। यदि तोकिएको समयमै नयाँ संसद् भवन बनेको भए अर्को तयारी गर्नुपर्ने थिएन।

विभागका महानिर्देशक बोहराका अनुसार दुई प्याकेजमा काम भइरहेको छ। मुख्य भवनको काम तुँदी-शेक जेभीले गरिरहेको छ भने इन्टेरियर, फल्स सिलिङ, फर्निचर, डिभाइस, कम्प्रेसलगायतको काम श्यामसुन्दर बानियाँ प्रालिले गरिरहेको छ। अहिले भवनभित्र फायर फाइटिङ, सिस्टम जडान प्रक्रिया, इलेक्ट्रिक्सको काम, स्लिपर सिस्टम, पाइपलाइन, इन्टेरियर वाल, मार्बल ग्रेनाइट हाल्ने काम भइरहेको छ। त्यस्तै, सेन्ट्रल डोमको ट्रसको काम सकेर छानाको कभरिङ सुरु हुँदै छ। फर्निचरहरू धमाधम बनाउने र फिटिङ गर्ने काम भइरहेको छ। कन्फ्रेसिन्ङ सिस्टमको डिभाइस, सेक्युरिटी सिस्टम, बडी स्क्यानर ल्याउने तयारी छ। मुख्य हलहरूको फल्स सिलिङको काम पनि भइरहेको छ। बोहराले भवनपरिसरको बाटोमा ग्राभेल सकिएको र सेभिङ गर्ने काम भइरहेको बताए। पार्किङको पनि फल्सको काम भइरहेको र बगैँचामा दुबो रोप्ने काम भने भइसकेको उनको भनाइ छ।

१५१ रोपनी क्षेत्रफलमा निर्माणाधीन भवनमा आठ ब्लक छन् भने १२ छुट्टाछुट्टै भवन छन्। जहाँ चार सय सिट क्षमताको प्रतिनिधिसभा र एक सय सिट क्षमताको राष्ट्रिय सभा हुनेछ। मुख्य भवनसँगै सहायक भवनहरू छन्। जहाँ संसदीय दलको कार्यालय, समितिको हल, दुइटा संसद् सचिवालय भवन, पुस्तकालय, संग्रहालय, चमेनागृहलगायत रहनेछन्। भिभिआइपीका लागि छुट्टै भवन, सुरक्षाकर्मी बस्ने ठाउँसहित संरचना तयार हुँदै छ।

ओलीलाई...

पृष्ठ १ बाट क्रमशः

ओलीको बयानअघि आयोगका पदाधिकारीहरूले बिहीबार प्रधानमन्त्री सुशीला कार्कीसँग छलफल गरेका थिए। यसअघि ओलीले बयान नदिने धम्की दिँदै आएका थिए। बयानले चुनावी वातावरण बिगार्ने ओलीको चेतावनी छ।

प्रधानमन्त्री कार्यालयमा पत्रकारहरूसँग कुरा गर्दै आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले ओलीलाई पनि केही दिनमै बयानका लागि बोलाइने स्पष्ट पारे। बयानमा नआए के गर्नुहुन्छ भन्ने सञ्चारकर्मीको प्रश्नमा उनले भने, 'उहाँ (तत्कालीन प्रधानमन्त्री ओली)लाई हामी अब चिठी काट्दै छौँ। आउनुभएन भने भोलिको कुरा भोलि नै हुन्छ।'

आयोगले सो घटनासँग सम्बन्धित अन्य व्यक्तिहरूको बयान यसअघि नै लिइसकेको छ। अब ओलीको बयान मात्र बाँकी रहेको र त्यसपछि प्रतिवेदन लेख्ने काम सुरु गरिने आयोगका एक पदाधिकारीले बताए। अध्यक्ष कार्कीका अनुसार ९ माघभित्रै प्रतिवेदन बुझाउने लक्ष्यसहित काम भइरहेको छ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०९/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०२/१६ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/०२/०६ मा जनकपुर टुडे राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण
लाखपत चौधरीको नाति, सुखल चौधरीको छोरा, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **भैरव चौधरी** (ना.प्र.नं. २६१०, जारी मिति २०४१/०८/१३, जि.प्र.का. रौतहट)।

व्यक्तिगत जमानीकर्ताको विवरण	
१. लाखपत चौधरीको नाति, सुखल चौधरीको छोरा, रौतहट जिल्ला, डुमरिया गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **हरी नारायण चौधरी** (ना.प्र.नं. ४१८, जारी मिति २०४४/११/३, जि.प्र.का. रौतहट)।	२. सुखल चौधरीको नाति, हरी नारायण चौधरीको छोरा, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **सञ्जय कुमार चौधरी** (ना.प्र.नं. ३२२०८२/५३७६, जारी मिति २०६७/१२/२८, जि.प्र.का. रौतहट)।
३. सुखल चौधरीको नाति, भैरव चौधरीको छोरा, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **सरोज कुमार चौधरी** (ना.प्र.नं. ३२२०८२/३८५, जारी मिति २०६९/०१/२६, जि.प्र.का. रौतहट)।	४. सुखल चौधरीको बुहारी, हरी नारायण चौधरीको पत्नी, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **सुखली देवी चौधरी** (ना.प्र.नं. ३०४५, जारी मिति २०६२/०३/१४, जि.प्र.का. रौतहट)।
५. सुखल चौधरीको बुहारी, भैरव चौधरीको पत्नी, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **वसन्ती देवी चौधरी** (ना.प्र.नं. ३२३७६२, जारी मिति २०४६/०३/१८, जि.प्र.का. रौतहट)।	

धितोको विवरण
भैरव चौधरी (ना.प्र.नं. २६१०, जारी मिति २०४१/०८/१३, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. २८१/२६ र २८१/२७ को क्षेत्रफल क्रमशः ०-१-१७१/२ र ०-०-१६ (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१०/०२ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गरुडा, रौतहटमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१०/०३ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गरुडा, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिय कर्जा असुली विभाग तथा शाखा कार्यालय गरुडा, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : गरुडा, रौतहट
फोन नं. ०५५-५६५४३५
Website : www.siddharthabank.com

कांग्रेसमा...

पृष्ठ १ बाट क्रमशः

राजनीतिक र सांगठनिक जटिलतामा फसेको छ।

कार्यतालिकाअनुसार १६ पुसमा वडा अधिवेशन सम्पन्न हुनुपर्ने भए पनि क्रियाशील सदस्यता टुंगिन नसक्दा प्रक्रिया रोकिएको छ। यही अवस्थालाई आधार बनाएर महामन्त्रीद्वय थापा-शर्माले नियमित महाधिवेशन स्थगित गर्दै पार्टीलाई विशेष महाधिवेशनतर्फ अघि बढाएका छन्। विधान कार्यान्वयन गर्न भन्दै महामन्त्रीद्वय थापा-शर्माले विशेष महाधिवेशन प्रक्रिया अघि बढाएका भए पनि संस्थापनले यसलाई मान्यता दिएको छैन।

५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले गत २९ असोजमै विशेष महाधिवेशनको माग गर्दै कार्यवाहक सभापति खड्कालाई हस्ताक्षर बुझाइसकेका थिए। मागअनुसार २८ पुसभित्र विशेष महाधिवेशन गर्नुपर्ने कांग्रेस बाध्यता थियो। तर, केन्द्रीय कार्यसमितिले १५ मंसिरमा २६-२८ पुसमा १५औँ महाधिवेशन गर्ने निर्णय गर्दै कार्यतालिका सार्वजनिक गर्‍यो।

कार्यतालिका कार्यान्वयनमा जान नसकेपछि पार्टीको विवाद सतहमा आयो र संस्थापन र महामन्त्रीद्वय आमने-सामने भएका छन्। संस्थापन पक्षको सहमतिविनै विशेष महाधिवेशनका लागि भृकुटीमण्डपमा २७ र २८ पुसका लागि हल बुकिङसमेत भइसकेको छ। र, विशेष महाधिवेशन माग गर्ने प्रतिनिधिलाई काठमाडौं आउन भनिएको छ।

विधानको धारा १७ (२) कार्यान्वयन गर्न विशेष महाधिवेशन अनिवार्य भएको थापानिकट नेता प्रकाश स्नेहीको दाबी छ। 'नियमित महाधिवेशन नहुने स्पष्ट भएपछि विशेष महाधिवेशन बाध्यकारी भएको हो,' उनले भने, 'क्रियाशील सदस्यता बहाना मात्रै बनाइएको छ। ७५ प्रतिशत सदस्यता नवीकरण भइसकेको छ। नियतवश केही जिल्लामा समस्या खडा गरिएको हो।'

तर, सभापति देउवा र कार्यवाहक सभापति खड्का भने आमनिर्वाचनको सम्मुखमा विशेष महाधिवेशन गर्नु नहुने अडानमा छन्। संस्थापन पक्षको असहमतिका बाबजुद महामन्त्रीद्वय थापा र शर्माले विशेष महाधिवेशन आह्वानका लागि सभापति देउवालाई अध्यक्ष बन्न पत्र बुझाउने तयारी गरेका छन्।

कार्यवाहक सभापति खड्काले विशेष महाधिवेशन आह्वान गर्न इन्कार गरेपछि देउवालाई नै पत्र पठाउने तयारी गरिएको थापानिकट नेताहरूको भनाइ छ। कानुन व्यवसायीहरूको रायका आधारमै विशेष महाधिवेशनको प्रक्रिया अघि बढाइएको उनीहरूको दाबी छ। 'विधानअनुसार केन्द्रीय कार्यालय महामन्त्रीमातहत रहन्छ,' स्नेहीले भने, 'केन्द्रीय कार्यालयले विशेष महाधिवेशन बोलाउन सक्छ।'

कांग्रेसको १४औँ महाधिवेशनमा रहेका चार हजार सात सय ४३ प्रतिनिधिमध्ये ५४ प्रतिशतले हस्ताक्षर गरी विशेष महाधिवेशन माग गरेको इतरपक्षको दाबी छ। तर, ती हस्ताक्षरको औपचारिक सनाखत भने हुन सकेको छैन। मंसिरमा बसेको केन्द्रीय कार्यसमिति बैठकले विशेष महाधिवेशनको माग बेवास्ता गर्दै नियमित महाधिवेशनको कार्यतालिका ल्याएको थियो। कार्यतालिका असफल भएपछि विशेष महाधिवेशनको मुद्दा उठान भएको हो।

कांग्रेस प्रवक्ता प्रकाशशरण महतले निर्वाचनको सम्मुखमा विशेष महाधिवेशन असम्भव रहेको स्पष्ट पारे। 'चुनावको मुखमा विशेष महाधिवेशन गरेर हुँदैन,' उनले भने, 'पार्टी एक भएर चुनावमा जानुपर्ने वेला विवाद सिर्जना गर्न सुहाउँदैन।'

विशेष महाधिवेशन आह्वान गरेकै भरमा कांग्रेस विभाजन हुन्छ भन्ने लाग्दैन

● **लोकराज बराल**, राजनीतिक विश्लेषक

बहुमत महाधिवेशन प्रतिनिधिले विधानअनुसार लिखित माग गरेपछि यदि नेतृत्वले परिवर्तनको चाहना सम्बोधन गर्न चाहन्थ्यो भने त्यतिवेला नै विशेष महाधिवेशन आह्वान हुन सक्थ्यो। तर, कांग्रेसले विशेष महाधिवेशन आह्वान नगरी नियमित महाधिवेशनको कार्यतालिका ल्यायो। कार्यतालिकाअनुसार काम हुन नसकेपछि फेरि विवाद सतहमा आयो। निर्वाचनअघि वा पछि महाधिवेशन गर्ने भन्ने विषयमा विवाद उठाउने कुनै कारण छैन। नेतृत्व हस्तान्तरणको विषय उठेको र सभापति शेरबहादुर देउवा फेरि नेतृत्वमा नरहने अवस्थामा महाधिवेशन गरेर अगाडि बढ्नु राम्रो हुन्थ्यो। तर, देउवालाई वरिपरिका केही नेताले घेरा हालेर राखेजस्तो देखिन्छ। बहुमत महाधिवेशन प्रतिनिधिले उठाएको विषयमा अघि बढ्नु महामन्त्रीहरूको कमजोरी होइन। उनीहरू निर्वाचित महामन्त्री नै हुन्। आन्तरिक दबाबले सुनुवाइ नहुँदा मामला विज्ञप्तिको तहमा पुगेको हुनुपर्छ। त्यसैले महामन्त्रीहरूले उठाएका विषय सम्बोधन गर्दै अघि बढ्नु कांग्रेसको हितमै हुन्छ। अझै समय बाँकी छ, छलफल गरेर निष्कर्ष निकाल्न सकिने अवस्था छ। विशेष महाधिवेशन आह्वान गरेकै भरमा कांग्रेस विभाजन हुन्छ भन्ने मलाई लाग्दैन।

जिम्मेवार साथीहरूले विशेष महाधिवेशनको कुरा उठाएको सुहाएन। हल बुकिङ गरेकै भरमा महाधिवेशन हुँदैन।'

हस्ताक्षर बुझाएपछि १५औँ महाधिवेशनको कार्यतालिका आइसकेकाले विशेष महाधिवेशनको औचित्य समाप्त भइसकेको उनको तर्क छ। 'जिम्मेवारी पूरा नगर्ने अनि विशेष महाधिवेशनको हल्ला गर्ने ?' महतको प्रतिप्रश्न छ।

हस्ताक्षर बुझाएपछि १५औँ महाधिवेशनको कार्यतालिका आएकाले त्यसको औचित्य समाप्त भएको उनको दाबी छ। 'जिम्मेवारी पूरा नगर्ने अनि विशेष महाधिवेशनको हल्ला गरेर हुन्छ ?' उनले प्रतिप्रश्न गरे।

स्रोतका अनुसार थापा-शर्मा पक्षले सहमति भए सहमतिमै विशेष महाधिवेशन गर्ने र नभए एकतर्फी रूपमा अघि बढ्ने रणनीति बनाएको एक नेताले बताए। 'देउवाकै अध्यक्षतामा विशेष महाधिवेशन गर्ने प्रयास हुनेछ, त्यो सम्भव नभए कार्यवाहक सभापति वा उपस्थित वरिष्ठ नेताको अध्यक्षतामा महाधिवेशन अघि बढाउने तयारी छ,' थापा पक्षधर एक नेताले भने। विशेष महाधिवेशनका लागि आवश्यक समितिहरू गठनको प्रक्रियासमेत अगाडि उनको दाबी छ।

देउवाले बोलाए शीर्ष नेताको बैठक, महाधिवेशन पक्षधर पत्रकार सम्मेलनको तयारीमा

विशेष महाधिवेशनको तयारी तीव्र बनेपछि सभापति शेरबहादुर देउवाले पदाधिकारी, पूर्वपदाधिकारीसहित शीर्ष नेताहरूको बैठक बोलाएका छन्। मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गरेको सूचनाअनुसार शुक्रबार दिउँसो ३ बजेका लागि केन्द्रीय कार्यसम्पादन समितिको बैठक आह्वान गरिएको छ। एकतर्फी रूपमा अघि बढेको विशेष महाधिवेशनको समीक्षा गर्न बैठक आह्वान गरिएको कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए। 'शीर्ष नेताहरूको छलफलबाट एउटा निष्कर्ष निस्कन्छ,' उनले भने। त्यसअघि बिहीबारका लागि तय भएको छलफल भने देउवाले मुख्यसचिव पौडेलमार्फत स्थगित गरेका थिए।

अर्कोतर्फ विशेष महाधिवेशनको सन्दर्भमा शुक्रबार नै पत्रकार सम्मेलनसमेत आयोजना गरिएको छ। यसैबिच विशेष महाधिवेशनका लागि राजनीतिक प्रतिवेदन लेख्न महामन्त्री थापा धुलिखेल गएको उनीनिकट एक नेताले बताए। अर्का महामन्त्री शर्माले नेताहरूसँग विशेष महाधिवेशनबारे छलफल गर्नेछन्।

विशेष महाधिवेशन बोलाउँदा महामन्त्रीद्वयको तर्क के छ ?

संस्थापन पक्षको सहमतिविनै विशेष महाधिवेशन गर्नु केन्द्रीय कार्यालयको जिम्मेवारी भएको महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माको जिकिर छ। संयुक्त विज्ञप्ति जारी गर्दै थापा र शर्माले आगामी बैठकबाट अनुमोदन गर्ने गरी नियमित महाधिवेशन स्थगित गरिएको जानकारी गराएका छन्। यद्यपि, सर्वसम्मतिले विशेष महाधिवेशनको कार्य अघि बढाउने उनीहरूको दाबी छ। '५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरी केन्द्रीय कार्यालयमा दर्ता गराएको विशेष महाधिवेशनको मागलाई सम्बोधन गर्ने प्राथमिक विकल्प नियमित महाधिवेशन नै थियो। तर, नियमित महाधिवेशन निर्धारित समयमै सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएपछि फेरि पनि विकल्पका रूपमा विशेष महाधिवेशन नै अघि आएको छ,' थापा-शर्माले विज्ञप्तिमा भनेका छन्, 'अतः पार्टी विधानको दफा १७(२) बमोजिम विशेष महाधिवेशनसम्बन्धी मागलाई सम्बोधन गर्नु केन्द्रीय कार्यालयको जिम्मेवारी हो। उक्त जिम्मेवारीअन्तर्गतका कार्यहरू सम्भव भएसम्म सर्वसम्मतिले अगाडि बढाइनेछ।'

क्रियाशील सदस्यता नवीकरणको काम अन्तिम चरणमा पुगेको जानकारी गराउँदै थापा र शर्माले नयाँ क्रियाशील सदस्यताको इन्ट्री निरन्तर जारी राख्न मातहतका कमिटीलाई निर्देशनसमेत दिएका छन्। 'महाधिवेशनको मिति तय भइसकेपछि क्रियाशील सदस्यता नवीकरण अन्तिम चरणमा आइपुग्दा समग्रमा पाँच लाख ७९ हजार ३९५ क्रियाशील सदस्यता नवीकरण सम्पन्न भएको छ। बाँकी रहेका खोटाङ, बारा, कञ्चनपुर र कैलाली जिल्लामा जिल्ला कार्यसमितिबाट नवीकरण प्रक्रिया टुंगिएपछि कुल नवीकरण संख्या करिब ६ लाखभन्दा बढी पुग्ने अनुमान छ,' उनीहरूको विज्ञप्तिमा छ, 'यस अवधिमा एक लाख ९५ हजार ७३७ नयाँ क्रियाशील सदस्यता इन्ट्री भएको छ। अन्य जिल्ला तथा जनसम्पर्क समितिहरूबाट पनि नयाँ सदस्यता इन्ट्रीको कार्य निरन्तर भइरहेको छ। नियमित महाधिवेशन तथा यससँग सम्बन्धित अन्य कार्यतालिका स्थगित भएको अवस्थामा पनि नयाँ क्रियाशील सदस्यता इन्ट्रीको कार्य निरन्तर जारी राख्न सबै तहलाई निर्देश गरिन्छ।'

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बालाजु, काठमाण्डौ

शिलबन्दी प्रस्तावको प्राविधिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०९/१८ गते शुक्रबार

यस कार्यालयको मिति २०८२/०८/२६ मा प्रकाशित शिलबन्दी प्रस्ताव आव्हानको सूचना, मिति २०८२/०९/१३ गते सूचना प्रकाशन गरी खरिद प्रक्रियाका चरणहरु स्थगन भएकोमा सम्मानित उच्च अदालत, पाटनको मिति २०८२/०९/१४ गतेको मुद्दा नं. ०८२-WO-०९९५ बमोजिमको अन्तरिम आदेश समेतको आधारमा खरिद प्रक्रिया सूचारु गरी मिति २०८२/०९/२० गते आईतबार अपरान्ह २:०० बजे कार्यालयमा शिलबन्दी प्रस्तावको प्राविधिक प्रस्ताव खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

कार्यालय प्रमुख

Pachrauta Municipality
Office of Municipal Executive
Benauli, Bara

Letter of Intent

Date : 2082-09-18

Syaran B.G.Construction Pvt.Ltd
Birgunj-11

Subject: Issuance of Letter of Intent to award the contract NCB/PMUN/W/15/2082-83

This is to notify you that, it is our intention to award the contract for execution of the Wada no.9 bhari aawasakta anusar sadak dhalan tatha nala nirman to you as your bid price 8678013.11 NRS, as corrected and modified in accordance with the instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

Basantraj Joshi
Chief Adminstrative Officer

सडक विभाग
सडक डिभिजन सुर्खेत

प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने सूचना

(प्रकाशित मितिः२०८२/०९/१८)

यस सडक डिभिजनबाट मिति २०८२/०७/०९ गतेको 'नयाँ पत्रिका' राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. TNN3/082/83 तथा www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काको लागि म्याद भित्र दर्ता भएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्तावहरु मद्रल्यांकन गरिदा तपसिल अनद्रसारका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भई यो ग्यताको आधारमा सफल भएको हद्दँदा सार्वजनिक खरिद नियमावलीको नियम ३१ (ज) को (४) र (५) अनद्रसार आर्थिक प्रस्ताव मिति २०८२-०९-२५ दिनको १०.०० बजे यस कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

सि. नं.	ठेक्का नं.	प्राबिधिक प्रस्ताव मुल्यांकनबाट छनौट भएका बोलपत्रदाताहरु
1	RDSKT/33701138-4/082/83-12	M/S Sushant- Birat- Bijaya J.V, Dailekh
		M/S Gangamala Nirman Sewa, Surkhet
		M/S Panta/ Rabindra/ Chamunda JV, Surkhet
		M/S PS Construction, Surkhet
2	RDSKT/33701138-4/082/83-14	M/S Manik-Bhagwati-Konda JV, Surkhet
		M/S Osnap-Jigyashu JV, Kathmandu
		M/S RB/BNP JV, Surkhet
		M/S KUSHAL AND SAHIL/B.R.T. /BIKENDRA JV, Pokhara
		M/S Birat-PL-Vinci JV, Kalikot

डिभिजन प्रमुख

१० अर्ब...

पृष्ठ १ बाट क्रमशः

सुनिश्चितता आएको हो। बजेट सुनिश्चित भएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीले केही दिनमै म्यादी प्रहरी भर्ना प्रक्रिया अघि बढाउने तयारी गरेका छन्। सुरक्षा निकायको ढुवानी खर्च भने निर्वाचन आयोगमार्फत उपलब्ध गराइने गरी बजेट व्यवस्था गरिएको छ।

अर्थ मन्त्रालयले उपलब्ध गराएको बजेटमध्ये करिब आठ अर्ब निर्वाचन प्रहरी (म्यादी प्रहरी)मै खर्च हुने भएको छ। नेपाल प्रहरीमार्फत भर्ना हुने करिब एक लाख ३३ हजार म्यादी प्रहरीका लागि सात अर्ब १३ करोड २५ लाख छुट्याइएको छ।

त्यस्तै, सशस्त्र प्रहरीमार्फत निर्वाचन प्रहरीका लागि ८० करोड ८४ लाख रुपैयाँ विनियोजन गरिएको छ। सशस्त्र प्रहरीमार्फत करिब १५ हजार म्यादी प्रहरी भर्ना गर्न सरकार सहमत भएको छ। निर्वाचनमा सशस्त्र प्रहरीले दोस्रो घेरामा रहेर सुरक्षामा सघाउनेछ।

दोस्रो घेरामा परिचालन हुने जनशक्ति सीमित हुने भएकाले सशस्त्र प्रहरीले पूर्वकर्मचारीसमेतलाई म्यादी प्रहरीमा भर्ना गरी परिचालन गर्ने तयारी गरेको हो। नेपाल प्रहरी र सशस्त्र प्रहरीमार्फत म्यादी परिचालनको मापदण्ड शुक्रबार स्वीकृत भएपछि प्रक्रिया टुंगो लाग्ने गृह मन्त्रालयले जनाएको छ। यसअघि ०६४ को निर्वाचनमा पनि सशस्त्र प्रहरीले साबिकको म्यादी प्रहरी भर्ना गरी परिचालन गरेको थियो। यसपटक पनि सशस्त्र प्रहरीमार्फत भर्ना हुने म्यादी प्रहरीको परिचालन र पोसाक छुट्टै हुने विषयमा छलफल भइरहेको छ। तर, सुविधा भने दुवैतर्फबाट भर्ना हुनेले बराबर पाउने व्यवस्था गरिएको छ।

प्रहरीले प्रहरी तथा म्यादीका लागि स्थानीय भत्तासहितको प्रस्ताव गरेको थियो। तर, सबै प्रकारका भत्ताको शीर्षक कटौती भएर आएको गृहका एक अधिकारीले बताए।

कोइला बालेर...

पृष्ठ १ बाट क्रमशः

बिहीबार बेहोस अवस्थामा फेला परे। ताराकी ३८ दिनकी शिशु प्रतीक्षा बुढा भने मृत फेला परेकी हुन्। 'सुतेको कोठामा कोइला बालेको फेला परेको छ। धुवाँ जाने कतै ठाउँ नभएकाले गुम्सिएर ३८ दिनको बच्चा (छोरा) को मृत्यु भएको र दुईजना बेहोस भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ,' सुर्खेत प्रहरी प्रमुख एसपी सुधीरराज शाहीले बताए।

उनका अनुसार बिहीबार बिहान ९ : ४५ बजेसम्म पनि कोठा बन्द रहेको देखेपछि घरबेटी मानबहादुर चन्दले बोलाउन जाँदा ताराका १० वर्षीय छोरा प्रकाश बुढाले ढोका खोलेका थिए। 'धेरैबेर ढोका ढकढक्याएपछि १० वर्षको बच्चाले ढोका खोलेका रहेछन्। उनी निन्द्रामा रहेछन्,' एसपी शाहीले भने, 'ढोका खोल्दा संगम र आमा बेहोस अवस्थामा फेला परे। ३८ दिनको बच्चा प्रतीक्षा मृत फेला परिन्।' घटनाको बारेमा घरबेटीले प्रहरीलाई खबर गरेपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतको टोलीले उनीहरूलाई उपचारका लागि सुर्खेतस्थित कर्णाली प्रादेशिक अस्पताल लगेको थियो। तर, त्यहाँ उपचार हुन नसकेपछि थप उपचारका लागि नेपालगन्ज रेफर गरिएको थियो। तारा र संगमको होस खुलेको र उपचार भइरहेको बाँके प्रहरीले जनाएको छ। ताराका श्रीमान् वैदेशिक रोजगारीको सिलसिलामा खाडी मुलुक रहेको खुलेको एसपी शाहीले बताए।

टायल्स...

पृष्ठ १ बाट क्रमशः

पोकिङ फ्लोरमा एकैठाउँमा गत्ता ओछ्याएर सुतेको अवस्थामा मृत फेला परेको पश्चिम नवलपरासी प्रहरी प्रमुख एसपी अनुपम श्रेष्ठले बताए। शरीरमा बाहिरी कुनै चोट नदेखिएको प्रहरीले जनाएको छ।

यही घटनाका कारण भटौलिया क्षेत्र दिनभर तनावग्रस्त बनेकामा उद्योग बन्द गरेर छानबिन गर्ने सहमतिपछि साँझ मात्र शव उठेको छ।

पश्चिम नवलपरासी प्रहरीका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सुशील घिमिरेले उद्योग सिल गरेर घटनाको अनुसन्धान गर्ने सहमति पछि आफन्तले शव बुझेको बताए। शव पोस्टमार्टमका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा राखिएको छ।

उद्योगका जनसम्पर्क वरिष्ठ प्रबन्धक रमेश न्यौपानेले ग्यास लिग नभई कोठामा सुतेको अवस्थामा अक्सिजनको कमी भएर मृत्यु भएको हुन सक्ने बताए। स्थानीय बासिन्दा र पीडित परिवारका आफन्तले उद्योग घेराउ गर्दै दिनभर प्रदर्शन गरेका थिए।

मृत्यु भएको बिहानै जानकारी भए पनि उद्योग प्रशासनले प्रहरी र मृतकका आफन्तलाई बिहान ८ बजेपछि मात्र खबर गरेका थिए। उद्योग प्रशासनले प्रहरी र आफन्तलाई खबर गर्न ढिलो गरेपछि घटना थप शंकास्पद देखिएको स्थानीयको आरोप छ।

■ सामाखुसीबाट बरामद सुन, चाँदी र सवा चार करोड नगद प्रकरण

श्रेष्ठविरुद्ध दुईदेखि १० वर्षको कैदसहित १९ करोड ३२ लाख बिगो माग

बुधबार प्रहरीले पनि सम्पत्ति जफत र पाँच वर्ष कैदसहित १५ करोडको बिगो माग गर्दै दायर गरेको थियो मुद्दा

टेकराज थामी/नयाँ पत्रिका

प्रहरीले साढे नौ किलो सुन, साढे तीन किलो चाँदी र सवा चार करोड रुपैयाँ नगदसहित पक्राउ परेका गोरखाको गोरखा नगरपालिका-६ का ७८ वर्षीय विनोदकुमार श्रेष्ठविरुद्ध सम्पत्ति शुद्धीकरण कसुरअन्तर्गतको मुद्दा दर्ता गरेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले जिल्ला सरकारी वकिल कार्यालय ललितपुरमार्फत जिल्ला अदालत ललितपुरमा दर्ता गरेको अभियोगपत्रअनुसार उनीविरुद्ध बरामद सम्पत्ति जफतसहित १९ करोड ३२ लाख ३८ हजार २६९ रुपैयाँ बिगो माग र दुईदेखि १० वर्षसम्मको कैद सजाय माग गरिएको छ। उनले आर्जन गरेको सम्पत्तिको भरपर्दो स्रोत नखुलेपछि विभागले उनीविरुद्ध सम्पत्ति शुद्धीकरण कसुरअन्तर्गतको मुद्दा दर्ता गरेको हो।

> विनोदकुमार श्रेष्ठबाट बरामद सुन, चाँदी र नगदको स्रोत खोजी भयो। तर, कुनै पनि भरपर्दो स्रोत फेला परेन। त्यसो हुँदा उनीविरुद्ध बिहीबार शुद्धीकरण कसुरअन्तर्गतको मुद्दा दर्ता भएको छ। सबै गरी उनीविरुद्ध झन्डै साढे १९ करोडको बिगो माग भएको छ।

जिल्ला सरकारी वकिल कार्यालय ललितपुरका जिल्ला न्यायाधिवक्ता जनकप्रसाद घिमिरेले बरामद सम्पत्तिको स्रोत नखुलेपछि पक्राउ परेका श्रेष्ठविरुद्ध शुद्धीकरण कसुरअन्तर्गतको मुद्दा दर्ता भएको बताए। उनले भने, 'विनोदकुमार श्रेष्ठबाट बरामद सुन, चाँदी र नगदको स्रोत खोजी भयो। तर, कुनै पनि भरपर्दो स्रोत फेला परेन। त्यसो हुँदा उनीविरुद्ध बिहीबार शुद्धीकरण कसुरअन्तर्गतको मुद्दा दर्ता भएको छ। सबै गरी उनीविरुद्ध झन्डै साढे १९ करोडको बिगो माग भएको छ। त्यसबाहेक सम्पत्ति जफत र कैद सजायको पनि माग गरिएको छ।'

अदालतमा दर्ता भएको अभियोगपत्रअनुसार श्रेष्ठले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ विपरीतको कसुर गरेको अनुसन्धानबाट देखिएको छ। ऐनको दफा ३ को उपदफा १ मा उक्त कसुरलाई यसरी परिभाषित गरिएको छ।

क) सम्पत्तिको गैरकानुनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदापाउँदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्न नमिल्ने।

ख) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा-पाउँदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेन्ट), स्वामित्व वा सो सम्पत्तिउपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने कार्य गर्ने।

ग) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने।

सोही ऐनको दफा ३० को उपदफा १ मा कसुरदारलाई बिगोको दोब्बर सजाय र दुई वर्षदेखि दश वर्षसम्मको कैद सजाय हुने भनिएको छ। त्यस्तै, सोही ऐनको दफा ३४ को उपदफा १ (क) अनुसार उनीहरूको सम्पत्तिसमेत जफत हुनेछ।

उक्त दफामा भनिएको छ, 'दफा ३ को उपदफा १ मा उल्लिखित सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर गर्ने व्यक्तिलाई बिगोको दोब्बर जरिवाना र कसुरको गाम्भीर्य हेरी दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ।'

जिल्ला प्रहरी परिसरले गत १७ भदौमा समाखुसीस्थित श्रेष्ठको निवासबाट ९,५८८.०६ ग्राम सुन, ३२१८.९२ ग्राम चाँदी र चार करोड २५ लाख ५० हजार रुपैयाँ नगद बरामद भएको थियो। तत्कालीन बजार मूल्यअनुसार बरामद सुनको मूल्य १४ करोड ९७ लाख ४५ हजार ५४१, चाँदीको नौ लाख ४२ हजार ७२८ रुपैयाँ कायम गरिएको थियो। अनुसन्धानपछि प्रहरीले बरामद कुनै पनि सम्पत्तिको बिल र आवश्यक कागजात फेला पार्न सकेको थिएन। त्यसो हुँदा प्रहरीले उनीविरुद्ध बुधबार १५ करोड ६ लाख ८८ हजार २६९ रुपैयाँ बिगोसहित जिल्ला अदालत ललितपुरमा मुद्दा दर्ता गरेको छ।

बागलुङका सिडिओ गुरुङसहित चारविरुद्ध भ्रष्टाचार मुद्दा

एक करोड १३ लाख बिगो मागदाबी

नयाँ पत्रिका



कुमानसिंह गुरुङ सिडिओ, बागलुङ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बागलुङका प्रमुख जिल्ला अधिकारी (सिडिओ) कुमानसिंह गुरुङविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। पर्वतको कुस्मा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत हुँदा उनले गरेको हिनामिनामा अख्तियारले बिहीबार विशेषमा मुद्दा दायर गरेको हो। गुरुङ गत वर्ष चैतदेखि बागलुङको सिडिओ छन्। मुद्दासँगै उनी पदबाट स्वतः निलम्बित भएका छन्।

आर्थिक वर्ष ०७८/७९ मा कुस्मा नगरपालिका-७ स्थित खरेहामा ज्येष्ठ नागरिक भवन निर्माण गर्दा ठेकेदारसँग मिलेमतो गरेर भ्रष्टाचार गरेको अख्तियारको दाबी छ। अख्तियारले गुरुङलाई प्रमुख प्रतिवादी कायम गरेर मुद्दा दायर गरेको हो। उनीविरुद्ध एक करोड १३ लाख ४४ हजार २१६ रुपैयाँ बिगो कायम भएको छ। यस्तै, नगरपालिकाका तत्कालीन लेखा अधिकृत कृष्णप्रसाद शर्माविरुद्ध १७ लाख दुई हजार ३४१, तत्कालीन इन्जिनियर आशिष शाक्यलाई ९६ लाख ४१ हजार ८७४ र ठेकेदार मल्ल कन्स्ट्रक्सन तथा त्यसका प्रोपाइटर लालबहादुर मल्लसँग एक करोड १३ लाख ४४ हजार २१६ रुपैयाँ बिगो मागदाबी गरिएको छ।

आव ०७८/७९ मा संघीय सरकारको विशेष अनुदान कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिक भवन निर्माणका लागि एक करोड ६६ लाख विनियोजन भएको थियो। भवन निर्माणका लागि एक करोड ४४ लाख १० हजारको लागत अनुमान तयार गरिएको थियो। ९६ लाख ३० हजारमा भवन निर्माण सम्पन्न गर्ने गरी ७ पुस ०७८ मा मल्ल कन्स्ट्रक्सन एन्ड सप्लायर्ससँग खरिद सम्झौता भएको थियो। २४ असार ०७९ मा निर्माण सम्पन्न गर्ने सम्झौतामा उल्लेख थियो।

सम्झौतापश्चात् पेस गरेको अग्रिम भुक्तानी जमानतका आधारमा १३ र २९ पुस ०७८ मा दुईपटक गरी ठेकेदारलाई २१ लाख ७६ हजार पेस्की भुक्तानी गरेको देखिएको छ। तर, तोकिएको समयसीमामा निर्माण कार्य नगरी ठेकेदार फरार भएको थियो। यस्तो अवस्थामा ठेकेदार र सप्लायर्ससँगको ठेक्का सम्झौता अन्त्य गरी नयाँ ठेक्का प्रक्रियामा जानुपर्ने थियो। तर, आब ०७९/८० मा नेपाल सरकारको विशेष अनुदान विनियोजन भएको भनी पुरानो ठेक्का सम्झौताबाट गर्नुपर्नेसमेतको कामका लागि नयाँ ठेक्का गरी निर्माण कार्य गराएको अख्तियारको दाबी छ।

निर्माणाधीन ज्येष्ठ नागरिक भवन निर्माणमा पहिलो बिलअनुसार मूल्यांकित रकमभन्दा पेस्कीसहित १२ लाख ५६ हजार बढी भुक्तानी गरेको अख्तियारको दाबी छ।

उक्त रकम भुक्तानी गर्दा कर्मचारी र ठेकेदारबिचको आपसी बदनियतपूर्ण साँठगाँठमा गैरकानुनी लाभ र स्वार्थका लागि भुक्तानी भएको देखिएको छ। सार्वजनिक खरिद नियमावलीबमोजिम पेस्कीको ब्याज चार लाख ४६ हजार ३३५ समेत १७ लाख दुई हजार ३४१ रुपैयाँ सरकारी हानि-नोक्सानी गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

ठेकेदार मल्ल कन्स्ट्रक्सनले सम्झौतामा तोकिएबमोजिम निर्माण कार्य पूरा नगरेपश्चात् सार्वजनिक खरिद ऐनबमोजिम खरिद सम्झौता अन्त्य गरी सम्झौताको सर्तअनुसार कार्यसम्पादन जमानत जफत गरी बाँकी कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकीसरह असुलउपर गरेपश्चात् मात्र नयाँ खरिद कार्य गर्नुपर्ने कानुनी प्रक्रिया जानीजानी बदनियतपूर्वक गैरकानुनी स्वार्थ लाभप्राप्तिका लागि सम्झौताबमोजिम बाँकी कार्य गर्न लाग्ने रकम असुलउपर नगरी ९६ लाख ४१ हजार ८७४ रुपैयाँ सरकारी हानिनोक्सानी गरेको अख्तियारको दाबी छ।

सुशासन मार्गचित्र तयार गर्न उच्चस्तरीय समिति

दुई महिनाभित्र सुशासनको मार्गचित्रसहित प्रतिवेदन तयार गरेर बुझाउने कार्यादेश

सुवास भट्ट/नयाँ पत्रिका

सुशासन मार्गचित्र (गुड गभर्नेन्स ब्लु प्रिन्ट) तयार गर्न प्रधानमन्त्री सुशीला कार्कीले उच्चस्तरीय समिति गठन गरेकी छिन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय महाशाखाका सचिवको संयोजकत्वमा समिति गठन भएको हो। समितिलाई दुई महिनाभित्र सुशासनको मार्गचित्रसहित प्रतिवेदन तयार गरेर बुझाउने कार्यादेश छ।

सोमबार प्रधानमन्त्री कार्कीले १५ सदस्यीय समिति गठनसम्बन्धी निर्णय गरेकी थिइन्। प्रधानमन्त्रीको निर्णयबमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विभिन्न मन्त्रालयका प्रतिनिधि, जेन-जी प्रतिनिधि, निजी क्षेत्र, गैरसरकारी तथा नागरिक समाज, विज्ञलगायत समावेश गरेर समिति गठन गरेको हो।

जेन-जी आन्दोलनको मर्म र उनीहरूसँग गरेको सम्झौताका अतिरिक्त सार्वजनिक प्रशासन एवं सेवा-प्रवाहमा जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता बढाउनेबारे सुझाव तथा सिफारिसका लागि समिति गठन आवश्यक देखिएको सरकारको ठम्याइ छ।

गत ७ पुसको मुख्यसचिवको संयोजकत्वमा बसेको सचिवस्तरीय बैठकले 'सार्वजनिक निकायमा हुन सक्ने भ्रष्टाचार वा अनियमितताको रोकथाम तथा नियन्त्रण गर्न एवं सेवा-प्रवाहलाई चुस्त, मितव्ययी, पारदर्शी, प्रविधिमैत्री र प्रभावकारी बनाउन गर्नुपर्ने सुधारका सम्बन्धमा शासकीय सुधारको 'ब्लु प्रिन्ट' तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा कार्यदल गठन गरी दुई महिनाभित्र प्रतिवेदन पेस गर्ने व्यवस्था मिलाउने' निर्णय गरेको थियो।

नेपालमा सुशासनको प्रत्याभूति र सार्वजनिक सेवा-प्रवाहमा देखिएका समस्या समाधानका लागि सुशासनको मार्गचित्र तयार गरी तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता देखिएको सरकारको ठम्याइ छ।

समिति को-को छन् ?

उच्चस्तरीय समितिमा अर्थ, गृह, संघीय मामिला तथा सामान्य प्रशासन, भौतिक पूर्वाधार तथा यातायात, भूमि व्यवस्था, सञ्चार तथा सूचना प्रविधि, राष्ट्रिय सतर्कता केन्द्रका सहसचिव सदस्य छन्। त्यस्तै, एकजना महिलासहित दुईजना जेन-जी प्रतिनिधि, निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष, सुशासनको क्षेत्रमा काम गरिरहेका गैरसरकारी तथा नागरिक समाजका तर्फबाट एक-एकजना र शासकीय सुधारविज्ञ एकजना सदस्य रहने गरी समिति गठनको निर्णय भएको छ। समितिको सदस्यसचिवमा प्रधानमन्त्री कार्यालयको शासकीय सुधार महाशाखा हेर्ने सहसचिव छन्। समितिमा आवश्यकताअनुसार कुनै पनि सार्वजनिक निकायका पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिने निर्णय भएको छ।

तोकियो कार्यविधि

समितिलाई कार्यादेशबमोजिम कार्यसम्पादनका लागि कार्यविधिसमेत तोकिएको छ। त्यसमा सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण, शासकीय तथा प्रशासन सुधारसम्बन्धी विगतका विभिन्न आयोग/समितका प्रतिवेदनहरूको अध्ययन, सुशासन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक प्रशासन तथा सेवा-प्रवाहको क्षेत्रमा संविधान, कानुन, नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि तथा महासन्धिमा भएको व्यवस्थाको अध्ययन, समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा विभिन्न निकायले तर्जुमा गरेका वा कार्यान्वयनको चरणमा रहेका नीति, रणनीति तथा कार्ययोजनाको अध्ययनलगायत छन्।

गत २४ मंसिरमा जेन-जी आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबिच सम्पन्न सम्झौताको अध्ययन, २३ र २४ भदौको जेन-जी आन्दोलनपश्चात् विभिन्न मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेको तत्काल सुधार योजनाको अध्ययन, सार्वजनिक निकायहरूको स्थलगत अवलोकन, विषय विज्ञ एवं सरोकारवालासँग छलफल, अन्तर्क्रिया र सुझाव संकलन र समितिले उपयुक्त देखेका अन्य उपायहरू अवलम्बन गर्न सक्ने गरी कार्यविधि तय गरिएको छ।

■ समितिको सदस्यसचिवसमेत रहेका शासकीय सुधार महाशाखा प्रमुख **भीष्मकुमार भुसाल** भन्छन्-



भ्रष्टाचारको अन्त्य, सेवाप्रवाहको प्रभावकारिता र सुशासनको विषय उठाएर जेन-जी आन्दोलन भयो। जेन-जी प्रतिनिधिसँग सरकारले गरेको सम्झौतामा पनि यी विषय उल्लेख छन्। हाम्रो प्रशासन संयन्त्रको सुधारको विषय पनि छँदै छ। यिनै पाटोसँगै नयाँ पुस्ता र प्रणालीभित्रको चाहनालाई समेटेर निजी क्षेत्र, नागरिक समाजलगायतका सुझावलाई हृदयंगम गरेर अध्ययन विश्लेषणसहित कार्यान्वयनयोग्य सुझाव समितिले दिनेछ।

शासकीय सुधारका लागि तत्काल र समयबद्ध हिसाबमा के-के गर्न सकिन्छ भनेर वर्गीकरणसहित समितिले प्रतिवेदन दिनेछ।

यस्तो छ समितिलाई दिएको ६ बुँदे कार्यादेश

- तीनै तहका सरकारी निकाय र सार्वजनिक संस्थानमा भ्रष्टाचार हुन सक्ने क्रियाकलाप, क्षेत्र, कारण आदिको पहिचान गर्ने।
- सार्वजनिक सेवा-प्रवाह गर्ने तीनै तहका सार्वजनिक निकायसँग सम्बन्धित कानुनी, नीतिगत, संस्थागत, जनशक्ति, प्रक्रियागत व्यवस्था, सोको कार्यान्वयनको अवस्था र समस्याको पहिचान गर्ने।
- सेवा-प्रवाहमा सरलीकरण एकद्वार सेवा केन्द्र, विद्युतीय सुशासनको अवलम्बन, खुला सरकार, कार्यप्रक्रियाको पुनः इन्जिनियरिङलगायतबाट सेवाको लागत र समय घटाउने, सार्वजनिक सेवालाई अनुमानयोग्य बनाउने र सेवाको गुणस्तर अभिवृद्धि गर्न गर्नुपर्ने क्रियाकलापका सम्बन्धमा सुझाव दिने।
- सार्वजनिक निकायमा हुने भ्रष्टाचारको नियन्त्रण र सार्वजनिक सेवालाई चुस्त, मितव्ययी, जवाफदेही, प्रभावकारी बनाई जनविश्वास कायम गर्न र सुशासनको प्रत्याभूति दिन गर्नुपर्ने कानुनी, नीतिगत, संस्थागत/संरचनागत र प्रक्रियागत सुधारका सम्बन्धमा सुझाव दिने।
- भ्रष्टाचार रोकथाम र नियन्त्रणका लागि राष्ट्रसेवक कर्मचारीको व्यवस्थापन, आचरण, तालिम, दण्ड तथा पुरस्कार/उत्प्रेरणा आदि क्षेत्रमा गर्नुपर्ने सुधारबारे सुझाव दिने।
- समितिले आवश्यक ठानेका नेपालमा सार्वजनिक प्रशासनमा हुने भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा गर्नुपर्ने सुधारबारे सुझाव दिने।

संक्षेप

कतारका जेलमा रहेका १३ नेपालीलाई आममाफी

काठमाडौं/ कतारले त्यहाँका जेलमा रहेका १३ जना नेपाली बन्दीलाई आममाफी दिएको छ। कतारको राष्ट्रिय दिवस तथा अन्तर्राष्ट्रिय अधिकार दिवसका अवसरमा कतारका अमिरको आदेशअनुसार उनीहरूलाई आममाफी दिएको परराष्ट्र मन्त्रालयले जनाएको छ। उनीहरूको विस्तृत विवरण भने सार्वजनिक भएको छैन।

'कतारको राष्ट्रिय दिवस तथा अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको शुभअवसरमा १३ जना नेपाली बन्दीलाई उदारतापूर्वक प्रदान गरिएको अमिरी आममाफीका लागि नेपाल सरकार, कतार राज्य सरकारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछ,' परराष्ट्रले भनेको छ। परराष्ट्रका अनुसार कतारसहित मध्यपूर्व एवं मलेसियालगायत देशको जेलमा चार सयभन्दा बढी नेपाली छन्। 'मानवीय आधारमा प्रदान गरिएको यस क्षमादानलाई नेपाल र कतार राज्यबिच विद्यमान द्विपक्षीय सम्बन्धमा रहेको मित्रता र सौहार्दता अझ सुदृढ हुँदै गएको स्पष्ट अभिव्यक्तिका रूपमा मन्त्रालयले उच्च मूल्यांकन गरेको छ,' परराष्ट्रले भनेको छ, 'कतारस्थित नेपाली समुदायप्रति कतारी निकायहरूद्वारा निरन्तर देखाइएको सहयोग, सद्भावना र समर्थनप्रति नेपाल सरकार आभार व्यक्त गर्दछ तथा आगामी दिनहरूमा दुवै देशबिचको मैत्रीपूर्ण सम्बन्ध अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गर्दछ।'

ब्रिटिस कलेजको बदमासी छानबिन गर्दै शिक्षा मन्त्रालय

काठमाडौं/ थापाथलीस्थित दी ब्रिटिस कलेजले विद्यार्थीलाई इन्टर्न गराउने नाममा दुबई पुऱ्याएर अलपत्र पारेपछि शिक्षा मन्त्रालयले छानबिन सुरु गरेको छ। होटेल म्यानेजमेन्टका १९ जना विद्यार्थीलाई कलेजले दुबई पठाएर अलपत्र पारेपछि पीडित विद्यार्थीले मन्त्रालयमा उजुरी दिएका थिए। विद्यार्थीबाट प्रयोगात्मक सिकाइका लागि भन्दै सात लाख रुपैयाँ लिएर दुबईमा अलपत्र पारेको भन्दै अभिभावकले मंगलबार कलेजको गेट तोडफोडसमेत गरेका थिए। उनीहरूले कलेजको बदमासीले विद्यार्थीले दुःख पाएको बताएका छन्। कलेजले एउटा काम भनेर दुबई पुऱ्याएको र त्यहाँ पुगेपछि भनेजस्तो काम नभएपछि केही विद्यार्थी नेपाल फर्किसकेका छन्। ती विद्यार्थीलाई २३ भदौमा कलेजले दुबई पठाएको थियो। तर, तीमध्ये १० जना विद्यार्थी १५ मंसिरमा नै नेपाल फर्किसकेका छन्। उनीहरूले कलेजले इन्टर्नसिपका नाममा तनाव दिएको भन्दै शिक्षा मन्त्रालयमा निवेदन दिएका छन्। इन्टर्न पठाउँदा कलेजले लिएको पैसा अभिभावकले माग गरे पनि कलेजले फिर्ता दिएको छैन। त्यसपछि अभिभावकले शिक्षा मन्त्रालयको उच्च शिक्षा शाखा पुगेर निवेदन दिएका छन्। शिक्षामन्त्री महावीर पुनले यस सम्बन्धमा निर्देशन दिइसकेको बताए। 'कलेजले विद्यार्थीलाई इन्टर्नमा पठाउने भनेर ठगी गरेको गुनासो आएको थियो, यसमा हामीले नियमन गरिरहेका छौं, नियमअनुसार गर्नुस् भनेर कलेज प्रशासनलाई भनेका छौं, विद्यार्थी यहाँ आउनुभएको थियो, हामीले कलेज पक्षकालाई पनि यही बोलाएर विद्यार्थीको समस्या समाधान गर्न भनेका छौं,' उनले भने, 'विद्यार्थीलाई अन्याय गरेको पुष्टि भए कारबाही हुन्छ।'

सत्यनारायणलाई सहयोग गर्नेहरू बढ्दै

लहान/ मजदुरी गर्दै अध्ययन गरेर एमबिबिएसको पूर्ण छात्रवृत्तिमा नाम निकालेका सिराहा बरियारपट्टी गाउँपालिका- २ श्रीपुर गाउँका सत्यनारायण साफीलाई आर्थिक सहयोग गर्नेहरू बढ्दै गएका छन्। उनलाई व्यवसायी, राजनीतिकर्मी, स्थानीय सरकारलगायतले घरमै पुगेर आर्थिक सहयोग उपलब्ध गराइरहेका छन्। छात्रवृत्तिमा नाम निस्किए पनि आगामी दिनमा होस्टेल, किताब, स्टेसनरी, लत्ताकपडालगायतको खर्च कसरी जोहो गर्ने भन्ने चिन्ताले पिरोलिएका उनलाई एक सातायता घरमै पुगेर आर्थिक सहयोग गर्नेदेखि बधाई दिनेहरू बढ्दै गएका छन्। लहानका सुनचाँदी व्यवसायी विकास साहडाले ४६औं जन्मदिनका अवसरमा साफीको घरमै पुगेर एमबिबिएस अध्ययन नसकिन्जेल पाँच वर्षसम्म हरेक महिना १० हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेका छन्। उद्योग वाणिज्य संघ लहानका अध्यक्ष, सुनचाँदी व्यवसायी संघका केन्द्रीय सदस्यसमेत रहेका उनले पाँच वर्षमा ६ लाख रुपैयाँ सहयोग गर्ने बताए।

वनभोज खान हेटौंडाबाट हेलिकोप्टरमा सिराहा पुगे बागमतीका मुख्यमन्त्री बानियाँ

लहानमा **मणिलाल विश्वकर्मा**



बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ वनभोज खान हेटौंडाबाट हेलिकोप्टरमार्फत सिराहा पुगेका छन्। कांग्रेस सिराहाले नयाँ वर्ष, २०२६ का अवसरमा बिहीबार धनगढीमाई नगरपालिका- १४ सर्रे अम्बासमा आयोजना गरेको वनभोजमा उनी हेलिकोप्टर चढेर पुगेका हुन्। कांग्रेस सिराहा सभापति रामचन्द्र यादवले उनलाई वनभोजमा निम्ता गरेका थिए।

वनभोजमा मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, स्वास्थ्य तथा जनसंख्यामन्त्री जंगीलाल राय, कांग्रेस केन्द्रीय सदस्य पदमनारायण चौधरीलगायत नेताहरू गाडी चढेर पुगेका थिए।

मुख्यमन्त्री बानियाँले आफूलाई पार्टीको कार्यक्रममा आमन्त्रण गरेकाले निजी खर्चमा हेलिकोप्टर चढेर पुगेको बताए। 'म सिराहा कसरी गएँ, कुन खर्चमा गएँ भन्ने विषयमा मेरो सचिवालयबाट सत्य-तथ्य सार्वजनिक हुँदै छ,' उनले भने, 'मसँग सम्पर्कसमेत नगरी जनतामा नकारात्मक भ्रम सिर्जना गर्ने गरी सूचना प्रवाह भएको छ, त्यसको खण्डन गर्दछु।'

बढ्दो चिसोमा गरिब विपन्नले कष्ट झेलिरहेका वेला मुख्यमन्त्री बानियाँले हेलिकोप्टर चढेर आफूले अपराध नगरेको बताए। मुख्यमन्त्री बानियाँका प्रमुख स्वकीय सचिव मिलन पुडासैनीले व्यक्तिगत खर्चमा हेलिकोप्टरमार्फत सिराहा गएको दाबी गरे। 'मुख्यमन्त्री बानियाँ बिहीबार बिहान सिन्धुपाल्चोकको गुम्बा डाँडामा भएको जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा सहभागी हुनुभएको थियो। सिन्धुपाल्चोकबाट सिराहामा भएको पार्टीको कार्यक्रममा सहभागी हुन सडक मार्गबाट सम्भव नभएपछि उहाँले व्यक्तिगत खर्चमा हेलिकोप्टर प्रयोग गर्नुभएको हो,' उनले भने।

सशस्त्र प्रहरीको गोलीबाट रिक्साचालकको मृत्यु

सुनसरीमा **आरबी कटवाल**

कोशी गाउँपालिका- १ लौकहीमा सशस्त्र प्रहरीको गोली प्रहारबाट रिक्साचालक विजय साहको मृत्यु भएको छ। सुनसरीकै कोशी गाउँपालिका- १ पुरीटोलस्थित चेक प्वाइन्टमा बुधबार राति सशस्त्र प्रहरीको गोली प्रहारबाट उनको मृत्यु भएको हो।

प्रहरीले तस्करी नियन्त्रणका क्रममा भएको गोली प्रहारबाट साहको मृत्यु भएको बताएको छ। तर, तस्कर र सशस्त्र प्रहरीसँगको मिलेमतोमा कुरा नमिलेपछि गोली प्रहार गरेको स्थानीयको आरोप छ। सशस्त्र प्रहरीले भने तीनवटा रिक्सा सँगै आएको र रिक्साचालकहरूकै साइडबाट सुरुमा गोली प्रहार गरेपछि आत्मरक्षाका लागि गोली प्रहार गरेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक (डिएसपी) चन्द्र खड्काका अनुसार गोली प्रहार बुधबार राति १ बजेतिर भएको थियो। ड्युटीमा खटिएका सशस्त्र प्रहरीलाई रिक्सामा आएकाबाटै गोली प्रहार भएपछि जवाफी गोली प्रहार गरेको भन्ने सूचना आएको उनले बताए। 'सशस्त्र प्रहरीका अनुसार जवाफी कारबाहीस्वरूप गोली प्रहार भएको भन्ने सूचना आएको छ,' डिएसपी खड्काले भने, 'घटनास्थलको अवस्था हेर्दा गोलीका दुईवटा खोका भेटिएको छ।' उनका अनुसार घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ।

गोली प्रहार गर्ने सशस्त्र प्रहरीका हवल्दार नवराज खतिवडा पक्राउ परेका छन्। उनलाई जिल्ला प्रहरी कार्यालय सुनसरीले नियन्त्रणमा लिएको र थप अनुसन्धान भइरहेको डिएसपी खड्काले जानकारी दिए।



सशस्त्र प्रहरीको गोली लागेर विजय साहको मृत्यु भएपछि विरोध प्रदर्शनमा उत्रिएका स्थानीय।

रिक्साचालक साहको मृत्यु भएपछि आफन्त तथा स्थानीयले मुख्य राजमार्गमा प्रदर्शन गर्दा बिहीबार दिउँसो केही समय स्थिति तनावग्रस्त बनेको थियो। ठुलो संख्यामा आएका स्थानीयले ढुंगामुढा गरेपछि प्रहरीले हवाईफायरसमेत गरेको थियो। पछि प्रदर्शनलाई समाधान गर्न प्रशासन र स्थानीयबिच पाँचबुँदे सहमति भएको थियो। छानबिन समिति गठन गर्ने सहमतिपछि स्थानीयले गरेको प्रदर्शन रोकिएको छ। रिक्साचालक कोशी गाउँपालिका- १ का ४५ वर्षीय साहको शव परीक्षणका लागि बिपी कोइराला स्वास्थ्य तथा विज्ञान प्रशिक्षण प्रतिष्ठान धरान लगिएको छ।

■ पाँचबुँदे लिखित सहमतिपछि रोकियो प्रदर्शन

जिल्ला प्रशासन कार्यालय सुनसरीमा प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेको नेतृत्वमा भएको छलफलपछि प्रदर्शन रोकिएको थियो। प्रजिअ घिमिरेसहित स्थानीय तहका जनप्रतिनिधि, सुरक्षाकर्मी, पीडित तथा आफन्तलगायतको उपस्थितिमा भएको छलफलमा पाँचबुँदे लिखित सहमति भएको छ।

छलफलमा घटनाको छानबिन गरी राहतका लागि सिफारिस गर्ने र पीडित परिवारलाई रोजगारीको ग्यारेन्टी गर्नेलगायत विषय समावेश छन्। सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति गठन गरिएको छ। समितिलाई सात दिनभित्र प्रतिवेदन बुझाउन समय दिइएको छ।

त्यसैगरी छानबिन समितिको प्रतिवेदनमा सुरक्षा अधिकारीको लापरबाही देखिएमा नियमानुसारको राहत र क्षतिपूर्तिका लागि गृह मन्त्रालयमा सिफारिस गरिने सहमति भएको छ। मृतक विजय साहकी श्रीमतीलाई रोजगारी उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारीले आवश्यक पहलकदमी र सहजीकरण गर्ने सहमति भएको छ।

मृतकका छोराले सशस्त्र प्रहरीमा भर्ना हुने इच्छा राखे सशस्त्र प्रहरी बल नम्बर १ बराह बाहिनीले नियमानुसार आवश्यक सहयोग र सहजीकरण गर्ने सहमति भएको छ। मृतकको शवलाई पोस्टमार्टमका लागि नेपाल प्रहरीलाई हस्तान्तरण गर्ने र त्यसपछि परिवारले दाहसंस्कार गर्ने सहमति भएको छ। छलफल र सहमतिपछि राजमार्गमा भएको प्रदर्शन रोकिएको थियो।


जेन–जी विद्रोहको उपलब्धिमाथि प्रश्न

सरकार र राजनीतिक दलहरूले न्याय, उत्तरदायित्व र संस्थागत सुधारलाई केन्द्रमा नराखेसम्म जेन-जी आन्दोलनको उपलब्धि संस्थागत हुन सक्दैन



● रुजित काफ्ले

अग्रलेख



भदौ २३ र २४ को जेन-जी आन्दोलनपश्चात् धेरैलाई अब देशको मार्गचित्र फरक ढंगबाट अगाडि बढ्छ भन्ने विश्वास थियो । संक्रमणकालीन अवस्थापश्चात् नागरिक सरकार गठन पनि भयो । सरकार गठनपश्चात् प्रतिनिधिसभा विघटन गर्दै निर्वाचन गर्ने, गराउने उद्देश्यले २१ फागुनका लागि चुनावको मिति सार्वजनिकसमेत भयो । तर, यस विद्रोहको विहंगम समीक्षा अझै हुन सकिरहेको छैन । आन्दोलनले जुन उद्देश्य लिएको थियो, सो उद्देश्य पूर्तिका लागि अन्तरिम सरकारले स्थापित गर्न खोजेको निर्वाचन नै अन्तिम अस्त्र हो भन्ने भाष्यले के साँच्चै मुलुकमा दीर्घकालीन परिर्वतनको लहर आउँछ ? त्यसैले, आन्दोलनपश्चात्को परिवेश र हालसम्म आइपुगदा यस अन्दोलनका उपलब्धिबारे गम्भीर विश्लेषण आवश्यक छ ।

■ जेन-जी आन्दोलनपश्चात्को परिवेश

क) अन्तरिम सरकारको वैधानिकतामाथि प्रश्न : आन्दोलनपश्चात् तत्कालीन राज्यविहीनताको अवस्थामा नागरिकस्तरको अन्तरिम सरकार गठन भयो । तर, कानुनी दृष्टिले सो सरकार केवल संवैधानिक आवश्यकताको सिद्धान्तका आधारमा मात्र बनेको हुनाले वैधानिकताको धरातल कमजोर हुने नै भयो । हालसम्म पनि यस सरकारले वैधता पाउन सक्छ वा सक्दैन भन्ने नै यकिन हुन सकिरहेको छैन । सर्वोच्च अदालतमा यस विषयमा दर्जनौं रिट परेको हुँदा यस विषयमा अदालतले के बोल्छ, प्रतीक्षाकै विषय बनेको छ । सरकारले आफ्नो वैधता पुष्टि गर्न नसकेको अवस्थामा उसका हरेक निर्णयमाथि नै प्रश्न उठाएर अदालतमा रिटको चाङ लागेको छ । राजदूत फिर्ता, भूमि आयोग खारेजी, नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यको पदमुक्तिजस्ता सरकारका निर्णयलाई सर्वोच्च अदालतले बदर गरिदियो । प्रतिनिधिसभा विघटन र हालै सम्पन्न भएको नेपाल सरकार र जेन-जीबिचको सम्झौतामा समेत कारण देखाऊ आदेश जारी भएको अवस्थामा अन्तरिम सरकारको अस्तित्वको वैधानिक धरातल स्पष्ट हुन बाँकी नै छ ।

ख) प्रतिनिधिसभा विघटन र निर्वाचन : अन्तरिम सरकारले प्रतिनिधिसभा विघटन गरी केवल निर्वाचन सम्पन्न गरेर आफू सरकारबाट बाहिर निस्कने प्रयास गरिरहेको अवस्थामा अहिलेको विषम परिस्थितिमा के प्रतिनिधिसभा निर्वाचनले आन्दोलनमा उठेका मागको सम्बोधन हुन्छ भन्ने प्रश्नसमेत उठिरहेको छ । लोकतन्त्रको सुन्दर पक्ष भनेकै भयरहित वातावरणमा आवधिक निर्वाचन सम्पन्न गरिनु हो । तर, अहिलेको परिस्थितिमा निर्वाचन हुने वातावरण उपयुक्त छ वा छैन भन्ने नै यकिन भइसकेको छैन । सरकारले निर्वाचन गराउनमा जोड दिइरहेको अवस्थामा के निर्वाचनपश्चात् आउने प्रतिनिधिसभाले आन्दोलनकारीका माग र मुद्दा सम्बोधन गर्ला भन्ने प्रश्न अझै अनुत्तरित नै छ । केवल निर्वाचनपश्चात् आन्दोलनकारीको मुद्दा सम्बोधन हुन सक्ने भने पनि त्यसको सुनिश्चितता खोइ त ? २१ फागुनको निर्वाचनले राष्ट्रलाई निकास दिन्छ वा दिँदैन, त्यो फरक पाटो हो, तर तत्कालीन समयमा जेन-जी आन्दोलनको घटनाले वास्तविक न्याय प्राप्त गर्नुपर्छ भन्ने प्रथम विषय हो । सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनको मुद्दा विचाराधीन रहेको अवस्थामा प्रस्तुत विघटनको संवैधानिक व्याख्यासमेत हुन बाँकी रहेको देखिन्छ । आन्दोलनको माग सम्बोधनमा ठोस पहलकदमीका लागि वर्तमान सरकारले सुअभ्यास आरम्भ गर्नुपर्नेमा ढिलाइ गरेको आभास आमजनमानसमा अनुभव भइरहेको छ ।

ग) जाँचबुझ आयोग औपचारिकतामै सीमित हुने खतरा : जेन-जी घटनापछि जाँचबुझ आयोग बनेको भए पनि घटनामा संलग्नलाई कारबाही गर्ने अधिकार र न्याय निरुपणसमेत गर्न सक्ने अर्को उच्चस्तरीय न्यायिक आयोग गठनप्रति सरकार मौन देखिनु गम्भीर प्रश्नको विषय बनेको छ । यसको प्रमुख कारण राजनीतिक असहजता, सत्ताधारी निकायमाथि सम्भावित उत्तरदायित्वको डर तथा शक्तिशाली निर्णयकर्तालाई जवाफदेही बनाउने जोखिमबाट बच्ने प्रवृत्ति रहेको देखिन्छ । यस्तो न्यायिक आयोग गठन भएमा नियमित अदालतमा बोझ बनेका संवेदनशील, बहुपक्षीय र राजनीतिक प्रकृतिका मुद्दालाई छुट्टै संरचनामार्फत छिटो, प्रभावकारी र पीडितमुखी ढंगबाट निरुपण गर्न सकिन्थ्यो । विगतमा ०६२/६३ को जनआन्दोलनपछिका गम्भीर मानव अधिकार उल्लंघनका घटनाको सत्यतथ्य पत्ता लगाउन र न्याय सम्पादन गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्न सम्भव भयो भने अहिले पनि संक्रमणकालीन घटनाका लागि विशेष न्यायिक संयन्त्र गठन गर्न नहुने कुनै संवैधानिक वा कानुनी बाधा देखिँदैन । अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने पनि दोस्रो विश्वयुद्धपछिका गम्भीर अपराधको न्याय निरुपणका लागि न्युरेम्बर्ग ट्रायल र टोकियो न्यायाधिकरणजस्ता विशेष अदालत गठन गरिएका थिए । त्यसैले, जेन-जी विद्रोहजस्ता गम्भीर सार्वजनिक महत्त्वका विषयमा केवल जाँचबुझमै सीमित नभई कारबाही र न्याय निरुपणको अधिकारसहित उच्चस्तरीय न्यायिक आयोग गठन गर्नु न्याय, उत्तरदायित्व र जनविश्वास पुनर्स्थापनाका लागि अपरिहार्य देखिन्छ । अन्यथा, आयोगको प्रतिवेदन सार्वजनिक भए पनि विगतका अनुभवअनुसार सिफारिस कार्यान्वयन नहुने प्रवृत्तिले आयोग औपचारिकतामा मात्र सीमित बन्ने र आन्दोलनले पनि न्याय प्राप्त गर्न नसक्ने अवस्था प्रबल देखिन्छ ।

> जेन-जी विद्रोहजस्तो गम्भीर सार्वजनिक महत्त्वका विषयमा केवल जाँचबुझमै सीमित नभई कारबाही र न्याय निरुपणको अधिकारसहित उच्चस्तरीय न्यायिक आयोग गठन गर्नु न्याय, उत्तरदायित्व र जनविश्वास पुनर्स्थापनाका लागि अपरिहार्य छ

घ) जेन-जी सम्झौता र कार्यान्वयनमा प्रश्न : नेपाल सरकार र जेन-जी प्रतिनिधिबिच २०८२ साल मंसिर २४ मा भएको १०बुँदे औपचारिक सम्झौताले जेन-जी आन्दोलनलाई समकालीन सामाजिक-राजनीतिक असन्तुष्टिको वैध अभिव्यक्तिका रूपमा मान्यता दिएको छ । साथै, आन्दोलनका क्रममा घाइते तथा मृत्यु भएका व्यक्तिका परिवारलाई राहत दिने, आन्दोलनमा संलग्नमाथि अनावश्यक फौजदारी कारबाही नगर्ने, युवासम्बन्धी नीतिगत सुधारका विषयमा सरकारको प्रतिबद्धता जनाउने तथा दीर्घकालीन राजनीतिक र संवैधानिक सुधारका लागि उच्चस्तरीय संयन्त्र गठन गर्नेजस्ता विषयलाई सो सम्झौताले समेटेको छ । तथापि, यो सम्झौता आफैंमा विवादरहित छैन । केही समूहले यसलाई आन्दोलनको मूल भावना र संरचनात्मक परिवर्तनका माग पर्याप्त रूपमा सम्बोधन नगरेको आरोप लगाएका थिए । सम्झौतामा उल्लेख गरिएका कतिपय विषय संविधान संशोधन, निर्वाचन प्रणाली सुधार र राजनीतिक उत्तरदायित्वसँग प्रत्यक्ष जोडिने भएकाले तिनको कानुनी वैधता र संसदीय प्रक्रियामार्फत कार्यान्वयन कसरी हुने भन्ने प्रश्न पनि कायमै छ । कार्यान्वयन पक्ष सबैभन्दा ठुलो चुनौती बनेको छ, किनकि समयसीमा, अनुगमन संयन्त्र र जिम्मेवार निकाय स्पष्ट नहुँदा सम्झौता कागजमै मात्र सीमित हुने आशंका पनि गरिँदै छ । यसरी, जेन-जी सम्झौता युवाको आवाजलाई राज्य संरचनासँग जोड्ने महत्त्वपूर्ण पहल भए पनि यसको वास्तविक सफलता प्रभावकारी कार्यान्वयन, पारदर्शिता र समावेशी संवादमा निर्भर रहने देखिन्छ । प्रस्तुत सम्झौता नेपाल राजपत्रमा प्रकाशित भए पनि राष्ट्रपतिले त्यसमा हस्ताक्षर नगरेको अवस्था छ । यदि सम्झौताका केही विषयमा आवश्यक फेरबदल वा संशोधन गरी राष्ट्रिय राजनीतिक दल, राष्ट्रपति, प्रधानमन्त्री र जेन-जी प्रतिनिधिबिच राष्ट्रिय सहमतिसहित हस्ताक्षर भएको खण्डमा सम्झौताले मान्यता पाई निर्वाचनपश्चात् आउने प्रतिनिधिसभालाई समेत सम्झौता कार्यान्वयन गर्न बाध्यकारी दायित्व सिर्जना हुन सक्छ । यसका लागि वर्तमान सरकारले वातावरण बनाउनु आवश्यक छ ।

ङ) राजनीतिक दलको प्रवृत्ति र नियतमाथि प्रश्न : आन्दोलनपश्चात् नेपालका पुराना तथा नयाँ राजनीतिक दलको प्रवृत्ति र नियतलाई समग्र रूपमा हेर्दा सत्ताकेन्द्रित सोच, अवसरवादी व्यवहार र जनअपेक्षाप्रति सीमित संवेदनशीलता स्पष्ट रूपमा देखिएको छ । पुराना राजनीतिक दलले आन्दोलनलाई प्रारम्भमा जनअसन्तुष्टिको स्वाभाविक अभिव्यक्ति भन्दै समर्थन गरेजस्तो देखाए पनि सत्ता समीकरण सुरक्षित गर्नेबित्तिकै आन्दोलनका मूल मागलाई संस्थागत सुधारमा रूपान्तरण गर्न गम्भीर पहल गर्नुको सट्टा आन्दोलनको भावनामा खेलबाड गर्दै अभिव्यक्ति दिने, विद्यमान शक्ति संरचना जोगाउने, दोष अन्यमा सार्ने र समय बिताएर असन्तुष्टि सेलाउन दिने रणनीतिमा केन्द्रित भएको देखिन्छ । अर्कातर्फ, नयाँ राजनीतिक दलहरूले आफूलाई परिवर्तनको वाहकका रूपमा प्रस्तुत गरे पनि आन्दोलनपछि उनीहरूको व्यवहार पनि स्पष्ट र दृढ देखिएको छैन । केही नयाँ दलले आन्दोलनको भावना र भाषालाई आफ्नो राजनीतिक एजेन्डामा समेटेर्भै गरे पनि व्यावहारिक रूपमा ठोस कार्ययोजना, संस्थागत दबाब वा निरन्तर जनसम्पर्क कायम गर्न असफल भएको देखिन्छ । कतिपयले आन्दोलनलाई आफ्नो लोकप्रियता बढाउने माध्यमका रूपमा प्रयोग गर्ने झुकाव देखाएका कारण उनीहरूको नियतमाथि गम्भीर प्रश्न उठेको छ । समग्रमा, आन्दोलनपछि पुराना दलमा यथास्थितिवादी र आत्मरक्षात्मक प्रवृत्ति प्रबल देखियो भने नयाँ दलमा स्पष्ट दिशा, साहसिक नेतृत्व र दीर्घकालीन प्रतिबद्धताको अभाव देखिँदै छ । यसले आन्दोलनबाट उठेको जनआकांक्षा राजनीतिक दलहरूको व्यवहार र प्राथमिकतामा रूपान्तरण हुन नसकेको यथार्थ लुकेको छैन ।

च) जेन-जी नेतृत्वको विचलन र अन्योल : जेन-जी आन्दोलनको प्रारम्भिक चरणमा स्पष्ट उद्देश्य, सामूहिक ऊर्जा र जनसमर्थन देखिन्थ्यो । तर, समय बित्दै जाँदा नेतृत्वकर्ताको भूमिकामा रहेका प्रतिनिधिबिचमै विचलन र अन्योल देखा पर्न थालेको छ । आन्दोलन निर्णायक मोडमा पुगेपछि नेतृत्वकर्ताबाट एकीकृत दृष्टि, स्पष्ट रणनीति र सामूहिक निर्णयको अभाव देखियो । सरकारसँग वार्ता गर्ने, सम्झौता स्वीकार गर्ने वा आन्दोलनलाई निरन्तरता दिने भन्ने विषयमा नेतृत्वकर्ताबिच फरक-फरक धारणा देखिने, गुटगुटमा विभाजित हुने, मूल एजेन्डाभन्दा व्यक्तिगत पहिचान, सार्वजनिक छवि र सामाजिक सञ्जालको प्रभावलाई प्राथमिकता दिने प्रवृत्ति देखाउनेजस्ता गतिविधिले सामूहिक नेतृत्वको विश्वास कमजोर बनाएको छ । राज्य संरचनाबारे स्पष्ट ज्ञान नहुँदा भावनात्मक अभिव्यक्तिमा अल्झिने, स्वार्थ समूहको भुमरीमा फस्ने र हरेक कुराको छिटोभन्दा छिटो परिवर्तनको अपेक्षा राख्ने व्यवहारले धेरै जेन-जी समूह प्रयोगशालामा रुपान्तरण हुँदै गएका देखिन्छन् । राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखी व्यक्तिगत आग्रह र पूर्वाग्रह अन्त्य गर्दै सामूहिक सहकार्यमा वास्तविक माग र मुद्दा उठाउन जेन-जी समूह अग्रसर हुँदै राज्यलाई खबरदारी गर्नुपर्ने देखिन्छ ।

सुझाव तथा निष्कर्ष : जेन-जी आन्दोलनबाट उठेका मुद्दालाई निष्कर्षमा पुऱ्याउन अन्तरिम सरकारले निर्वाचनलाई मात्र समाधानको अचुक अस्त्र नठानी आन्दोलनका मूल माग तत्काल सम्बोधन गर्ने ठोस कार्ययोजना तय गर्न आवश्यक देखिन्छ । साथै, जेन-जी नेतृत्वले आन्तरिक एकता, स्पष्ट रणनीति र संस्थागत तयारीसहित राज्यलाई निरन्तर दबाब दिनु अपरिहार्य छ । आन्दोलनले मुलुकलाई दीर्घकालीन परिवर्तनतर्फ डोऱ्याउने आशा जगाए पनि आन्दोलनपछिको राजनीतिक व्यवहार, अन्तरिम सरकारको वैधानिक अन्योल, केवल निर्वाचनमुखी सोच, कमजोर जाँचबुझ संयन्त्र, सम्झौताको अनिश्चित कार्यान्वयन र नेतृत्वको विचलनले सो अपेक्षा पूरा हुन सक्ने सम्भावना निकै न्यून हुँदै गएको छ । न्याय, उत्तरदायित्व र संस्थागत सुधारलाई केन्द्रमा नराखेसम्म आन्दोलनको उपलब्धि प्राप्त हुन नसक्ने प्रबल खतरा छ । तत्काल खतरा निराकरण गर्न राष्ट्रिय सहमति जुटाई आन्दोलनको भावनालाई समेट्नु जरुरी छ ।

(काफ्ले कानुनका विद्यार्थी हुन्)

३ प्रश्न

नेपाल सरकारका पूर्वश्रमसचिव **केवल भण्डारी**लाई



■ भाषा परीक्षा उत्तीर्ण हुने युवाहरू पटक-पटक आन्दोलित हुने अवस्था किन आउँछ ?

कोरियाली श्रम बजारमा नेपाली युवाको आकर्षण बढी छ । कोरियाको श्रम बजार श्रमिकमैत्री छ । त्यहाँको सामाजिक सुरक्षा राम्रो छ । एकपटक गएपछि ५० महिना बस्न पाइन्छ । कमाइ पनि राम्रै छ । बदमासी र अनावश्यक खर्च नगरेमा फर्किंदा राम्रो रकम बचत हुन्छ । यही आकर्षणले गर्दा भाषा परीक्षामा मागभन्दा निकै बढी युवा सहभागी हुन्छन् । यता बढी युवा उत्तीर्ण भए पनि उताको मागअनुसार नै उनीहरूले कामदार लाने भएकाले सबै जान पाउने भन्ने हुँदैन । उनीहरूले हरेक देशका कामदारका लागि फरक-फरक निश्चित कोटा छुट्याएका हुन्छन् । नेपालका लागि पनि राम्रै कोटा छुट्याइएको छ । तैपनि, यहाँ भाषा परीक्षा उत्तीर्ण गर्नेजति सबैलाई पठाउन सक्ने अवस्था भने हुँदैन ।

■ त्यसो भए मागभन्दा बढी संख्यामा परीक्षार्थीलाई किन उत्तीर्ण गराइन्छ त ?

भाषा परीक्षामा त निश्चित मापदण्ड पूरा गर्नेजति सबै उत्तीर्ण हुने नै भए । तर, एकपटकको परीक्षामा उत्तीर्ण भएकामध्येबाट पटक-पटक गरी दुई वर्षभित्र तोकिएको क्षेत्रमा निश्चित कामदार लगिन्छ । उताको माग 'अनलिमिटेड' हुँदैन । त्यसैले, जान नपाउनासाथ झगडा गरिहाल्नु, विरोध या आन्दोलन गरिहाल्नु ठिक होइन । उनीहरूले नेपाली कामदारलाई राम्रै मान्दै आएका छन् । दुई वर्षअगाडिको विरोध र युवाको मृत्युको घटनापछि भने उनीहरू अलि बढी सचेत भएको अवस्था छ ।

■ भाषा परीक्षा उत्तीर्ण भएर पनि जान नपाएका युवाको भविष्य के होला ?

भाषा परीक्षा उत्तीर्ण हुँदैमा सबै जान पाउने सम्भावना हुँदै हुँदैन । यसरी पटक-पटक विरोध या आन्दोलन गर्न थालियो भने कोरियाली श्रम बजारमा यसको नकारात्मक प्रभाव पर्छ । आन्दोलनको खबर सञ्चार माध्यममा आउँछ । कोरियाली दूतावासले पनि रिपोर्ट गरिरहेको हुन्छ । यसले भविष्यमा कोटा कटौती हुने जोखिमसमेत हुन्छ ।

प्रेरक प्रसंग

सेवकको कोठा

जतिखेर ब्रिटेनका विश्वविख्यात वैज्ञानिक कथाकार लेखक एवं इतिहासकार एचजी वेल्स सानै थिए, उनकी आमा घरेलु नोकर्नीका रूपमा काम गर्थिन् । ठुलो भएपछि वेल्सले धेरै धन कमाए । उनले कैयौं तला भएको भव्य महल बनाए ।



एकपटक उनले घर आइपुगेका आफ्ना साथीलाई आफ्नो घर घुमाउँदै चोटाकोठा देखाए । एउटा बडो सानदार र आधुनिक सुखसुविधाले परिपूर्ण कोठा देखाउँदै वेल्सले भने, 'यो मेरो सेवकको कोठा हो ।' अर्को तलामा पुगेपछि वेल्सले एउटा साधारण कोठा देखाउँदै भने, 'यस कोठामा चाहिँ म र मेरो परिवारका सदस्य बस्छौं ।' साथी आश्चर्यचकित थिए । उनलाई अचम्म लागेको थियो । वेल्स आफूचाहिँ यति साधारण कोठामा बस्छन् र आफ्नो सेवकका लागि यति ठाँटबाँटले सजाइएको कोठा दिएका छन् । खसखस थाम्न नसकेर उनले आखिरमा सोधे, 'वेल्स, एउटा कुरा बताउनुस् त, तपाईंले आफ्नो सेवकलाई ठुलो र राम्रो कोठा बनाइदिनुभएको छ । तर, आफू भने अत्यन्त साधारण कोठामा बस्नुहुन्छ । यस्तो किन ? तपाईं आफैं तल्लो तलाको सानदार कोठामा किन बस्नुहुन्न ?'

साथीको कुरा सुनेर वेल्स गम्भीर भए र भने, 'मेरा प्रिय साथी, म सेवकलाई आफूभन्दा धेरै महत्त्वपूर्ण मान्छु, उनीहरू मेरा लागि आफूभन्दा धेरै प्रिय छन् ।' 'यस्तो किन ?' साथीले फेरि सोधे । 'किनकि साथी, म केटाकेटी छँदा मेरी आमा पनि कसैकी सेविका थिइन् ।' वेल्सका कुरा सुनेर उनका साथी गम्भीर भए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यो आन्दोलन किन ?

भाषा परीक्षा उत्तीर्ण हुनु रोजगारीको ग्यारेन्टी होइन, योग्य हुनु मात्र हो भन्ने कुरा थाहा राम्ररी थाहा छ । तर, आवश्यक कोटाभन्दा बढीलाई किन पास गरेको त ? दुई वर्षमा एकपटक पनि कम्पनीसम्म फाइल नपुगी रोस्टर सकिनुमा कसको दोष छ ? भाषा पास गर्न चानचुने मिहिनेत लाग्छ र ? पर्खाइको पीडा भोग्नलाई मात्र थाहा हुन्छ । सिप बिल्डिङको करिब तीन हजार ७०० पास भएकोमा दुई वर्ष बित्न लाग्दासमेत तीन हजार २०० युवा अझै बाँकी नै छन् । सिप बिल्डिङको रोस्टरमा मान्छे हुँदाहुँदै 'म्यानु'को रोस्टरबाट कामदार लगिँदै छ । के यो अन्याय होइन र ? सिप बिल्डिङको रोस्टरमा मान्छे हुँदाहुँदै 'म्यानु'को रोस्टरबाट कामदार लगिनु के अन्याय होइन र ? अनि केका लागि सिप बिल्डिङको रोस्टर कायम गरियो ? 'एग्री'को पनि करिब सात हजार ५०० जति पास गरेकामा ६ हजारजति अझै बाँकी नै छन् । 'सिबिटी'को पनि समस्या उस्तै छ । बारम्बार शान्तिपूर्ण तरिकाले ज्ञापन पत्र बुझाउँदा पनि नसुनेपछि युवाहरू आन्दोलन गर्न बाध्य भएका हुन् । यो कुरा सबैले बुझ्दिनुहोला । समर्थन गर्न सकिन्न भने कृपया केही नबुझेर हावाको तालमा विरोध पनि नगरिदिनुहोला । यो कुनै एक दुईजनाको आवाज होइन, हजारौं युवाको आवाज हो ।



● यमन बिजी

हेर नेपाली युवाको चेतना ? भाषा जुनसुकै देशको पढ्न र पास हुन पाइयो, कसैले रोक्दैन पनि । तर, पास हुँदैमा रोजगारदाताले सबैलाई लाँदैन । चाहिने कोटामा छानेर लाने गर्छ । यस्तै उपाध्रो गर्छन् र त 'इपिएस सिस्टम' नै खारेज हुने अवस्थातिर जाँदै छ । यस्तै अवस्था रहेमा नेपाली कामदारलाई कोरिया इन्ट्रीमै रोक्न सक्ने अवस्था पनि हुन सक्छ ।

● विवेक वाग्ले

आन्दोलन नगर । गोली चल्छ, मृत्यु हुन्छ । फेरि कोरिया कसरी जानु ? गत वर्ष दुईजनाको गोली लागेर मृत्यु भएको थाहा छैन र ?

● लक्ष्मी चन्द

हामीलाई नेताहरूले विदेश जान बाध्य बनाए भन्दै उक्रने युवा पनि फेरि त्यही विदेश नै जान नपाएर आन्दोलन गर्दा रहेछन् त !

● गोयल प्रतीक

कुनै फरक पर्दैन

१४ पुसको नयाँ पत्रिकामा दीप हल्दरको 'राजनीतिक छवि सुधार्ने दबाबमा रहमान' शीर्षकको लेख पढें । एक साहजादा थिए इन्दिरा गान्धीका- सञ्जय गान्धी । बिचरा, हवाई कलाबाजीमा सिद्धिए । अर्का साहजादा थिए खालिदा जियाका : तारिक रहमान । उनी आपराधिक कलाबाजीमा लन्डन भागे । यी साहजादाको काम नै उधुम मचाउनु थियो । साहजादाहरूको कलाबाजीले भारतमा इन्दिरा गान्धी र बंगलादेशमा खालिदा जियाको साम्राज्य ढल्यो ।

अब मौलाना मस्जिदमा फर्केका छन् । उनीसित एउटा योजना छ । कहाँ राजा भोज मार्टिन लुथर किंग जुनियर र कहाँ गंगु तेली तारिक रहमान ? बंगलादेशको सौभाग्य फर्केको छ । छेउमा हात्ती चलिरहेको छ । एकातिरबाट एउटा कुकुर भुक्दै छ । अब अर्कोतिरबाट पनि भुक्न तयार भएको छ । तर, हात्तीको हिँडाइमा कुनै फरक पर्ला जस्तो लाग्दैन ।

● डा. शिवशंकर यादव, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

हङकङको प्रेस स्वतन्त्रतामा शृंखलाबद्ध धक्का

हङकङको स्वतन्त्र प्रेसको लोकतान्त्रिक आदर्शको प्रतीक मानिने जिमी लाईमाथिको सजायले त्यो आदर्शलाई नै ठुलो धक्का दिएको छ



देश / विदेश

● याओ-ताई ली

गत साता १५६ दिनको मुद्दापछि हङकङको प्रजातान्त्रिक अभियानकर्ता र मिडिया टाइकुन जिमी लाइलाई देशद्रोह र बाह्य शक्तिसँगको मिलोमतोमा दोषी ठहऱ्याइयो । हाल जेलजीवन बिताइरहेका जिमीलाई २०२० मा लागू गरिएको देशको राष्ट्रिय सुरक्षा कानुनअन्तर्गत दोषी करार गरियो । हङकङमा २०१९ को विरोध प्रदर्शनका क्रममा जिमी र उनको स्वामित्वमा रहेको मिडिया आउटलेट एप्पल डेलीले नियमित रूपमा लोकतन्त्र समर्थक कार्यकर्ताको विचार प्रस्तुत गरेका थिए ।

यसले हङकङ र बेइजिङ सरकारको खुलेआम आलोचना गऱ्यो र पाठकलाई लोकतन्त्र समर्थक जुलुस र विरोध प्रदर्शनमा भाग लिन प्रोत्साहित गऱ्यो । एप्पल डेली र जिमी स्वतन्त्र प्रेसको लोकतान्त्रिक आदर्शको प्रतीकका रूपमा देखिए, जो सेन्सरसिपको डरलाई बेवास्ता गर्दै सत्तामा रहेकाहरूको आलोचना गर्न सक्षम भए । उनको सजायले त्यो आदर्शलाई ठुलो धक्का दिन्छ ।

प्रेस स्वतन्त्रताको अन्त्य : हङकङको राष्ट्रिय सुरक्षा कानुन लागू भएदेखिका वर्षमा प्रेस स्वतन्त्रता बिस्तारै सीमित भएको छ । लाईको सजायले यो अब पूर्ण रूपमा समाप्त भएको संकेत गरेको छ । २००२ मा रिपोर्टस विदाउट बोर्डर्सको प्रेस स्वतन्त्रता सूचकांकमा हङकङ प्रेस स्वतन्त्रताका लागि विश्वव्यापी रूपमा १८औं स्थानमा थियो । यो २००५ मा ३९औं स्थानमा झऱ्यो र त्यसपछि २०१९ मा ७३औं स्थानमा पुग्यो । २०२० मा राष्ट्रिय सुरक्षा कानुन लागू भएपछि चाँडै नै एक डरलाग्दो प्रभाव देखा पऱ्यो । धेरै लोकतन्त्र समर्थक मिडिया आउटलेट र गैरसरकारी संस्था चाँडै विघटन भए ।

यसमा एप्पल डेली र हङकङको अन्तिम विपक्षी दल डेमोक्र्याटिक पार्टीसमेत समावेश थिए । हङकङ अब विश्व प्रेस स्वतन्त्रता श्रेणीमा १४०औं स्थानमा झरेको छ । रिपोर्टस विदाउट बोर्डर्सका अनुसार हङकङको प्रेस स्वतन्त्रताको अवस्था 'खराब' वा 'धेरै गम्भीर' छ । यद्यपि, लाईको मुद्दा आत्म-सेन्सरसिपबाट केही मिडिया आउटलेट अवैध छन् भन्ने आधिकारिक दृष्टिकोणमा परिवर्तनको प्रतीक हो । यस सजायसँगै यो स्पष्ट सन्देशका रूपमा आएको छ कि असन्तुष्ट विचार सरकारलाई सह्यै हुनेछैन । हङकङ मिडियाले अब वैकल्पिक विचार र विभिन्न राजनीतिक अडानको प्रसारणका लागि माध्यमको रूपमा काम गर्दैन ।

कानुनको शासनदेखि कानुनद्वारा शासित : सामान्य कानुनको परम्परामा कानुनमा केही हदसम्म अस्पष्टता हुनु असामान्य होइन । अदालतले प्रत्येक अद्वितीय मुद्दासँग सम्बन्धित कानुनको 'आत्मा' वा 'उद्देश्य'लाई विचार गर्न सक्छन् । यसले परिस्थिति परिवर्तन हुँदा लचिलोपनलाई अनुमति दिन्छ । यद्यपि, २०२० को राष्ट्रिय सुरक्षा कानुनमा राष्ट्रिय सुरक्षा उल्लंघन गर्ने कुरालाई पूर्ण रूपमा परिभाषित गरिएको छैन । यसको अर्थ लगभग कुनै पनि विषयलाई राष्ट्रिय सुरक्षा उल्लंघनका रूपमा व्याख्या गर्न सकिन्छ । जुलाई २०२२ मा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले यस कानुन र 'राष्ट्रिय सुरक्षा'को परिभाषामा स्पष्टताको अभावप्रति चिन्ता व्यक्त गरेको थियो । यो अस्पष्टताको अर्थ कुन गतिविधिलाई बेइजिङको राजनीतिक अधिकारलाई कमजोर पार्ने कार्यका रूपमा लिने वा नलिने भन्ने अनिश्चयमा हङकङवासी छन् । लाई दोषी ठहर (४७ जना लोकतन्त्र समर्थकसँगै) हुनुले संकेत गर्छ कि 'राष्ट्रिय सुरक्षा' को सम्भावित परिभाषा



बेइजिङको एजेन्डाविरुद्ध जे पनि हुन सक्छ ।

अदालतमाथि जनताको विश्वासमा धक्का : जिमी दोषी ठहर हुनुले हङकङको न्यायिक प्रणालीमाथि जनताको विश्वासमा पनि ठुलो धक्का पुगेको छ । हङकङमा न्यायिक स्वतन्त्रतालाई संवैधानिक रूपमा आधारभूत कानुन भनेर वर्णन गरिएको छ । यस कानुनका विभिन्न धारामा उल्लेख छ :

- हङकङका अदालत स्वतन्त्र र हस्तक्षेपमुक्त छन्
- न्यायपालिकाका सदस्यलाई आफ्नो न्यायिक कार्यसम्पादनमा कानुनी कारबाहीबाट मुक्त गरिनेछ
- स्थानीय न्यायाधीश, कानुनी पेसाका व्यक्ति र अन्य क्षेत्रका प्रतिष्ठित व्यक्ति मिलेर बनेको स्वतन्त्र आयोगको सिफारिसका आधारमा प्रमुख कार्यकारीद्वारा नियुक्त गरिनेछन् ।

तर, यथार्थमा समस्या भने प्रस्टै देखिन्छ । इंग्ल्यान्ड र वेल्सको बारको स्वतन्त्र, अन्तर्राष्ट्रिय मानव अधिकार शाखा द बार ह्युमन राइट्स कमिटीले हङकङको न्यायपालिकाभित्र मुद्दालाई कसरी तोकिन्छन् भन्नेबारे पारदर्शिताको अभावबारे चिन्ता प्रकट गरेको छ । राष्ट्रिय सुरक्षा मुद्दाका लागि पनि न्यायाधिकरण प्रक्रिया छुट्टै छन्, जसको अध्यक्षता न्यायाधीशहरूको तोकिएको प्यानलले गर्छ । यी न्यायाधीशलाई राजनीतिक रूपमा नियुक्त राष्ट्रिय सुरक्षा समितिसँग परामर्श गरेर प्रमुख कार्यकारीद्वारा छनोट गरिन्छ ।

सर्वेक्षणले न्यायिक प्रणाली र अदालतको निष्पक्षता तथा कानुनको शासनबारे हङकङका नागरिकको धारणामा उल्लेखनीय गिरावट देखाएको छ । २०२० मा राष्ट्रिय सुरक्षा कानुन लागू भएदेखि यो गिरावट देखिएको छ । लाईको मुद्दाले हङकङका अदालतमा जनताको विश्वास अब छैन भन्ने संकेत गरेको छ । वास्तवमा सामाजिक सञ्जालमा लाईको समर्थनमा मुख्य नारामध्ये एक 'कानुनको शासन मरेको छ !' भन्ने हो । लाई दोषी ठहर हुनुले चिनियाँ राजनीतिक शासनलाई चुनौती दिने असफल प्रयासलाई प्रतिबिम्ब गर्छ । यसले चिनियाँ सरकारको वैधतामाथि हस्तक्षेप गर्ने कुनै पनि कार्यलाई 'अवैध' र 'राष्ट्रिय सुरक्षा' को उल्लंघन मान्न सकिन्छ भनेर देखाएको छ ।

(द कन्भर्सेसनबाट)
(ली सिङ्नीस्थित युएनएसडब्लूमा समाजशास्त्र र सामाजिक नीतिका वरिष्ठ व्याख्याता हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

बंगलादेशको चुनावमा भारतीय चासो

भारतले बारम्बार बंगलादेशमा निष्पक्ष, स्वतन्त्र र समावेशी निर्वाचनबारे आवाज उठाउँदै आएको छ। अवामी लिग, जातीय पार्टी र अन्यलाई बिएनपी र जमातसरह चुनाव लड्न अनुमति दिनुपर्छ।



बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री बेगम खालिदा जियाको मंगलबार बिहान ढाकामा निधन भयो। राष्ट्रपति जियाउर रहमानको मृत्युपछि पत्नि जियाले रहमानले खोलेको दल 'बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)' लाई सुदृढ बनाइन्। जिया तत्कालीन राष्ट्रपति हुसेन मुहम्मद एर्सादको तानाशाहीको अन्त्य गर्न र १९९१ को चुनावमार्फत बंगलादेशलाई लोकतान्त्रिक ट्र्याकमा फर्काउन सेख हसिनासँग मिलेर अघि बढेकी थिइन्। तर बिएनपी शासनकालमा भारतसँग बंगलादेशको सम्बन्ध कहिल्यै सहज भएन।

सन् २०२५ को क्रिसमसको दिन जियाका छोरा तारिक रहमानको स्वदेश फिर्ती र अहिले आमा बेगम खालिदा जियाको निधनले बिएनपीलाई आगामी फेब्रुअरीमा हुने बंगलादेशको आमचुनाव जित्ने स्थितिमा पुऱ्याएको छ। यद्यपि, बिएनपीप्रति छापा, इलेक्ट्रोनिक र सामाजिक सञ्जालका माध्यमद्वारा उत्पन्न मिडिया प्रचारमा बहकिनु आवश्यक छैन। किनकि, अधिकांश सञ्चार माध्यम युनुस शासनद्वारा पूर्ण रूपमा नियन्त्रित र व्यवस्थित छन्।



● वाणी सिक्री

दक्षिण एसियाली सञ्जालकी ट्रस्टी लेखक सिक्री बंगलादेशका लागि भारतका पूर्वउच्च आयुक्त हुन्।

बिएनपी र जमात

बिएनपी र जमात-ए-इस्लामी सन् २००१ देखि राजनीतिक सहयोगी छन्। सन् १९७२ मा सेख मुजिबुर रहमानको नेतृत्वमा अपनाइएको बंगलादेशको संविधानमा लोकतन्त्र, धर्मनिरपेक्षता, समाजवाद र राष्ट्रवादका चार स्तम्भ थिए। यसका साथै मुजिबुरले धर्ममा आधारित स्थापित राजनीतिक दललाई प्रतिबन्ध लगाए र मुक्ति युद्धको समयमा जमात-ए-इस्लामीका अमिर गुलाम आजमको नागरिकता रद्द गरे। उनी अल्पसंख्यक, महिला, बुद्धिजीवी र अवामी लिगलाई समर्थन गर्ने सबैविरुद्ध अनगिन्ती युद्ध अपराधका लागि जिम्मेवार थिए।

राष्ट्रपति जियाको नेतृत्वमा यी सबै प्रावधान उल्ट्याइए। जनरल जियाको सैन्य शासनकालमा अगस्ट १९७८ मा गुलाम आजम पाकिस्तानी राहदानीमा ढाका फर्किए। धर्मका आधारमा राजनीतिक दलमाथिको प्रतिबन्ध उल्ट्याइयो र १९७८ मा लागू गरिएको विशेष 'नागरिकता ऐन'ले लामो कानुनी लडाइँपछि सन् १९९४ मा (बेगम खालिदा जिया प्रधानमन्त्री हुँदा) अदालतको आदेशमार्फत गुलाम आजमलाई अन्ततः आफ्नो बंगलादेशी नागरिकता पुनः प्राप्त गर्न कानुनी रुपरेखा प्रदान गऱ्यो।

राष्ट्रपति जिया (तारिक रहमानका बुबा) को नेतृत्वमा बंगलादेशको संविधानमा धर्मनिरपेक्षता शब्दलाई 'सर्वशक्तिमान अल्लाहमा पूर्ण विश्वास' भन्ने वाक्यांशले संशोधन गरिएको थियो। यसले राजनीतिक इस्लामलाई वैधता दिएको थियो। आज बिएनपी आफूलाई एक मध्यमधारको पार्टी भन्छ। यो बंगलादेशमा चुनाव सम्पन्न होस् भन्ने चाहन्छ। यसकै पहलमा युनुस सरकार निर्वाचका लागि फेब्रुअरी २०२६ को मिति घोषणा गर्न बाध्य भयो। नत्र युनुसले चार वर्षसम्म चुनाव नगर्ने विचारमा थिए। उनी तथाकथित 'सुधार प्रक्रिया' पूरा भएपछि मात्र चुनाव गर्ने योजनामा थिए।

> सन् २०२५ को क्रिसमसको दिन जियाका छोरा तारिक रहमानको स्वदेश फिर्ती र अहिले आमा बेगम खालिदा जियाको निधनले बिएनपीलाई आगामी फेब्रुअरीमा हुने बंगलादेशको आमचुनाव जित्ने स्थितिमा पुऱ्याएको छ। तर, अवामी लिगविना हुने चुनाव सर्वस्वीकार्य हुने छैन भने बंगलादेशमा हाल अल्पसंख्यकविरुद्ध चलिरहेको हिंसा र क्रूरता जारी रहन सक्छ।

बिएनपीभित्रको मध्यमार्गी धारले अवामी लिगको गतिविधिमा लगाइएको प्रतिबन्धको विरोध गरेको थियो (मे २०२५ मा युनुस शासनद्वारा लगाइएको)। त्यो समूह फेब्रुअरी २०२६ को चुनावमा अवामी लिगको सहभागितालाई समर्थन गर्छ। यद्यपि, बिएनपीभित्र यो गुटको स्थिति कमजोर छ र धेरै जमात-ए-इस्लामी समर्थक छन्। बिएनपी सदस्यहरूको आधाभन्दा बढी जमात-समर्थक रहेको अनुमान गरिन्छ।

जमातसँग तारिकको निकटता

तारिक रहमान लगभग सधैं बिएनपीको जमात समर्थक गुटसँग सम्बन्धित रहे। उनी १९८० को दशकको अन्त्यदेखि राजनीतिक रूपमा सक्रिय छन्। तर, आफ्नी आमा बेगम खालिदा जियाको दोस्रो कार्यकालमा (२००१ देखि २००६ सम्म जब जमात-ए-इस्लामी प्रमुख गठबन्धन साझेदार थियो) प्रसिद्धिमा आए। यस अवधिमा तारिकले वास्तविक पिएमओको रूपमा मान्यता प्राप्त शक्ति केन्द्र हवा भवन चलाए। चटगाउँ हतियार ढुवानीमा उनको भूमिका (अप्रिल २००४) र ढाकामा सेख हसिनाको राजनीतिक र्‍यालीमा भएको ग्रेनेड आक्रमणमा (अगस्ट २००४) उनको संलग्नताबारे व्यापक रूपमा उल्लेख गरिएको छ।

यद्यपि, प्रायः चर्चामा छुट्ने कुरा के छ भनेको यी प्रत्येक घटनाको योजनामा पाकिस्तानको संलग्नता थियो, जसमा राजधानी ढाका र विदेशमा तारिक रहमानसँगको बैठकमा सहभागिता समावेश छ। सन् २००९ पछि ढाकामा आयोजित कानुनी मुद्दामा यी कुरालाई जोड दिइएको थियो। बेगम खालिदा जियाको दोस्रो कार्यकाल(२००१-०६)मा बंगलादेशमा पाकिस्तानी गतिविधि इतिहासकै उच्चतमस्तरमा थियो। १९७१ को मुक्ति युद्धपछि पहिलोपटक त्यस्ता गतिविधि देखिएका थिए। लन्डनमा १७ वर्ष लामो निर्वासनका क्रममा रहमानको जमात-ए-इस्लामी र पाकिस्तानसँगको निकटता (आइएसआईमार्फत भएको भनिएको) बढाए, जुन अहिले पनि जारी छ। यसमा सन् २०२४ को जुलाई/अगस्टमा भएको शासन परिवर्तन अभियानको योजना र कार्यान्वयन पनि समावेश छ। त्यसैले, यदि फेब्रुअरी २०२६ को चुनाव अवामी लिगको सहभागितामा बिएनपी र जमात-ए-इस्लामी प्रमुख दाबेदारको रूपमा सम्पन्न भयो भने पूर्वनिर्धारित परिणामको साथ 'मैत्रीपूर्ण लडाइँ'को रूपमा मात्र वर्णन गर्न सकिन्छ।

फेब्रुअरीको चुनावका लागि जमात-ए-इस्लामीले बंगलादेशका सबै इस्लामी दललाई एकसाथ ल्याउने दशदलीय गठबन्धन बनाएको छ। यसको दशौं सदस्य विद्यार्थी पार्टी अर्थात् एनसिपी (राष्ट्रिय नागरिक पार्टी) बनेको छ, जुन शासन परिवर्तन आन्दोलनमा सहभागी 'विद्यार्थी नेताहरू' द्वारा गठन गरिएको थियो।

२०२५ को सेप्टेम्बर १३-अक्टोबर १२ को अवधिमा अमेरिकाको इन्टरनेसनल रिपब्लिकन इन्स्टिच्युट (आइआरआई)ले आगामी निर्वाचनको सम्भावित चित्रमाथि सर्वेक्षण गरेको थियो। आइआरआई सर्वेक्षणमा प्रश्न गरिएकामध्ये बिएनपीलाई ३३ प्रतिशत र जमानतलाई २९ प्रतिशतले समर्थन जनाएका थिए। यो सर्वेक्षणले आगामी निर्वाचनको प्रतिस्पर्धा निकै रोचक र तीव्र हुने देखाउँछ। सर्वेक्षणले इस्लामी आन्दोलन बंगलादेशलाई पाँच प्रतिशत र एनसिपीको पक्षमा ६ प्रतिशत देखाएको छ। अपेक्षा गरिएअनुसार आइआरआई सर्वेक्षणले जमातको नेतृत्वमा चुनावपछिको सरकारको पक्षमा दृढतापूर्वक समर्थन गर्छ। यदि यो भयो भने बिएनपीको जमात समर्थक गुटलाई सरकारमा समायोजन गरिनेछ। यदि बिएनपीले जमातभन्दा बढी सिट प्राप्त गऱ्यो भने जुन २०२५ मा लन्डनमा मोहम्मद युनुस र तारिक रहमानबिच भएको अन्तिम सम्झौताअनुसार देशमा शासन हुनेछ।

त्यसअनुसार मोहम्मद युनुसलाई बंगलादेशको राष्ट्रपति, रहमानलाई प्रधानमन्त्री र जमात-ए-इस्लामीका अमिरलाई उपप्रधानमन्त्रीको रूपमा परिकल्पना गरिएको छ। यी प्रत्येक विकल्पले पाकिस्तानलाई बंगलादेशलाई १९७१ अघिको कमान्ड-एन्ड-कन्ट्रोल सम्बन्धमा फर्काउन पहिले नै सिर्जना गरिएको केन्द्रीय भूमिकालाई निरन्तरता दिने अवसर दिनेछ।

भारतीय चासो

भारतले बारम्बार बंगलादेशमा निष्पक्ष, स्वतन्त्र र सामावेशी निर्वाचनबारे आवाज उठाउँदै आएको छ। अवामी लिग, जातीय पार्टी र अन्यलाई बिएनपी र जमातसरह चुनाव लड्न अनुमति दिनुपर्छ। योविना बंगलादेशका जनताले चुनावी नतिजालाई अस्वीकार गर्नेछन्, र अल्पसंख्यकविरुद्धको वर्तमान अराजकता, हिंसा र क्रूरता जारी रहनेछ। अहिलेसम्म तारिक रहमानले अल्पसंख्यकविरुद्धको अठार महिना लामो निरन्तर हिंसाविरुद्ध एक शब्द पनि खर्चेका छैनन्। दिपु चन्द्र दासको पाशविक हत्याबारे पनि एक शब्द बोलेनन्। अल्पसंख्यकले सन् २००१ को चुनावपछि खालिदा जिया शासनद्वारा उनीहरूविरुद्ध गरिएको हिंसालाई कहिल्यै बिर्सेका छैनन्।

सेख हसिनाले बेगम खालिदा जियाको मृत्युमा शोक व्यक्त गर्दै यसलाई 'अपूरणीय क्षति' भनेर वर्णन गरेकी छिन्। यदि फेब्रुअरीमा हुने चुनावलाई अवामी लिग, जातीय पार्टी र अन्यसमेतको सहभागितामा स्वतन्त्र, निष्पक्ष र समावेशी हुन दिइयो भने यो बेगम खालिदा जियाको विरासतप्रति उपयुक्त श्रद्धाञ्जली हुनेछ। अवामी लिगको सहभागितामा लगाइएको प्रतिबन्धको कुनै वैधता छैन। मारिएका उस्मान सरिफ हादीको प्रशंसा गर्दै मुख्य सल्लाहकार मोहम्मद युनुसले आफूलाई पूर्ण रूपमा पक्षपाती भएको देखाएका छन्। अहिलेको आवश्यकता बंगलादेशमा स्वतन्त्र, निष्पक्ष, समावेशी र विश्वसनीय चुनावको सुनिश्चितता हो।

(एनडिटिभीबाट)

इतिहासमा आज

जनवरी २



सन् १४९२ : राजा फर्डिनान्ड र रानी इसावेलाको नेतृत्वमा रहेको क्याथोलिक फौजले ग्रनाडामा शासन गरिरहेका स्पेनका अन्तिम मुस्लिम राजा मुहम्मद बाह्रौंलाई परास्त गरेसँगै इबेरियन क्षेत्र (पश्चिम युरोप)को दशकौंदेखिको मुस्लिम शासन अन्त्य भयो।

सन् १७७६ : जर्ज वासिंटनको सेनाले प्रोस्पेक्ट हिल, चाल्सटाउनमा फहराएको झन्डा पछि अमेरिकाको राष्ट्रिय झन्डाको आधार बन्यो।

सन् १८३९ : फोटोग्राफर लुई डेगुरेले चन्द्रमाको पहिलो फोटो खिचे।

सन् १८४२ : अमेरिकामा फिलाडेल्फियामा पहिलो तारजालीबाट बनेको झोलुंगे पुल 'वायर ब्रिज एट फेयरमोन्ट (पछि स्प्रिङ गार्डेन स्ट्रिट ब्रिज)' प्रयोगमा आयो, जुन पुलले पुल निर्माणमा क्रान्तिकारी परिवर्तन गरेको विश्वास गरिन्छ।

सन् १९४७ : भारत विभाजनको पूर्वसन्ध्यामा बंगालमा बढ्दो साम्प्रदायिक हिंसाबिच महात्मा गान्धीले हिन्दु-मुस्लिम एकताको सन्देश दिन पूर्व बंगालका हिंसापीडित गाउँको भ्रमण गरे।

सन् १९५९ : सोभियत संघले लुना १ अन्तरिक्षयान प्रक्षेपण गऱ्यो।

सन् १९७४ : अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले देशका हाइवेमा वाहनको गति ५५ माइल प्रतिघन्टा (करिब ८८ किमि प्रतिघन्टा)मा सीमित गरे। ओपेक तेल प्रतिबन्धका कारण तेलको किफायती प्रयोग बढाउन यो निर्णय गरिएको थियो।

सन् २००४ : नासाको स्टारडस्ट अन्तरिक्षयानले कमेट वाइल्ड २ नजिक उडेर यसको धुलो जम्मा गऱ्यो, दुई वर्षपछि त्यो धुलो पृथ्वीमा ल्याइएको थियो।

सन् २०१९ : महिलाको प्रवेशमाथि प्रतिबन्ध लागेको केरला राज्यको सबरिमाला मन्दिरमा पहिलोपटक दुई महिला (कानुनकी अध्यापिका बिन्दु अमिनी र सरकारी कर्मचारी कनाकादुर्गा) प्रवेश गरे।

विश्व संक्षेप

भारत-पाकिस्तान द्वन्द्वमा मध्यस्थता गरेको चीनको दाबी

नयाँदिल्ली / चिनियाँ विदेशमन्त्री वाङ यीले डिसेम्बर ३० मा एक सम्बोधन गर्ने क्रममा बेइजिङले यसै वर्ष मेको भारत र पाकिस्तानबिचको चार दिन लामो सैन्य द्वन्द्वमा 'मध्यस्थता' गरेको बताएका छन्।

चिनियाँ विदेशमन्त्रीको पछिल्लो कथन ट्रम्पले यसअघि पटक-पटक भन्ने गरेको एकल मध्यस्थताको कथनविरुद्ध देखिन्छ। अमेरिकी राष्ट्रपतिले भारत र पाकिस्तानमाथि भन्सार बढाउने धम्की दिएपछि २४ घण्टाभित्र दुई देशबिच युद्धविराम भएको दाबी गर्दै आएका छन्। भारतले भने ट्रम्पको दाबी अस्वीकार गर्दै मे १० को युद्धविराम दुई देशको सैन्य कूटनीतिज्ञबिचको प्रत्यक्ष सञ्चारमार्फत सम्भव भएको बताउने गरेको छ।

बेइजिङमा सम्पन्न अन्तर्राष्ट्रिय परिस्थिति र चीनको विदेश मामिलासम्बन्धी संगोष्ठीमा बोल्ने क्रममा वाङ यीले पहिलोपटक दुई दक्षिण एसियाली देशको द्वन्द्व अन्त्य गर्न चीनले 'मध्यस्थता' गरेको बताए। विदेशमन्त्री यीले सम्बोधनको क्रममा विश्वका अन्य विभिन्न तनावग्रस्त क्षेत्रको नाम लिँदै तीलगायत 'पाकिस्तान र भारतबिचको तनाव'मा मध्यस्थता गरेको बताएका थिए। 'तनाव कम गर्ने चिनियाँ नीतिअनुरूप हामीले उत्तरी म्यानमार, इरानी आणविक संकट, पाकिस्तान र भारतबिचको तनाव, प्यालेस्टाइन-इजरायलबिचको द्वन्द्व र कम्बोडिया र थाइल्यान्डबिचको हालैको द्वन्द्वमा मध्यस्थता गर्‍यौं,' यीले भने।

गत वर्ष अप्रिल २२ मा कस्मिरको पहलगाममा आतंकवादी आक्रमणमा २६ जना तीर्थालुको हत्यापछि नयाँदिल्लीले आक्रमणकारी समूह पाकिस्तानमा आधारित रहेको आरोप लगाएका थियो। तनाव बढ्दै गएपछि भारतले मे ७ मा 'अप्रेसन सिन्दुर' नाममा पाकिस्तान नियन्त्रित कस्मिरका विभिन्न क्षेत्रमा ड्रोन र मिसाइल प्रहार गरेको थियो। चार दिनपछि मे १० मा युद्धविराम घोषणा हुनुभन्दा दुवै पक्षले एक-अर्काका भूमिमा बमबारी गरेका थिए। जुलाईमा भारतीय सेनाका उपप्रमुख लेफ्टिनेन्ट जनरल राहुल आर सिंहले पाकिस्तानको सैन्य कारबाहीमा चीनले अभूतपूर्व सहयोग गरेको बताएका थिए।

जोहरान ममदानीले कुरान छोएर लिए न्युयोर्कका मेयरको शपथ

वासिंटन डिसी / न्युयोर्कका नवनिर्वाचित मेयर जोहरान ममदानीले आफ्नो पदभार ग्रहण गरेका छन्। बिहीबार भएको शपथग्रहण समारोहमा ममदानीले कुरान छोएर शपथ लिए। योसँगै उनी कुरान छोएर शपथ लिने न्युयोर्क सहरका पहिलो मेयर बनेका छन्।

संयुक्त राज्य अमेरिकाको सबैभन्दा ठुलो महानगर न्युयोर्कका पहिलो मुस्लिम तथा दक्षिण एसियाली मूलका मेयर ममदानीले टाइम्स स्क्वायरको एक प्रयोगहीन सबवे स्टेसन (भूमिगत रेलको स्टेसन)मा आयोजित सानो कार्यक्रममा शपथ लिएका थिए।

ममदानीले शपथका लागि उनको हजुरबुबाले प्रयोग गर्ने गरेको कुरानको एक प्रति र 'न्युयोर्क पब्लिक लाइब्रेरी'बाट लिइएको करिब २०० वर्ष पुरानो कुरानको अर्को प्रति रहेको बताइएको छ।

पुस्तकालयबाट उधारो लिइएको ऐतिहासिक कुरान आर्टुरो स्कोम्बर्गको भएको बताइएको छ। अश्वेत इतिहासकार तथा लेखक स्कोम्बर्गले सन् १९२६ आफूसँग भएका चार हजार पुस्तकसँगै उक्त कुरान पुस्तकालयलाई बेचेका थिए।

सन् १८७० को दशकमा प्युटो रिकोमा जन्मिएका स्कोम्बर्ग पछि उनका अभिभावकसँग न्युयोर्क बसाइँ सरेका थिए। उनी सन् १९२० र ३० को दशकमा अश्वेतहरूको सघन बस्ती रहेको न्युयोर्कको टोल हार्लेम क्षेत्रका सांस्कृतिक जागरणका प्रमुख हस्तीमध्ये एक बनेका थिए।

उसो त कानुनी रूपमा न्युयोर्कमा मेयरहरूले धार्मिक ग्रन्थमा हात राखेर शपथ लिन आवश्यक छैन। तर, धेरैमा अधिकांश इसाई मेयरहरूले आफ्नो धार्मिक विश्वासअनुसार बाइबल छोएर शपथ लिएको इतिहास छ।

जापानलाई उछिनेर चौथो ठुलो अर्थतन्त्र बन्दै भारत

नयाँदिल्ली / जापानलाई उछिनेर विश्वको चौथो ठुलो अर्थतन्त्र बनेको भारत सरकारले वर्षको अन्त्यमा जारी गरेको आर्थिक मूल्यांकनमा उल्लेख छ। तथापि, भारत सरकारको यस तथ्यांक अन्तिम वार्षिक कुल गार्हस्थ उत्पादनको तथ्यांक सार्वजनिक भएपछि मात्र पुष्टि हुनेछ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले पनि भारतले यसै वर्ष अर्थात सन् २०२६ मा जापानी अर्थतन्त्रलाई उछिनेर विश्वको चौथो ठुलो अर्थतन्त्र बन्ने प्रक्षेपण गरेको छ।

'भारत विश्वको सबैभन्दा द्रुतदरमा बढिरहेको ठुलो अर्थतन्त्रमध्ये एक हो र आगामी दिनमा पनि यो गति कायम हुने देखिन्छ,' सोमबार अबेर भारतले जारी गरेको सरकारी आर्थिक ब्रिफिङ नोटमा भनिएको छ।

'४.१८ ट्रिलियन अमेरिकी डलरको जिडिपी मूल्यांकनका साथ भारतले जापानलाई उछिनेर विश्वको चौथो ठुलो अर्थतन्त्र बनेको छ। सन् २०३० सम्ममा देशको जिडिपी ७.३ ट्रिलियन अमेरिकी डलरको हुने अनुमान छ। आगामी अढाईदेखि तीन वर्षमा भारतले जर्मनीलाई उछिनेर तेस्रो ठुलो अर्थतन्त्र बन्ने तयारीमा छ,' ब्रिफिङमा भनिएको छ।

आइएमएफले सन् २०२६ का लागि गरेको कुल गार्हस्थ उत्पादन प्रक्षेपणअनुसार भारतको अर्थतन्त्र ४.५१ ट्रिलियन अमेरिकी डलर हुने र जापानको ४.४६ ट्रिलियन अमेरिकी डलर हुने



देखाएको छ।

कुल गार्हस्थ उत्पादनका आधारमा जापान र जर्मनीभन्दा अगाडि बन्ने अवस्थामा रहेको भए पनि भारत प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा भने ती दुवै मुलुकभन्दा निकै पछाडि छ। विश्व बैंकको पछिल्लो तथ्यांकअनुसार सन् २०२४ मा भारतको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन भने दुई हजार ६९४ अमेरिकी डलर थियो। यो जापानको ३२ हजार ४८७ डलर भन्दा १२ गुणा सानो र जर्मनीको ५६ हजार १०३ डलरभन्दा २० गुणा सानो थियो। यसअघि सन् २०२२ मा आफ्नो पूर्वऔपनिवेशिक शासक बेलायतलाई उछिनेर भारत विश्वको पाँचौं ठुलो अर्थतन्त्र बनेको थियो।

Mahottari Rural Municipality
Office of the Rural Municipal Executive
Mahottari, Mahottari

Invitation for Electronic Bids

Date of publication: 2nd Jan 2026

1. The Mahottari Rural Municipality, office of the Rural Executive invites electronic bids from eligible bidders for the following works. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system www.bolpatra.gov.np/egp.

Contract No.	Description of work	Exclusive of VAT and Contingencies	Bid Security Amount (NR)	Fee (NRs)
MAHOTTARI/GAU/NCB-05/082/83	Ward no. 2 Mahottari Tole ko Upadhaksha Ghar Najik Ra Vidyalay Jane Bato Naharma Pakki Nala Nirman	26,08,638.43	75000.00	3000.00
MAHOTTARI/GAU/NCB-06/082/83	Ward no. 4 Parikarma Sadak Lagayat anya mukhya sadakma Nala Nirman	25,38,666.34	75000.00	3000.00
MAHOTTARI/GAU/NCB-07/082/83	Ward no. 5,6 Gorigamma Durga Mandir ko Adhuro shutter Nirman	26,16,835.68	75000.00	3000.00
MAHOTTARI/GAU/NCB-08/082/83	Ward no. 6 Gonarpura ma Samudayik Bhavan Nirman	42,30,881.55	125000.00	3000.00
MRM/RM/GOODS/SQ-01	Supply and Delivery of Fabricated steel Parts for Madai Rato Parikarmasthan Truss bridge	-	50000.00	1000.00
MRM/RM/082/83/SQ-02	Ward no. 6 Gonarpura ko Adhuro Nala Nirman	13,29,616.16	38000.00	1000.00
MRM/RM/082/83/SQ-03	Ward no. 6 Gonarpura ko Bijlal Yadav ko Ghar hudai muslim tole ko sampurna sadak dhalan	13,29,077.71	38000.00	1000.00
MRM/RM/082/83/SQ-04	Ward no. 3 Madai Bidyalay Pokhari Purbali dil ko Adhuro bhagara Nirman	17,27,026.47	50000.00	1000.00
MRM/RM/082/83/SQ-05	Ward no. 3 Adhuro swastha chowki , lab bhavan finishing tatha field bybastapan	1,772,332.26	50000.00	1000.00
MRM/RM/082/83/SQ-06	Ward no. 3 Mithila Bihari Ko adhuro Nala ra sadak Nirman	17,73,228.24	50000.00	1000.00

2. Date of Pre-bid meeting, Last Date of Purchasing, Submission and Opening of Bids.

Contract No	Bid Validity Period	Last date of Submission of Bids	Opening of Bids
NCB Contracts	90 Days from Bid Opening	01/02/2026 12:00 noon	01/02/2026 13:00 PM
SQ Contracts	45 Days from Bid Opening	18/01/2026 12:00 noon	18/01/2026 13:00 PM

Name of Bank	Name of Office	Office Account No For Bid fee	Office Account No For Bid security
NMB Bank Ltd	Mahottari Rural Municipality	1150071910000036	1150071910000108

3. Detail Information About Notice shall be obtained from Online Bid Document.
4. The Employer reserves the right to accept or reject any bid, without assigning any reason, whatsoever.

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार १८ पुस ०८२

६ महिनापछि सञ्चालनमा आयो रसुवा-केरुङ नाका

उत्तरतर्फको ठुलो व्यापारिक नाका सञ्चालनमा आएसँगै व्यापारी उत्साहित, सडक मर्मत र स्तरोन्नति छिटो गर्न आग्रह

स्तरोन्नति नहुँदासम्म सडक एकतर्फी

● **राजेश पन्थी**, प्रमुख जिल्ला अधिकारी, रसुवा



बिहीबारबाट नाका सञ्चालनमा आएको छ, नागरिकहरू पास लिएर आवतजावत गर्न थालेका छन्, यताबाट खाली गाडी गएका छन्, उताबाट मालवाहक गाडी आएका छन्। अहिले पनि सुक्खा पहिरोको जोखिम छ, पानी परेका वेला सडक चल्न नसक्ने अवस्था छ, मर्मत-सम्भार तथा स्तरोन्नति नहुँदासम्म सडक एकतर्फी चल्नेछ।



कृष्ण रिजाल/नयाँ पत्रिका

गत असारमा आएको बाढीले नेपाल-चीन जोड्ने मितेरीपुल बगाएपछि बन्द भएको रसुवा-केरुङ नाका बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ। चीनले दुई देश जोड्न बनाएको बेलिब्रिजको निर्माण सम्पन्न भएसँगै नाका सञ्चालनमा आएको हो।

बिहीबारदेखि नै रसुवा-केरुङ नाका हुँदै यात्रु तथा मालवाहक सवारीसाधानको आवतजावत सुरु भएको रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले जानकारी दिए। 'आज (बिहीबार)बाट नाका सञ्चालनमा आएको छ, नागरिकहरू पास लिएर आवतजावत गर्न थालेका छन्, यताबाट खाली गाडी गएका छन्, उताबाट मालवाहक गाडी आएका छन्,' उनले भने।

गत २४ असारमा आएको बाढीले रसुवागढी-केरुङ नाका क्षतिग्रस्त भयो। उत्तरतर्फको प्रमुख व्यापारिक नाका रसुवागढीको मितेरीपुल बाढीले बगाएर सडक सम्बन्धविच्छेद भएसँगै त्यहाँबाट हुने दुई देशबिचको व्यापार तथा यात्रुको आवतजावत पूर्ण रूपमा रोकिएको थियो। क्षतिग्रस्त नाका पुनः सञ्चालनमा ल्याउने गरी चिनियाँ पक्षले तत्काल बेलिब्रिज निर्माण सुरु गरेको थियो। गत सेप्टेम्बरमै नाका सञ्चालनमा ल्याउने तयारी थियो। तर, दोम्रोपटक समेत बाढी आएपछि ढिला गरी नाका सञ्चालनमा आएको हो। काठमाडौंस्थित चिनियाँ राजदूतावासले बुधबार फेसबुकमा एक पोस्ट गर्दै दुई देश जोड्ने बेलिब्रिजको निर्माण सम्पन्न भएको र नाका छिट्टै खुल्ने जनाएको थियो।

बिहीबार निर्यात सामग्री बोकेको एउटा कन्टेनर केरुङतर्फ गएको छ। त्यस्तै, करिब २० वटा खाली कन्टेनरसमेत चीनतर्फ गएका छन्। त्यस्तै, बाढी आउनुअघि चिनिया भन्सार जाँचपास भइसकेका करिब २० वटै कन्टेनर नेपाल प्रवेश गरेका छन्। नाका सञ्चालनमा आएसँगै रसुवाबाट हुने दुई देशबिचको व्यापार पुनः सुरु भएको नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीले बताए। 'करिब पाँच महिनापछि रसुवा नाका सञ्चालनमा आएको छ, आयात-निर्यात सुरु भएको छ,' उनले भने, 'बाढी आउनुअघि केरुङमा आइपुगेका सामग्री अब क्रमशः आउनेछन्।' नाका सञ्चालनमा आएपछि व्यवसायी उत्साहित भए पनि सडकको अवस्थामा भने चिन्ताजनक रहेको उनले बताए।

■ सडक एकतर्फी मात्रै चल्ने

नाका सञ्चालनमा आए पनि नेपालतर्फ स्याफ्रुबेंसीदेखि रसुवागढीसम्मको सडक कच्ची र क्षतिग्रस्त भएका कारण मालवाहक ठुला सवारीका लागि आवतजावतमा अप्ठ्यारो हुने संघका अध्यक्ष कार्कीले बताए। सडक मर्मत-सम्भार तथा स्तरोन्नति नगर्दासम्म सहज नहुने उनले बताए।

रसुवाका सिडिओ पन्थीले स्याफ्रुबेंसीदेखि रसुवागढीसम्म सडक एकतर्फी रूपमा सञ्चालन हुने बताए। 'अहिले पनि सुक्खा पहिरोको जोखिम छ, पानी परेका वेला सडक चल्न नसक्ने अवस्था छ,' उनले भने, 'मर्मत-सम्भार तथा स्तरोन्नति नहुँदासम्म सडक एकतर्फी चल्नेछ।'



■ अर्को साता तिब्बती अधिकारी आउँदै

बाढीबाट क्षतिग्रस्त नाकाको पुनर्निर्माणलगायतको अवलोकन गर्न अर्को साता तिब्बती अधिकारीहरू रसुवा-केरुङमा आउने भएका छन्। झन्डै ६ महिना बन्द भएको नाका पुनः सञ्चालनमा आएसँगै उच्च सरकारी अधिकारीहरू नाका अवलोकनका लागि आउने कार्यक्रम रहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका एक अधिकारीले बताए।

■ चीनसँग एक खर्ब ६३ अर्बको व्यापार घाटा

चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा नेपालले चीनमा ४६ करोड ६८ लाखका वस्तु निर्यात गरेको छ। सोही अवधिमा चीनबाट एक खर्ब ६३ अर्ब ७३ करोड रुपैयाँबराबरको वस्तु आयात भएको छ। दुई देशबिचको व्यापारमा नेपालले एक खर्ब ६३ अर्ब घाटा व्यहोरेको भन्सार विभागको तथ्यांक छ।

नेपाल र चीनबिच वार्षिक सवा तीन खर्ब रुपैयाँ हाराहारीको व्यापार हुँदै आएको छ। गत आर्थिक वर्ष ०८१/८२ मा नेपालमा चीनबाट तीन खर्ब ४१ अर्ब १० करोड ४५ लाख रुपैयाँबराबरको आयात भएको छ। यस अवधिमा निर्यात भने दुई अर्ब ६३ करोड रुपैयाँबराबरको भएको विभागको तथ्यांक छ।

नेपाल र चीनबिच सबैभन्दा बढी आयात-निर्यात हुने प्रमुख व्यापारिक नाका रसुवागढी-केरुङ हो। तर, चालू आवमा आयात-निर्यात ठप्पप्रायः रहेको छ। पाँच महिनामा रसुवा नाकाबाट ४७ करोड ५६ लाखको वस्तु आयात भएको छ। निर्यात भने शून्य छ। गत आर्थिक वर्ष ०८१/८२ मा रसुवा नाका हुँदै ८५ अर्ब २३ करोड २३ लाखबराबरको आयात भएको छ जुन कुल आयातको ४.७२ प्रतिशत हो। यस अवधिमा रसुवा हुँदै दुई अर्ब चार करोड ५२ लाखबराबरको निर्यात भएको छ, जुन कुल निर्यातको ०.७४ प्रतिशतबराबर हो।

तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को २४ गते बसेको बैठकले नेपाल-चीन जोड्ने मितेरीपुल र सडकको पुनर्निर्माण गरी रसुवागढी नाका सञ्चालन गर्न परराष्ट्र मन्त्रालयमार्फत चीनसँग समन्वय गर्ने निर्णय गरेको थियो। सोहीअनुसार चीनले सुरुमा बेलिब्रिज बनाउने र पुल निर्माण सकिएपछि सडक मर्मत तथा स्तरोन्नति गरिदिने समझदारी भएको थियो।

नेपालमा अभौतिक सम्पत्ति आपराधिक क्रियाकलापसँग जोडियो : राष्ट्र बैंक

सन् २०२५ को १ जनवरीदेखि १६ जुलाईसम्म ८२ वटा सन्दिग्ध अभौतिक कारोबार भएका छन्। सन् २०२४ मा दुई सय ५२ वटा कारोबार भएका थिए।



नयाँ पत्रिका

नेपालमा क्रिप्टोकरेन्सीलगायतका अभौतिक सम्पत्तिको कारोबार आपराधिक क्रियाकलापसँग जोडिएर हुने गरेको नेपाल राष्ट्र बैंकको एक अध्ययनले देखाएको छ। केन्द्रीय बैंकको वित्तीय सूचना एकाइले तयार पारेको भर्चुअल एसेटसम्बन्धी रणनीतिक प्रतिवेदन, २०२५ सार्वजनिक गर्दै यस्तो तथ्य बाहिर ल्याएको हो।

अध्ययन प्रतिवेदनमा भनिएको छ, 'नेपालमा भर्चुअल एसेट्ससम्बन्धी गतिविधि कानुनी रूपमा निषेधित भए पनि त्यस्ता गतिविधि अवैध वैदेशिक विनिमय कारोबार (हुन्डी कारोबार), अनलाइन वित्तीय ठगी, अनलाइन जुवा, व्यवसायको वास्तविक प्रकृति लुकाई गरिने कारोबार तथा मनीम्युलको प्रयोगजस्ता आपराधिक क्रियाकलापसँग जोडिएर हुने गरेको विश्लेषणले देखाएको छ।' यस्ता गतिविधिले औपचारिक वित्तीय प्रणालीलाई छल्दै सीमापार मूल्य स्थानान्तरण, तहगत कारोबार तथा अवैध आम्दानी लुकाउने कार्यलाई सहज बनाउने जोखिम रहेको अध्ययनले देखाएको छ।

वित्तीय सूचना एकाइका प्रमुख एवं नेपाल राष्ट्र बैंकका निर्देशक वासुदेव भट्टराईका अनुसार प्रतिवेदनले भर्चुअल एसेटसम्बन्धी अनुसन्धान तथा नियन्त्रणमा देखिएका प्रमुख चुनौती उजागर गरेको छ। उनले भने, 'प्रतिवेदनले सूचक संस्थाहरू, नियामक-सुपरिवेक्षक निकाय तथा कानुन कार्यान्वयन गर्ने निकायका लागि लक्षित सुझाव प्रस्तुत गरेको छ। नेपालमा भर्चुअल एसेटसम्बन्धी कुनै पनि किसिमको कारोबार, प्रयोग, स्थानान्तरण वा लगानी प्रचलित कानुनबमोजिम पूर्ण रूपमा निषेधित छ। यस्ता गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न व्यक्ति वा संस्थाविरुद्ध सम्बन्धित कानुनअनुसार अनुसन्धान, रोक्का, जफत तथा अभियोजन प्रक्रिया अघि बढ्न सक्ने व्यहोरालाई प्रतिवेदनले स्पष्ट पारेको छ।'

भर्चुअल एसेटसम्बन्धी सन्दिग्ध कारोबार बढ्दै

वित्तीय सूचना एकाइमा रिपोर्टिङ भएको तथ्यका आधारमा हरेक वर्ष भर्चुअल एसेटसम्बन्धी सन्दिग्ध कारोबार बढ्दै गएको देखिन्छ। सन् २०२५ को १ जनवरीदेखि १६ जुलाईसम्म ८२ वटा यस्तो कारोबार रिपोर्टिङ भएका छन्। सन् २०२४ मा दुई सय ५२ वटा कारोबार देखिएको थियो।

त्यस्तै, सन् २०२३ मा एक सय ३८, सन् २०२२ मा एक सय ७३ र सन् २०२१ मा १३ वटा घटना रिपोर्टिङ भएका छन्। यसरी रिपोर्टिङ भएका अधिकांश घटना वाणिज्य बैंकमार्फत देखिएको छ। सन् २०२१ देखि २०२५ को जुलाई १६ सम्ममा कुल ६ सय घटना वाणिज्य बैंकहरूबाट भएका छन्। दोस्रोमा विकास बैंकमा ४८ वटा यस्ता घटना रिपोर्टिङ भएका छन्। ६ वटा रेमिट्यान्स कम्पनी, दुई फाइनान्स कम्पनी, एक भुक्तानी प्रणाली सञ्चालक र एक ब्रोकर कम्पनी छन्। एकाइले यस्ता प्रतिवेदनहरूमध्ये अधिकांश नेपाल प्रहरीलाई बुझाइदिने गरेको छ भने केही प्रतिवेदन राजस्व अनुसन्धान विभागमा पठाएको छ।

भर्चुअल एसेटसम्बन्धी गतिविधिमा २६ देखि ३० वर्षसम्मका उमेर समूहका

एकाइले सन् २०२२ देखि सन् २०२५ को जुलाई १६ सम्मना रिपोर्टिङ भएका एक सयवटा प्रतिवेदनलाई नमुना लिएर विश्लेषण गरेको छ। प्रतिवेदनका आधारमा भर्चुअल एसेटसम्बन्धी गतिविधिमा २६ देखि ३० वर्षसम्म समूह भएका व्यक्ति छन्। यस्तो समूहभित्रका ३५ प्रतिशत आबद्ध देखिएका हुन्। २१ देखि ३५ वर्षसम्मका उमेर समूहका २० प्रतिशत र ३१ देखि ३५ प्रतिशतसम्मका २० प्रतिशत आबद्ध भएको पाइएको छ। १६ देखि २० वर्षसम्म उमेर समूहका तीन प्रतिशत, ३६ देखि ४० वर्षभित्रका १२ प्रतिशत र ४१ प्रतिशतभन्दा बढी उमेरका १० प्रतिशत यस्तो कारोबारमा आबद्ध छन्।

यसरी भर्चुअल एसेटसम्बन्धी गतिविधिमा आबद्ध हुनेमा सबैभन्दा बढी विद्यार्थी छन्। २९ प्रतिशत विद्यार्थी छन् भने २१ प्रतिशत जागिरे र १९ प्रतिशत व्यवसायी छन्।

नेपाल राष्ट्र बैंकद्वारा गठित व्यवस्थापन समुह

समस्याग्रस्त कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडका शेयरधनीहरूको शेयरपुंजी घटाउने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२/०९/१८ गते

नेपाल राष्ट्र बैंकको मिति २०८१/०९/१० को निर्णयानुसार यस संस्थालाई समस्याग्रस्त संस्था घोषणा गरी संस्थाको व्यवस्थापन तथा सञ्चालन नेपाल राष्ट्र बैंकबाट नियुक्त व्यवस्थापन समूहबाट भईरहेकोमा सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Deligence Audit) गर्दा संस्थाको चुक्ता पुँजी क्षय भएको, दायित्व सम्पत्तिले नखाम्ने देखिएको एवम् देहायका शेयरधनीहरुबाट चुक्ता हुनुपर्ने शेयरपुँजी वापतको रकम अवैधानिक रुपमा चुक्ता भएको देखिएको हुँदा संस्थाको पुनर्संरचना गर्ने क्रममा तपसिलका शेयरधनीहरुको शेयरपुँजी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ ङ. को उपदफा (१) को खण्ड (च) तथा खण्ड (ज) र दफा ८६ ज. बमोजिम घटाई १ (एक) प्रतिशत कायम गरिएको व्यहोरा निर्णयानुसार सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

संस्थापक शेयरधनी तर्फः

क्र. सं.	शेयरधनीको नाम	शेयरधनीको बुवाको नाम	शेयरधनीको हजुरबुवाको नाम	साविकको कित्ता संख्या	हाल कायम भएको कित्ता संख्या
१.	राजेन्द्रवीर राय	रुद्र वीर राय	ईन्द्र वीर राय	0.80	0.01
२.	पशुपति दयाल मिश्रा	मिश्रिलाल मिश्रा	सुमेरदत्त मिश्रा	24,054.30	240.54
३.	तारा गुरुङ	हेमराज गुरुङ	के.वी. गुरुङ	0.72	0.01
४.	असन्त वीर राय	रुद्र वीर राय	ईन्द्र वीर राय	0.50	0.01
५.	ओमप्रताप राणा	नोधिन जङ्ग राणा	कुन्जर जंङ्ग राणा	8,154.00	81.54
६.	विष्णु प्रसाद कक्षपती	लालकुमार कक्षपती	रोहित कुमार कक्षपती	1,630.80	16.31
७.	ओम प्रकाश आजाद	रामदुलारे आजाद	खुशल सिंह आजाद	0.88	0.01
८.	रिजेन्द्र वीर राय	राजेन्द्र वीर राय	रुद्र वीर राय	239.76	2.40
९.	रुजेन्द्र वीर राय	राजेन्द्र वीर राय	रुद्र वीर राय	239.76	2.40
१०.	डा.उषा शाह	शम्सेर जीत जबरा	रन्जित जबरा	9,089.62	90.90
११.	मोहन राम मिश्रा	शंकरदयाल मिश्रा	मिश्रिलाल मिश्रा	8,991.00	89.91
१२.	शंकर दयाल मिश्रा	मिश्रिलाल मिश्रा	सुमेरदत्त मिश्रा	7,492.50	74.93
१३.	मन कुमारी चौधरी	दयाराम थारु	भरतराम थारु	259.20	2.59
१४.	असन्त वीर राय	रुद्र वीर राय	सकुन्तला राय/ईन्द्र राय	7,492.00	74.92
१५.	ओम प्रकाश आजाद	रामदुलारे आजाद	आशाकुमारी क्षेत्री	1,528.00	15.28
१६.	टंक बहादुर बस्नेत	बुद्धिमान बस्नेत	भुपाल बस्नेत	1,097.00	10.97
१७.	पशुपति दयाल मिश्रा	मिश्रिलाल मिश्रा	सुमेरदत्त मिश्रा	77,910.00	779.10
१८.	उषा राणा शाह	शम्सेर जीत जबरा	किरण बहादुर शाह	7,198.00	71.98
१९.	कमला वि.क.	धनीराम नेपाली	तिर्खराम नेपाली	24,927.00	249.27
२०	युवराज अधिकारी	फर्सराम अधिकारी	चुडामणी अधिकारी	997.00	9.97
२१.	ओम प्रकाश मिश्रा	पशुपतिदयाल मिश्रा	मिश्रिलाल मिश्रा	500.00	5.00
२२.	राजेन्द्र वीर राय	रुद्र वीर राय	ईन्द्र वीर राय	7,53,404.00	7,534.04
२३.	सुनौलो ईन्भेष्टमेन्ट प्रा.लि	-	-	7,53,211.00	7,532.11
२४.	नानी गुरुङसेनी	मोतीलाल गुरुङ	हेमराज गुरुङ	2,038.00	20.38
२५.	तारा गुरुङ	हेमराज गुरुङ	कुमारबहादुर गुरुङ	4,45,605.00	4,456.05
			जम्मा	21,36,060.84	21,360.61

साधारण शेयरधनी तर्फ

क्र. सं.	शेयरधनीको नाम	बुवाको नाम	हजुरबुवाको नाम	साविकको कित्ता संख्या	हाल कायम भएको कित्ता संख्या
१.	युवराज अधिकारी	परसुराम अधिकारी	चुडामणी अधिकारी	142.69	1.43
२.	तारा गुरुङ	हेमराज गुरुङ	कुमारबहादुर गुरुङ	0.19	0.00
३.	ओम प्रकाश आजाद	रामदुलारे आजाद	खुसल सिंह	0.70	0.01
४.	तारा गुरुङ	हेमराज गुरुङ	कुमारबहादुर गुरुङ	2,517.00	25.17
५.	नानी गुरुङसेनी	मोतीलाल गुरुङ	हेमराज गुरुङ	550.00	5.50
६.	सुनौलो ईन्भेष्टमेन्ट प्रा.लि	-	-	4,928.40	49.28
७.	राजेन्द्र वीर राय	रुद्र वीर राय	ईन्द्र वीर राय	333.00	3.33
८.	युवराज अधिकारी	फर्सराम अधिकारी	चुडामणी अधिकारी	500.00	5.00
९.	टंक बहादुर बस्नेत	बुद्धिमान बस्नेत	भुपाल बस्नेत	3,571.00	35.71
१०.	ओम प्रकाश आजाद	रामदुलारे आजाद	आशाकुमारी क्षेत्री	142.00	1.42
			जम्मा	12,684.98	126.85

सन् २०२५ मा ११ लाख ५८ हजार पर्यटकको आगमन

नयाँ पत्रिका

सन् २०२५ मा नेपाल घुम्नका लागि विभिन्न देशबाट ११ लाख ५८ हजार चार सय ५९ पर्यटक हवाईमार्गबाट आएका छन्। गत वर्ष सन् २०२४ मा ११ लाख ४७ हजार पाँच सय ४८ पर्यटक आएको पर्यटन बोर्डको तथ्यांक छ। नेपाल घुम्न आउने पर्यटकमा सबैभन्दा धेरै भारतीय रहेका छन्। भारतबाट सन् २०२५ मा दुई लाख ९२ हजार चार सय ३८ पर्यटक हवाईमार्गबाट नेपाल घुम्न आएको बोर्डले जनाएको छ। त्यस्तै, दोस्रो स्थानमा रहेको अमेरिकाबाट एक लाख १२ हजार तीन सय १६ पर्यटक आएका छन्। त्यस्तै, चीनबाट ९५ हजार चार सय ८०, बेलायतबाट ५८ हजार ६ सय ८४, बंगलादेशबाट ५७ हजार पाँच सय ४५, अस्ट्रेलियाबाट ४९ हजार तीन सय ५७, श्रीलंकाबाट ३७ हजार पाँच सय ५०, थाइल्यान्डबाट ३० हजार दुई सय ४३, जर्मनीबाट ३० हजार दुई सय २७ र जापानबाट २४ हजार सात सय ६३ पर्यटक नेपाल घुम्न आएको बोर्डले जनाएको छ।

कोभिड-१९ का कारण खस्केको पर्यटन क्षेत्रमा सन् २०२५ मा शतप्रतिशत सुधार भएको बोर्डले जनाएको छ। कोभिड अघि सन् २०१९ मा ११ लाख ९७ हजार पर्यटक भित्रिएका थिए। त्यसयता भने पर्यटक आगमनमा सुस्तता आएको थियो, तर विस्तारै सुधार हुने क्रममा सन् २०२४ मा ११ लाख ४७ हजार र सन् २०२५ मा ११ लाख ५८ हजार पर्यटक आगमन भएको हो।

सन् २०२५ को अन्तिम महिना डिसेम्बरमा ९८ हजार एक सय ९० पर्यटक भित्रिएका छन्। सबैभन्दा धेरै भारतबाट ३० हजार ९३, चीनबाट आठ हजार ६ सय ८०, अमेरिकाबाट सात हजार ७७, बंगलादेशबाट ६ हजार ६ सय पाँच र अस्ट्रेलियाबाट चार हजार नौ सय ८० पर्यटक आएका छन्।

त्यस्तै, थाइल्यान्डबाट चार हजार चार सय १९, बेलायतबाट चार हजार दुई सय ३४, म्यानमारबाट तीन हजार सात सय ९३, जापानबाट दुई हजार सात सय ५८ र मलेसियाबाट दुई हजार चार सय २९ पर्यटक भित्रिएको बोर्डले जनाएको छ।

नेपाल घुम्न आउने पर्यटकमध्ये दक्षिण एसियाबाट सबैभन्दा धेरै छन्। यो क्षेत्रबाट चार लाख आठ हजार एक सय तीन पर्यटक आएका छन्। त्यस्तै, अन्य एसियाली देशबाट दुई लाख ५३ हजार तीन सय ११, युरोपबाट दुई लाख २१ हजार १८, अमेरिकाबाट एक लाख ३५ हजार पाँच सय तीन, आसियन क्षेत्रबाट ५३ हजार ६ सय ९५, मध्यपूर्वी देशबाट २० हजार पाँच सय चार, अफ्रिकाबाट चार हजार तीन सय २० र अन्य देशबाट ६२ हजार पाँच पर्यटक नेपाल आएको बोर्डले जनाएको छ।

त्रिभुवन विमानस्थलबाट ४१ लाख यात्रुलाई सेवा

काठमाडौं/ सन् २०२५ को जनवरीदेखि नोभेम्बरसम्म सबैभन्दा धेरै यात्रु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आवतजावत भएको छ। यहाँबाट २० लाख तीन हजार ६ सय ७२ यात्रु नेपाल भित्रिएका तथा २० लाख ९४ हजार आठ सय ७७ जना यात्रु बाहिरिएको नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्यांक छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कुल ४० लाख ९८ हजार पाँच सय ४९ जना यात्रुको आवतजावत भएको छ।

त्यसैगरी, विमानस्थलको आन्तरिक उडानतर्फ ११ महिनामा ३७ लाख १८ हजार आठ सय यात्रुको आवतजावत भएको छ। आन्तरिक उडानमार्फत १७ लाख ८२ हजार तीन सय ७४ यात्रु आगमन भएका छन् भने १९ लाख ३६ हजार चार सय २६ यात्रु प्रस्थान गरेका छन्।

नयाँ अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा सञ्चालनमा आएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानतर्फ १३ हजार चार सय ३२ यात्रुको आवतजावत भएको छ। आन्तरिक उडानतर्फ भने ६ लाख ७५ हजार तीन सय ३४ यात्रुले सेवा लिएका छन्।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सात लाख ९८ हजार ७९१ यात्रुको आवतजावत भएको तथ्यांकले देखाएको छ। यसमध्ये तीन लाख ८३ हजार सात सय ५७ यात्रु आगमन भएका छन् भने चार लाख १५ हजार ३४ यात्रु प्रस्थान गरेका छन्।

त्यसैगरी, विराटनगर विमानस्थलबाट ६ लाख ६९ हजार चार सय ३४ यात्रु र नेपालगन्ज विमानस्थलबाट चार लाख ९८ हजार एक सय ९६ यात्रुको आवतजावत भएको छ। नेपालले हालसम्म ४२ देशसँग द्विपक्षीय हवाई सेवा सम्झौता गरेको छ।

पाँच महिनामा १८ अर्ब २६ करोडको बिजुली निर्यात

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पाँच महिनामा भारत र बंगलादेशमा नेपालबाट १८ अर्ब २६ करोड ७० लाख रुपैयाँको बिजुली निर्यात भएको छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार साउनदेखि मंसिरसम्म दुई हजार ७१४ गिगावाट आवर विद्युत् निर्यात भएको छ।

यो गत आवको सोही अवधिको तुलनामा ३८ प्रतिशतले बढी हो। गत आवको पहिलो पाँच महिनामा भने १३ अर्ब २३ करोड ६७ लाख रुपैयाँको विद्युत् निर्यात भएको थियो।


सुक्खायामका कारण उत्पादन घटेपछि गत आवको पुसको पहिलो साताबाट निर्यात स्थगन गरेर आयात सुरु गरिएको थियो। यो वर्ष पनि पुस लागेसँगै आंशिक मात्रै निर्यात भएको छ। आयात भने गत मंसिर तेस्रो सातादेखि नै भइरहेको छ। अहिले चार सय मेगावाटसम्म विद्युत् आयात भइरहेको छ।

निर्यात हुने बिजुलीको परिमाण बढेसँगै आम्दानी पनि बढेको प्राधिकरणका प्रवक्ता राजन ढकालले बताए। गत वर्ष भारतमा आठ-नौ सय मेगावाट हाराहारीमा विद्युत् निर्यात भएको थियो। गत वर्ष बंगलादेशतर्फ कात्तिक ३० गते मात्रै ४० मेगावाट विद्युत् निर्यात भएको थियो। यसपालि पूर्वसम्झौताअनुसार नै बंगलादेशमा असार १ देखि कात्तिक ३० गतेसम्म निर्बाध रूपमा ४० मेगावाट विद्युत् निर्यात भयो। त्योबाहेक भारतीय बजारमा १२ सय मेगावाटसम्म विद्युत् निर्यात भएको थियो। यसरी निर्यात गरिने विद्युत्को परिमाण बढेपछि आम्दानी पनि बढेको प्रवक्ता ढकालले बताए। आन्तरिक उत्पादन घटेसँगै प्राधिकरणले आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गरिरहेको छ। अहिले आवश्यक परेका वेलामा भारतबाट चार सय मेगावाट विद्युत् आयात भइरहेको प्राधिकरणका एक अधिकारीले बताए।

'अहिले विद्युत्को माग २१-२२ सय मेगावाटसम्म छ। उत्पादन पनि दुई हजार मेगावाट हाराहारीमा छ। भारतमा सस्तो हुँदा विद्युत् आयात गरेर खोलामा पानी जम्मा गर्छौं। भारतमा बिजुली महँगो भएका वेला आन्तरिक उत्पादन बढाउँछौं,' स्रोतले भन्यो, 'कुनै वेला विद्युत् आयात र कुनै वेला आंशिक निर्यात हुने गरेको छ। निर्यातभन्दा आयात नै धेरै छ। उत्पादन घट्दै गएका कारण सम्भवतः अबको केही दिनमा विद्युत् निर्यात रोकिन्छ। आयात भने निरन्तर रहन्छ।'

नेपालका अधिकांश जलविद्युत् आयोजना नदीप्रवाह (आरओआर)मा आधारित छन्। त्योअनुसार बर्सातमा खोलामा पानी बढी हुँदा विद्युत् उत्पादन पनि बढी हुन्छ, जुन समयमा भारतमा बिजुली निर्यातसमेत गर्न सकिन्छ। हिउँदमा खोलामा पानी कम हुँदा भने विद्युत् उत्पादन पनि स्वतः कम हुन्छ, त्यसवेला भने यहाँको माग धान्न भारतबाटै विद्युत् आयात गर्नुपर्छ।

■ बंगलादेशमा ९४ लाख ३६ हजार डलरको बिजुली बिक्री



यो वर्ष बंगलादेशबाट विद्युत् बिक्री गरेर ९४ लाख ३६ हजार डलर आम्दानी भएको छ। प्राधिकरणले जुन १५ देखि १५ नोभेम्बर (असारदेखि कात्तिक)सम्म ४० मेगावाट विद्युत् निर्बाध रूपमा दिने गरी बंगलादेशसँग सम्झौता गरेको थियो। त्यसमा नेपालले प्रतियुनिट ६.४० सेन्ट पाउनेछ। यो वर्ष असारदेखि कात्तिकसम्म १४७.४३ गिगावाट आवर अर्थात् १४ करोड ७४ लाख ३० हजार युनिट बिजुली निर्यात भएको छ। त्यसबापत ९४ लाख ३६ हजार डलर आम्दानी भएको प्रवक्ता ढकालले बताए। योसहित मंसिरसम्म विद्युत् निर्यातबाट १८ अर्ब २६ करोड ७० लाख रुपैयाँ आम्दानी भएको हो।

गत वर्ष ३० कात्तिकमा बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्दा २९ हजार डलर आम्दानी भएको थियो। गत मंसिर दोस्रो साता बंगलादेशमा सम्पन्न संयुक्त ऊर्जासचिवस्तरीय बैठकमा नेपालबाट थप २० मेगावाट विद्युत् निर्यात गर्ने सहमति भएको छ। त्यो कार्यान्वयन भएपछि बंगलादेशमा कुल ६० मेगावाट विद्युत् निर्यात गर्न सकिनेछ।

एलजीले घोषणा गऱ्यो विश्वकप योजनाका विजेता

काठमाडौं/ एलजी नेपालले आइसिसी टी-२० विश्वकप यात्राको पहिलो चरणको विजेता घोषणा गरेको छ। कम्पनीले फेब्रुअरी ७ देखि भारत र श्रीलंकामा हुन लागिरहेको विश्वकप क्रिकेटलक्षित योजनाको विजेता घोषणा गरेको हो। विश्वस्तरीय अन्तर्राष्ट्रिय क्रिकेटको रोमाञ्चकलाई एकसाथ जोड्न कम्पनीले २९ मंसिरदेखि यो अभियान सुरु गरेको थियो।

पहिलो चरणमा कम्पनीले देशभरबाट चारजना भाग्यशाली विजेता छनोट गरेको छ। विजेता बन्नेमा काठमाडौं, इमाडोलका उसन प्रधांगन, बुटवलका शिव आचार्य, नैकापका प्रवास ढुंगाना र पोखराका विनोद सापकोटा रहेका छन्। कम्पनीका अनुसार विजेताले वानखेड स्टडियम मुम्बईमा हुने नेपालको कुनै एउटा



खेल प्रत्यक्ष हेर्न पाउनेछन्, जसमा चार रात पाँच दिनको प्याकेज रहेको छ। यसको सबै खर्च कम्पनीले व्यहोर्ने जनाएको छ।

साथै, कम्पनीले अझै पनि एलजीका सामान खरिद गरी विजेता बन्न सकिने जनाएको छ।

पुनर्निर्माण कोषमा मेटलाइफको २५ लाख सहयोग

काठमाडौं/ भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा मेटलाइफ नेपालले २५ लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ। कम्पनीले अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई उक्त सहयोग रकम हस्तान्तरण गरेको हो।

यस सहयोगमार्फत कम्पनीले नेपालका स्थानीय समुदायहरूको हितप्रति आफ्नो निरन्तर प्रतिबद्धता व्यक्त गरेको छ। देशको भौतिक संरचनाहरूको पुनर्निर्माणमा योगदान



दिई जनजीवन सहज बनाउने सरकारको पहलमा साथ दिनु नै यस सहयोगको मुख्य उद्देश्य रहेको मेटलाइफ नेपालले जनाएको छ।

कलश स्टक मार्केटले निःशुल्क सेयर तालिम दिने

काठमाडौं/ कलश स्टक मार्केट ब्रोकर नं ७४ ले लगानीकर्तालाई लक्षित गर्दै अनलाइनमार्फत सेयरबजारसम्बन्धी तालिम प्रदान गर्ने भएको छ। कम्पनीले १९ देखि २६ पुससम्म निःशुल्क तालिम सञ्चालन गर्न लागेको हो। तालिममा सेयरप्रति चासो राख्ने व्यक्ति सहभागी हुन सक्ने कम्पनीले



जनाएको छ।

बेलुका ६ बजेदेखि आठ बजेसम्म सञ्चालन हुने उक्त तालिममा अशोककुमार शाह प्रमुख प्रशिक्षक रहनेछन्। सहभागी हुन चाहनेले कलश मार्केटको वेबसाइटमा गई फर्म भर्नुपर्ने कम्पनीका अध्यक्ष प्रदीप केसीले बताए।

कामना सेवा विकास बैंकले गऱ्यो विपन्न परिवारलाई सहयोग



काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विपन्न परिवारलाई सहयोग गरेको छ। कम्पनीको शाखा कार्यालय लहानमार्फत लहान नगरपालिका वडा नं ५ का गरिब, दलित तथा अति विपन्न वर्गलाई जाडोयाममा फाइबर सिरक वितरण गरिएको हो।

बैंकका मधेश प्रदेश प्रमुख श्याम चवाईंले यो सहयोगले स्थानीयलाई महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे। जाडोयाममा फाइबर सिरक वितरण भएकामा स्थानीयहरूले खुसी व्यक्त गरेका थिए।

सहयोग वितरण कार्यक्रममा बैंकका कर्मचारी, लहान नगरपालिका वडा नं ५ का वडाध्यक्ष, उद्योग वाणिज्य संघका अध्यक्ष तथा स्थानीयको उपस्थिति रहेको थियो। योसँगै बैंकले आगामी दिनमा समेत यस्ता कार्यक्रमलाई निरन्तरता दिनेछ जनाएको छ।

नेपाल लाइफ इन्स्योरेन्सलाई प्रहरीको सम्मान



काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड जिल्ला प्रहरी परिसर काठमाडौंद्वारा सम्मानित भएको छ। सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत 'हाम्रो प्रहरी' कार्यक्रममा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले कम्पनीलाई सम्मान गरेका हुन्। यस कम्पनीले दरबारमार्गस्थित प्रहरी कार्यालयको पुनर्निर्माणमा गरेको सहयोगको सम्मानस्वरूप कदरपत्र प्रदान गरिएको हो। उक्त सम्मान कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली र नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयालले संयुक्त रूपमा ग्रहण गरे।

दरबारमार्गको प्रहरी कार्यालय निर्माणार्थ यस कम्पनीले १७ लाख रुपैयाँ सहयोग गरेको थियो। कम्पनीका अनुसार यसअघि पनि सरकारद्वारा स्थापना गरिएको भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा एक करोड ५० लाख सहयोग प्रदान गरिएको थियो। साथै, काठमाडौंको बसपार्कस्थित प्रहरी कार्यालयको खानेपानी तथा शौचालय निर्माणार्थ ६० हजार र जिल्ला प्रहरी कास्कीलाई कार्यसम्पादन चुस्त-दुरुस्त र प्रविधिमैत्री बनाउन पाँच थान कम्प्युटर प्रदान गरिएको थियो।

गत भदौ २३ र २४ मा भएको जेन-जी प्रदर्शन र आन्दोलनका क्रममा देशैभरिका सार्वजनिक भौतिक संरचनामा भएको क्षतिको पुनर्निर्माण, आर्थिक पुनरुत्थान तथा राहतलगायत कार्यका लागि कम्पनीले विभिन्न सहयोग गर्दै आइरहेको छ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८२/०९/१८

यस बैंकको निक्षेपकर्ता श्री भीम प्रसाद अधिकारीको नाति श्री विष्णु प्रसाद अधिकारी को छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं १६ स्थाई ठेगाना भई हाल सोही स्थान बस्ने श्री **गीता बल्लव अधिकारी** (ना.प्र. नं. १५१९ /२३०३ जारी मिति २०४१/०१/३१) को मिति २०८२/०४/२१ गते ६८ वर्षको उमेरमा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकम उपलब्ध गराई दिनुहोस् भनी मृतकको श्रीमती दोय, श्री शारदा धमला र राधा अधिकारीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकममा निवेदकको माग बमोजिम मृतकको श्रीमती दोय, श्री शारदा धमला र राधा अधिकारीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नाडा अटोमोबाइल्स एसोसिएसन अध्यक्षमा उप्रेती निर्विरोध



काठमाडौं/ नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)को अध्यक्षमा सुरेन्द्रकुमार उप्रेती निर्विरोध चुनिएका छन्। नाडाका अनुसार अध्यक्ष पदमा उप्रेतीको मात्रै उम्मेदवारी परेसँगै उनी स्वतः अध्यक्ष चुनिएका हुन्।

नाडाको ९ पुसमा सम्पन्न ४९औं वार्षिक साधारणसभाको निर्णयअनुसार नेतृत्व चयनका लागि बिहीबार मध्याह्न १२ बजेसम्म उम्मेदवारी दर्ता गर्ने समय दिइएको थियो। तर, सो समयमा अध्यक्षका लागि उप्रेतीबाहेक कसैको उम्मेदवारी परेन। उप्रेती यसअघि नाडाको कार्यसमितिमा महासचिव थिए। लामो समयदेखि नाडाको कार्यसमितिमा बसेर काम गरिरहेका उप्रेती कुशल अटोमोबाइल व्यवसायी पनि हुन्।

त्यस्तै, प्रदेश सदस्यमा सात र साधारण सदस्यमा १८ जनाले उम्मेदवारी दर्ता गराए पनि एकजना साधारण सदस्यले उम्मेदवारी फिर्ता लिएको नाडाले जनाएको छ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मितिः २०८२/०९/१८ गते

यस रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।०७।२४, २०८२।०७।२६, २०८२।०७।२७, २०८२।०८।०२ र २०८२।०८।१२ को राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यको लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि आजैका मितिदेखि लागू हुने गरी ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस.सहित)
१.	Maintenance of Ward Office Building, Ward No. 13 & 15 (RAT/CHITWAN/Works/SQ/08/2082-083)	श्री Aasideep Nirman Sewa, Bharatpur- 11, Chitwan	रू. ११,८२,७६७।५१ (एघार लाख बयासी हजार सात सय सतसट्ठी रुपैंया र पैसा एकाउन्न मात्र)
२.	The Procure of ICT Equipment and Accessories (RAT/CHITWAN/Goods/NCB/03/2082-083)	श्री Expert Laptop Solution Pvt. Ltd., Bharatpur- 10, Chitwan	रू. ३८,०७,७७५।६९ (अड्तीस लाख सात हजार सात सय पचहत्तर रुपैंया र पैसा उनान्सत्तरी मात्र)
३.	Construction of Asphalt and Cement Concrete Road, Ward No. 10 & 13 (RAT/CHITWAN/Works/NCB/15/2082-083)	श्री Y & S Construction Pvt. Ltd., Khairahani- 02, Chitwan	रू. १,११,१९,४७०।४७ (एक करोड एघार लाख उन्नाईस हजार चार सय सत्तरी रुपैंया र पैसा सतचालीस मात्र)
४.	Construction of Asphalt and Cement Concrete Road, Ward No. 11 & 12 (RAT/CHITWAN/Works/NCB/16/2082-083)	श्री Zeolite Construction Pvt. LTd., Kageshwori Manohara- 6	रू. ८३,१०,४२६।८४ (त्रियासी लाख दश हजार चार सय छब्बीस रुपैंया र पैसा चौरासी मात्र)
५.	Construction of Administrative Building, Ward No. 14 (RAT/CHITWAN/Works/NCB/17/2082-083)	श्री Swichha Construction & Suppliers Pvt. Ltd., Palungtar- 1, Gorkha	रू. ३५,३६,७१६।३१ (पैतीस लाख छत्तीस हजार सात सय सोह्र रुपैंया र पैसा एकतीस मात्र)

प्रमुख प्रशासकीय अधिकृत

गैर बैंकिङ्ग सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति २०८२/०९/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा ईच्छुक महानुभावहरुले निम्न लिखित शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बैंकमा सम्पर्क राखी तपसिलमा उल्लेखित सम्पत्तिको खरिद गरी लिन चाहेको मूल्य प्रष्टसँग उल्लेख गरी यस विकास बैंकको केन्द्रिय कार्यालय वा शाखा कार्यालयहरुमा रितपुर्वकको गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्नुहुन आव्हान गरिन्छ।

बिक्री गरिने गैर बैंकिङ्ग सम्पत्तिको विवरण : तपसिल

क्र.सं.	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल (वर्ग मिटर)	कैफियत
१.	झापा	दमक	४	४३९३	५०.७९	जग्गा
२.	झापा	दमक	४	५२१०	५७५.६९	जग्गा
३.	झापा	दमक	४	५२११	५६७.२२	जग्गा
४.	मोरङ्ग	मधुमल्ला	५	२५६८	१६९.२९	घर जग्गा
५.	मोरङ्ग	मधुमल्ला	५	१५६६	२४९.७५	घर जग्गा
६.	मोरङ्ग	मधुमल्ला	५	१७६७	८४.६५	घर जग्गा
७.	मोरङ्ग	अमरदह	१	१३७	१२५२.७६	जग्गा
८.	मोरङ्ग	अमरदह	१	७५२	२७९.३८	जग्गा
९.	धनुषा	हरिहरपुर	१	५४७५	३७.२५	घर जग्गा
१०.	धनुषा	हरिहरपुर	१	६५२	३३८.६४	घर जग्गा
११.	धनुषा	हरिहरपुर	१	५४७३	६१.८०	घर जग्गा
१२.	मोरङ्ग	डाइनिया	७	१२२८	१८०	घर जग्गा
१३.	मोरङ्ग	डाइनिया	७	१२३०	३९१	घर जग्गा
१४.	मोरङ्ग	राजघाट (बेलबारी)	१	१२७८	३३८६.४०	जग्गा
१५.	मोरङ्ग	राजघाट (बेलबारी)	१	१६४५	३३८६.३०	जग्गा
१६.	महोत्तरी	सहोडवा	५	३३२	२२०.१२	घर जग्गा
१७.	महोत्तरी	सहोडवा	५	३३१	२०३.१८	घर जग्गा
१८.	महोत्तरी	सहोडवा	५	५११	९८२	घर जग्गा
१९.	रुपन्देही	आ.अमवा	२	१६८२	१,५७४.६७	जग्गा
२०.	रुपन्देही	आ.अमवा	२	१६८७	१४८.१५	जग्गा
२१.	रुपन्देही	आ.अमवा	२	१६८३	६७.७३	जग्गा
२२.	रुपन्देही	आ.अमवा	२	१६८५	५०७.९६	जग्गा
२३.	मोरङ्ग	कैरौन	९	७५१	४२३.३०	जग्गा
२४.	मोरङ्ग	कैरौन	९	२३६	३३८.५८	जग्गा
२५.	मोरङ्ग	कैरौन	९	४७७	८४.६५	जग्गा
२६.	पूथान	ओखरकोट	७	१३८१	२२	जग्गा
२७.	पूथान	ओखरकोट	७	१३८२	२०	जग्गा
२८.	पूथान	ओखरकोट	७	१३८६	५१	जग्गा
२९.	पूथान	ओखरकोट	७	१३८७	५३	जग्गा
३०.	पूथान	ओखरकोट	८	१०३१	३१०	जग्गा
३१.	पूथान	ओखरकोट	८	१०३४	५२	जग्गा
३२.	पूथान	ओखरकोट	८	१०२२	३०५	जग्गा
३३.	पूथान	ओखरकोट	८	९९३	२३०	जग्गा
३४.	पूथान	ओखरकोट	७	१४२०	१४५	जग्गा
३५.	पूथान	ओखरकोट	७	१४१२	४४	जग्गा
३६.	पूथान	ओखरकोट	७	१४१७	३२	जग्गा
३७.	पूथान	ओखरकोट	७	११२०	३,८२०	जग्गा
३८.	बर्दिया	सोरहवा	७	२९१२	३,८८६	जग्गा
३९.	बर्दिया	सोरहवा	७	२९१६	३३८.६३	जग्गा
४०.	दाङ्ग	लक्ष्मीपुर	५	१३९३	२८४	जग्गा
४१.	नवलपरासी (ब.सु.प.)	परासी	३	६०२	१९०.४८	जग्गा
४२.	नवलपरासी (ब.सु.प.)	परासी	३	२२८३	८१२.७३	जग्गा
४३.	नवलपरासी (ब.सु.प.)	परासी	३	२२८८	२९.६३	जग्गा
४४.	नवलपरासी (ब.सु.प.)	परासी	३	२२८९	१३१.२२	जग्गा
४५.	नवलपरासी (ब.सु.प.)	परासी	३	२२९२	७८७.३४	जग्गा
४६.	नवलपरासी (ब.सु.प.)	परासी	३	२२९५	१,७३१.२९	जग्गा
४७.	नवलपरासी (ब.सु.प.)	परासी	३	२२९६	९३.१३	जग्गा
४८.	नवलपरासी (ब.सु.प.)	परासी	३	२३०१	२८३.६१	जग्गा
४९.	नवलपरासी (ब.सु.प.)	परासी	३	२३०३	७६१.९४	जग्गा
५०.	नवलपरासी (ब.सु.प.)	परासी	३	२५०५	४२७.५३	जग्गा
५१.	स्याङ्जा	बराह कालिका	१	३५६७	६२७.९८	जग्गा
५२.	स्याङ्जा	बराह कालिका	१	२८५४	३९९.४४	जग्गा
५३.	स्याङ्जा	वालिङ्ग	४	१९४५	२६४.३१	जग्गा
५४.	स्याङ्जा	वालिङ्ग	४	१९५४	१७४.८८	जग्गा
५५.	स्याङ्जा	बराह कालिका	१	३५६८	९९.३६	जग्गा
५६.	स्याङ्जा	बराह कालिका	१	३७९५	३५७.६४	जग्गा
५७.	सुनसरी	हासपोसा	७	१६५८	५४१.८२	जग्गा
५८.	सुनसरी	हासपोसा	७	१०१२	१५६.६२	जग्गा
५९.	सुनसरी	हासपोसा	७	१०१४	२०७.४२	जग्गा
६०.	सुनसरी	हासपोसा	७	९८१	३०४.७८	जग्गा
६१.	सुनसरी	हासपोसा	७	९८५	३७२.५०	जग्गा
६२.	सुनसरी	हासपोसा	७	९९५	८४६.६०	जग्गा
६३.	सुनसरी	हासपोसा	७	९८३	७४९.२४	जग्गा
६४.	सुनसरी	हासपोसा	७	९९०	४२३.२८	जग्गा
६५.	सुनसरी	हासपोसा	७	१०९३	१३५.४६	जग्गा
६६.	सुनसरी	हासपोसा	८	४७२२	२११.६५	जग्गा
६७.	सुनसरी	हासपोसा	८	४७२३	२२०.१२	जग्गा
६८.	सुनसरी	हासपोसा	८	४७३१	२८३.६१	जग्गा
६९.	सुनसरी	हासपोसा	८	४७५७	१६.९३	जग्गा
७०.	सुनसरी	हासपोसा	८	४७५८	१२.७०	जग्गा
७१.	बर्दिया	मगरगडी	५	७२	२३७०	घरजग्गा
७२.	बर्दिया	मगरगडी	५	७९२	६७७२.४०	जग्गा

क्र.सं.	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल (रोपनी/वर्ग मिटर)	कैफियत
७३.	चितवन	चैनपुर	१	९२०	१३५४.५२	जग्गा
७४.	रुपन्देही	धकधई	६	८३३	४२.३३	घर जग्गा
७५.	रुपन्देही	धकधई	६	८३१	१७३.५५	घर जग्गा
७६.	रुपन्देही	धकधई	६	९०९	११४.२९	घर जग्गा
७७.	रुपन्देही	धकधई	६	१००३	४२३.२१	जग्गा
७८.	रुपन्देही	हाटि बनगाई	३	८२६	२०३१.५०	घर जग्गा
७९.	चितवन	देवौली	३	२४७९	३२१.६७	जग्गा
८०.	मोरङ्ग	दर्वेशा	५	१५४७	५०.७९	जग्गा
८१.	मोरङ्ग	दर्वेशा	५	१२९४	४२३.३०	जग्गा
८२.	मोरङ्ग	दर्वेशा	५	११३६	९३.१३	जग्गा
८३.	मोरङ्ग	दर्वेशा	८	५१७	८४६.६०	जग्गा
८४.	बाँके	रुकेना	७	२०३९	३३८.६३	घर जग्गा
८५.	झापा	मेचिनगर	१	१९	३३९.४०	जग्गा
८६.	तनहुँ	सत्रसय आबु	६	१६७८	१२१.२१	घर जग्गा
८७.	बर्दिया	मोहम्मदपुर	७	१८३७	३४६५	जग्गा
८८.	बर्दिया	गुलरिया	२	१२९६	२०३.१६	घर जग्गा
८९.	बर्दिया	गुलरिया	२	१२९८	१३५.४४	घर जग्गा
९०.	बर्दिया	मोहमदपुर	३	४५६	५५७५	घर जग्गा
९१.	बर्दिया	मोहमदपुर	३	४५७	४५८५	घर जग्गा
९२.	बर्दिया	मोहमदपुर	३	१३८६	२१९२.५०	घर जग्गा
९३.	नुवाकोट	त्रिशुली	२	५८०७	७६५.०५	घर जग्गा
९४.	नुवाकोट	त्रिशुली	२	२१७३	२५४.३२	घर जग्गा
९५.	महोत्तरी	रामगोपालपुर	४	७८०	३४७११	घर जग्गा
९६.	महोत्तरी	रामगोपालपुर	४	५८९	२६२.४५	घर जग्गा
९७.	महोत्तरी	रामगोपालपुर	४	९४४	७६.१९	जग्गा
९८.	महोत्तरी	रामगोपालपुर	५	७७८	३९७.८८	घर जग्गा
९९.	मोरङ्ग	वयरवन	९	४२७	४८२.५६	घर जग्गा
१००.	मोरङ्ग	वयरवन	९	६०५	३३८.६४	घर जग्गा
१०१.	खोटाङ्ग	दिक्तेल	१	२३८४	०-३-०-१	जग्गा
१०२.	खोटाङ्ग	खल्ले	१	५४८	०-५-०-०	जग्गा
१०३.	पूथान	दाखाक्वाडी	५	२१९	३-१४-२-१	जग्गा
१०४.	पूथान	धुवाङ्ग	४	५९१	२-६-०-१	जग्गा
१०५.	पूथान	धुवाङ्ग	४	५९५	२-१३-०-०	जग्गा
१०६.	पूथान	धुवाङ्ग	४	८३७	८६५	जग्गा
१०७.	पूथान	पकला	६	५८८	०-१-३-०	जग्गा
१०८.	पूथान	पकला	६	५८६	०-१-३-०	जग्गा
१०९.	पूथान	पकला	८	७८४	५-२-२-१	जग्गा
११०.	पूथान	पकला	८	७८५	१२-९-२-२	जग्गा
१११.	झापा	दमक	१३	१२०	३५४.४०	जग्गा
११२.	झापा	दमक	१३	१२१	२०३	जग्गा
११३.	कैलाली	मौरनिया	२	५०७	२९२८.७४	जग्गा
११४.	कैलाली	मौरनिया	८	२१६४	५८०७.६७	जग्गा
११५.	कैलाली	महादेउली	१	११०४	५०७९.५९	जग्गा
११६.	कैलाली	मनिकापुर	५	१५४७	२०३१.८४	जग्गा
११७.	काठमाडौं	नयाँ नैकाप	३	९३	११६३.६०	घरजग्गा
११८.	ललितपुर	बाडेगाउँ	९	३४२	७८२.९४	घरजग्गा
११९.	स्याङजा	बराहा कालिका	३	२०२१	४६१.०५	जग्गा
१२०.	स्याङजा	बराहा कालिका	१	३३२९	७७.५०	घरजग्गा
१२१.	स्याङजा	बराहा कालिका	१	३३३३	१२७.१८	घरजग्गा
१२२.	स्याङजा	बराहा कालिका	१	३४४६	१६२.९६	जग्गा
१२३.	कास्की	पोखरा-रुपाकोट	१	३०१०	२०४.६६	जग्गा
१२४.	कैलाली	महादेउली	१	१०८६	१४७३.०८	जग्गा
१२५.	कैलाली	लालपुर बाणी	१	१९५	१०९२१.१२	जग्गा
१२६.	मोरङ्ग	कन्चनबारी	२	५५८	८४.६५	घर जग्गा
१२७.	मोरङ्ग	कन्चनबारी	२	५५९	८४.६५	घर जग्गा
१२८.	मोरङ्ग	कन्चनबारी	३	१५७०	१८६.२३	घर जग्गा
१२९.	मोरङ्ग	हात्तिमुडा	१	६७	६,८८५	जग्गा

बोलपत्र सम्बन्धी शर्त एवं जानकारी :

१. गोप्य शिलबन्दी बोलपत्र आवेदन मिति २०८२/१०/०२ गते सम्म कार्यालय समयभित्र यस विकास बैंकको केन्द्रिय कार्यालय वा शाखा कार्यालयहरुमा दर्ता भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम एक प्रतिको रु. ५००/- (अक्षरेपी पाँच सय मात्र) यस विकास बैंकको केन्द्रिय कार्यालय कमलपोखरी, काठमाडौं तथा शाखा कार्यालयहरुमा उपलब्ध छ। बोलपत्र फारममा आवश्यक विवरण खुलाई खामबन्दी गरी खाम बाहिर **"गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** उल्लेख भएको हुनुपर्नेछ।
३. प्राप्त हुन आएको गोप्य शिलबन्दी बोलपत्रहरु मिति २०८२/१०/०४ गते आइतबार दिउँसो ३:०० बजे देखि यस विकास बैंकको केन्द्रिय कार्यालयमा सरकारी प्रतिनिधि वा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ।
४. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने धरौटी रकम यस विकास बैंकको खाता नं. १५०४०१८०००००२ मा जम्मा गरिएको भौचरको सक्कलै पेश गर्नु पर्नेछ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु समेत लागु हुनेछ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

‘अर्ली इलेक्सन’ रोक्नुपर्ने माग गर्दै एन्फाको असन्तुष्ट पक्ष राखेपमा


चुनावी साधारणासभा रोक्नुपर्ने मागसहितको पत्र राखेपका सदस्यसचिव रामचरित्र मेहतालाई बुझाएकै दिन एन्फाका महासचिव किरण राईले भने सामाजिक सञ्जालमार्फत साधारणसभामा सहभागी हुन आग्रह गरेका छन्

रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)का उपाध्यक्ष विराटजंग शाह र सदस्य रूपेश अधिकारीले २८ माघमा झापामा गर्ने भनिएको चुनावी साधारणसभा रोक्नुपर्ने माग गर्दै बिहीबार राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहतालाई निवेदन दिएका छन् । पंकजविक्रम नेम्वाङ नेतृत्वमा रहेको एन्फाको बुधबारको कार्यसमिति बैठकले माघको अन्तिम साता केन्द्रको निर्वाचन मिति र स्थानबारे निर्णय गरेको थियो । बैठकमा उपाध्यक्ष शाही र सदस्य अधिकारीसमेत थिए ।

जिल्ला र प्रदेशको निर्वाचन नभई केन्द्रको चुनावी साधारणसभा गर्नु विधानविपरीत हुने उनीहरूले दाबी गरेका छन् । उनीहरूले विधानविपरीत हुन लागेको निर्वाचन रोक्न खेलकुदको नियामक निकाय राखेपका सदस्यसचिव मेहतालाई निवेदन दिएका हुन् । सदस्यसचिव मेहताले निवेदन अध्ययन गरिरहेको र कानुनी प्रक्रियाअनुसारै आफूले निर्णय गर्ने बताए । ‘एन्फाका पदाधिकारीले निर्वाचन रोक्नुपर्ने मागसहित निवेदन दिनुभएको छ,’ सदस्यसचिव मेहताले भने, ‘कानुनी दायराभित्र रहेर काम गर्छौं ।’ एन्फाका उपाध्यक्ष शाहीले चुनावी साधारणसभालाई अवैधानिक भनेका छन् । ‘अवैधानिक निर्वाचन प्रक्रिया रोक्नुपर्ने मागसहित परिषद् पुगेका हौं,’ उनले भने, ‘हामीले आठबुँदे माग राखेका छौं ।’ एन्फा सदस्य अधिकारीले भने जिल्ला र प्रदेशपछि मात्र केन्द्रको चुनाव हुनुपर्ने बताए ।

‘नेतृत्व पक्षले साधारणसभासम्बन्धी विधानको उल्लंघन गरेको, विधानविपरीत निर्वाचन घोषणा गरेको, शक्तिको दुरुपयोग र विधानको गलत व्याख्या गरेको, जिल्ला र प्रदेश निर्वाचनको उपेक्षा गरेको, नयाँ सदस्यहरूको मताधिकार हनन तथा गलत नजिर बसालेको,



पत्र बुझ्दै राखेपका सदस्यसचिव रामचरित्र मेहता (दायाँ) ।

सर्वोच्च अदालतको नजिरको उल्लंघन गरेको, प्रतिशोधपूर्ण निलम्बन र अदालतको सफाइ स्वीकार नगरेको तथा खेल र खेलाडीको दुरवस्थालाई ध्यान नदिएको विषयमा ध्यानाकर्षण गराउन चाहन्छु,’ पत्रमा भनिएको छ । राखेपले विधानअनुसार सकारात्मक कदम चाल्नेमा आफू विश्वस्त भएको उनले बताए ।

एन्फाले गर्‍यो साधारणसभामा सहभागी हुन आह्वान

उपाध्यक्ष र सदस्यले राखेपमा पत्र बुझाएकै दिन एन्फाका महासचिव किरण राईले सामाजिक सञ्जालमार्फत चुनावी साधारणसभामा सहभागी हुन सबैलाई आग्रह गरेका छन् । उनले एन्फामा आबद्ध सबैलाई झापामा हुने साधारणसभामा उपस्थित हुन भनेका छन् । ‘संघमा आबद्ध ४९ संघ, सात प्रदेश, २१ कार्यसमिति सदस्य, चार संघ, सहिद स्मारक ‘ए’, ‘बी’ र ‘सी’ डिभिजन तथा राष्ट्रिय लिगमा छनोट भएका चार क्लबलाई झापामा हुने साधारणसभामा भाग लिन अनुरोध छ,’ राईले भनेका छन् ।

एन्फाले विधान, २०७७ को धारा ३० बमोजिम साधारणसभाको उपधारा २ मा उल्लेख भएअनुसार निर्वाचनमा सहभागी हुन जानकारी गराइएको राईले बताए । ‘कार्यसमिति बैठकको निर्णयअनुसार विधान, २०७७ को धारा ३० बमोजिम साधारणसभाको उपधारा २ कार्यसमितिले मिति, समय र स्थान तोकेछ,’ राईले भनेका छन्, ‘विधानअनुसार साधारणसभा हुनुअघि ३५ दिनअघि नै सदस्यहरूलाई जानकारी गराइने उल्लेख छ ।’

१० महिनाभित्रै अर्को साधारणसभा

एन्फाले १० महिनाको अन्तरमा अर्को साधारणसभा गर्न लागेको हो । गत २६ वैशाखमा एन्फाले धुलिखेलमा वार्षिक साधारणसभा गरेको थियो । एन्फाको विधानमा वर्षमा एकपटक मात्र साधारणसभा गर्न पाउने उल्लेख छ । ‘विधानको धारा ३०.१ मा ‘अर्डिनरी कंग्रेस (साधारणसभा) को बैठक प्रत्येक वर्ष सम्पन्न गरिनेछ भन्ने स्पष्ट व्यवस्था छ । यसै विधानअनुसार ०८२ को साधारणसभा गत २६ वैशाखमै भइसकेको छ,’ उपाध्यक्ष शाहीले भने, ‘वर्षमा एकपटक मात्र हुने साधारणसभा सम्पन्न भइसकेको अवस्थामा पुनः माघमा चुनावी साधारणसभा बोलाउनु विधानको ठाडो उल्लंघन हो ।’

५० प्रतिशतभन्दा बढी पद रिक्त भएको अवस्थामा मात्र साधारणसभा

एन्फाले कुनै विशेष कारण साधारणसभा गर्नुपरे विधानको धारा ३७ (१०) को पालना गर्नुपर्छ । सो धारामा भनिएको छ, ‘यदि कार्यसमितिको ५० प्रतिशतभन्दा बढी पदहरू रिक्त हुन आएमा (मृत्यु, राजीनामा, तीनवटा बैठकमा लगातार अनुपस्थित भएर) महासचिवले ३५ दिनभित्र बाँकी अवधिका लागि रिक्त पदहरूको पूर्तिको लागि साधारणसभाको बैठक बोलाउन सक्नेछ ।’ विधानको यो प्रावधानअनुसार अग्रिम निर्वाचन केवल पद रिक्त अवस्थामा मात्र सम्भव छ । अहिले एन्फामा कुनै पनि पद रिक्त छैन ।

‘पदहरू रिक्त नभएको स्थितिमा हतारहतारमा निर्वाचन घोषणा गर्नु वर्तमान नेतृत्वको सत्तामा टिकिरहने गलत मनसाय मात्र हो,’ सदस्य अधिकारीले भने, ‘फुटबल विकासका लागि नभई आफ्नो पद जोगाउन गरिएको शक्तिको चरम दुरुपयोग हो ।’ यसैगरी केन्द्रको निर्वाचनअघि जिल्ला फुटबल संघहरूको निर्वाचन अनिवार्य रूपमा सम्पन्न हुनुपर्ने उनले बताए । ‘जिल्लाका प्रतिनिधि नै केन्द्रीय साधारणसभाका वैधानिक मतदाता हुन् । जिल्लाको निर्वाचन नगरी केन्द्रको निर्वाचन घोषणा गर्नु तल्लो तहका सदस्यहरूको अधिकार खोस्नु र लोकतान्त्रिक प्रक्रियाको उपहास गर्नु हो,’ उनले भने ।

राहुलले रक्षा गरे सूर्य नेपाल सेन्ट्रल उपाधि

नयाँ पत्रिका

पहिलो दिनदेखिको अग्रता रक्षा गर्दै एमेच्योर गल्फर राहुल विश्वकर्माले सूर्य नेपाल गल्फ टुर २०२५/२६ अन्तर्गत सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि जितेका छन् । राहुलले एकैपटक प्रोफेसनल तथा एमेच्योर विधाको उपाधि जितेका हुन् । उनको करिअरको यो तेस्रो उपाधि हो । उपाधि रक्षा गर्ने क्रममा उनले प्रोफेसनल खेलाडी जयराम श्रेष्ठलाई १४ स्ट्रोकको फराकिलो अन्तरले हराए । प्रतियोगिताको अन्तिम दिन बिहीबार ४ अन्डर ६८ स्कोर गरेका राहुलले समग्रमा १४ अन्डर २७४ को कार्ड लेखाए । जयरामले निर्णायक दिनमा खराब प्रदर्शन गर्दै ५ ओभर ७७ स्कोर गर्दा समग्रमा इभन पार २८८ कार्डसहित दोस्रो स्थान रक्षा गरेका छन् । प्रोफेसनलतर्फ पहिलो भएका जयरामले एक लाख ७० हजार रुपैयाँ जितेका छन् ।

समग्रमा २ ओभर २९० को स्कोरमा तोरणविक्रम शाही र भुवन नगरकोटी संयुक्त रूपमा तेस्रो स्थानमा रहे । तोरणले इभन पार ७२ र भुवनले ४ अन्डर ६८ स्कोरमा चौथो दिनको खेल सकाए । दुवैले एक लाख १२ हजार पाँच सय रुपैयाँ हात पारे । नेपालका नम्बर एक प्रोफेसनल खेलाडी नीरज तामाङ पाँचौं स्थानमा सीमित भए । उनले समग्रमा ३ ओभर २९१ को स्कोर गरेका थिए । समग्रमा ४ ओभर २९२ को स्कोरमा भुवनकुमार रोका, शुक्रबहादुर राई, दिनेश प्रजापति र एमेच्योर रुबेन थापा संयुक्त रूपमा छैठौं भए । रुबेन २ अन्डर ७० स्कोरका साथ एमेच्योरतर्फ दोस्रो भए । अर्का एमेच्योर साम डोबलार्ड दसौं भएका छन् । उनले समग्रमा ८ ओभर २९६ स्कोर गरे ।



सुरुवातमै ५ स्ट्रोकको अग्रता

प्रतिस्पर्धाको अन्तिम १८ होलको सुरुवात गर्दा राहुलले ५ स्ट्रोकको अग्रता लिएका थिए । यही अग्रताका कारण उनलाई अन्य खेलाडीले चुनौती दिन सकेनन् । फ्रन्ट नाइन ३ अन्डर ३३ खेलेपछि राहुलले उपाधि जित्ने लगभग निश्चित भएको थियो । उनले दोस्रो स्थानका खेलाडीलाई कति स्ट्रोकले पछाडि राख्ने निर्णय हुन बाँकी थियो । राहुलले दोस्रो, तेस्रो, आठौं र नवौं होलमा बर्डी प्रहार गरे । उनले १७औं होलको बोगीविरुद्ध १२औं र १५औं होलको बर्डीले ब्याक नाइन १ अन्डर ३५ स्कोर गरे । जयरामले फ्रन्ट नाइन इभन पार ३६ मा सकाउने क्रममा पहिलो र दोस्रो होलमा लगातार दुई बर्डी प्रहार गरे । तेस्रो र सातौं होलमा समान एक सट खेर पठाएका उनले ब्याक नाइन अत्यन्तै कमजोर बन्यो ।

छैटौं टाइगर कप भलिबल ९ माघदेखि

कास्कीमा रोहितराज पराजुली

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित छैटौं टाइगर कप महिला तथा पुरुष भलिबल प्रतियोगिता ९ देखि १७ माघसम्म पोखरामा हुँदै छ । टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा हुने टाइगर कप पोखरा रंगशालास्थित भलिबल कोर्टमा आयोजना हुनेछ । महिला र पुरुषतर्फ समान सात टोलीले भाग लिने आयोजक गुप्रका अध्यक्ष नारायण शर्माले जानकारी दिए । यसपटक नेपालका १० र चार विदेशी टोली सहभागी हुनेछन् ।

महिलामा थाइल्यान्डका दुई टोलीले भाग लिने शर्माले बताए । थाइल्यान्डको युनाइटेड प्यासन भलिबल क्लब र थाइल्यान्ड क्विन्स रहेका छन् । पुरुषतर्फ माल्दिभ्स भलिबल एसोसिएसन क्लब र भारतको गुजरात भलिबल क्लबले प्रतिस्पर्धा गर्नेछन् । महिलातर्फ नेपाल पुलिस, त्रिभुवन आर्मी, नेपाल एपिएफ, न्यु डायमन्ड युथ स्पोर्टस् र एभरेस्ट भलिबल क्लब रुपन्देहीले प्रतिस्पर्धा गर्नेछन् ।

पुरुषतर्फ तीन विभागीय टोली उपाधिका लागि मुख्य दाबेदार हुनेछन् । नेपाल पुलिस, त्रिभुवन आर्मी, नेपाल एपिएफसँगै गण्डकी प्रदेश भलिबल संघ र पर्वत जिल्ला भलिबल संघले प्रतिस्पर्धा गर्नेछन् । महिलातर्फ पहिलो संस्करणको उपाधि पुलिसले जितेको थियो । त्यसपछिका लगातार तीन संस्करण एपिएफले जित्यो । पाँचौं संस्करणमा आयोजक टोलीले उपाधि चुमेको थियो । पुरुषतर्फ पहिलो संस्करणमा गण्डकी, दोस्रोमा आर्मी, तेस्रोमा गण्डकी, चौथोमा हेल्प नेपाल र पाँचौंमा नेपाल पुलिस क्लबले उपाधि हात पारेका थिए ।

पुरस्कार धनराशि बढ्यो

आयोजकले यसपटक पुरस्कार राशि वृद्धि गरेको छ । आयोजक समितिका सहसंयोजक डोलराज पोखरेलले पुरुष र महिलातर्फका विजेताको पुरस्कार धनराशि वृद्धि गरेको बताए । दुवैतर्फका च्याम्पियनले ६ लाख ६६ हजार रुपैयाँ हात पार्नेछन् । उपविजेताले तीन लाख ६६ हजार र तेस्रोले दुई लाख ६ हजार रुपैयाँ जित्नेछन् । गत वर्षको विजेताले समान पाँच लाख ८५ हजार र उपविजेताले दुई लाख ८५ हजार रुपैयाँ पाएका थिए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले २६ हजार रुपैयाँ जित्नेछन् । विधागततर्फ उत्कृष्ट हुने स्पाइकर, सेटर, ब्लकर, सर्भर, डिफेन्डर र प्रशिक्षकले समान ११ हजार ६६६ रुपैयाँ पाउनेछन् ।

■ एनभिए भलिबल च्याम्पियनसिप

एपिएफलाई हराउँदै रुकुम पश्चिम सेमिफाइनलमा

नयाँ पत्रिका

एनभिए भलिबल च्याम्पियनसिपअन्तर्गत विभागीय टोली नेपाल एपिएफ क्लबलाई ३-१ को सेटमा हराउँदै रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रले पुरुषतर्फ सेमिफाइनल स्थान गरेको छ । पाकिस्तानी खेलाडीको साथ पाएको रुकुम पश्चिम बिहीबार भएको खेलमा पहिलो सेटमा पछि परेको थियो । त्यसपछि उत्कृष्ट पुनरागमन गर्दै बलियो एपिएफलाई निराश बनाउँदै रुकुम पश्चिमले अन्तिम चारको स्थान पक्का गरेको हो । रुकुम पश्चिम २२-२५, २५-२०, २५-१६ र २५-२० ले विजयी भयो । एपिएफले पहिलो सेटपछि गतिलो प्रदर्शन गर्न सकेन ।



पुरुषतर्फ नेपाल पुलिस क्लब पनि अन्तिम चारमा पुगेको छ । कोशी प्रदेश भलिबल संघलाई ३-० को सेटमा हराउँदै पुलिस अन्तिम चारमा पुगेको हो । कोशीविरुद्ध पुलिस २५-१९, २५-१७ र २५-१८ को सेटमा विजयी भयो । फाइनल प्रवेशको खेलमा पुलिसले साबिक विजेता हेल्प नेपाल स्पोर्टस् क्लबको सामना गर्नेछ । पुरुषतर्फको पहिलो क्वार्टरफाइनलमा हेल्प नेपाललेबुढानीलकण्ठ भलिबल क्लबलाई ३-० को सोझो सेटमा हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरेको थियो । तीनवटै सेटमा हेल्प नेपाललेउत्कृष्ट प्रदर्शन गर्‍यो ।

सेमिफाइनल समीकरण पूरा

दोस्रो सेटमा बुढानीलकण्ठले हेल्प नेपाललाई चुनौती दिएको थियो । तर, आफ्नै गल्तीका कारण बुढानीलकण्ठले हेल्प नेपाललाई दोस्रो सेटमा पाखा लगाउन सकेन । यसैगरी, पुरुषतर्फ त्रिभुवन आर्मीले पनि अन्तिम चारमा स्थान पक्का गरेको छ । आर्मीले खिल्जी युवा क्लबलाई ३-० को सोझो सेटमा हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरेको हो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्ड हलमा पुरुषतर्फका अन्तिम क्वार्टरफाइनलमा आर्मीले खिल्जीलाई २५-१८, २५-१७ र २५-१५ ले निराश बनायो । यस नतिजासँगै सेमिफाइनल समीकरण पूरा भएको छ । प्रतियोगिताको पुरुषतर्फको पहिलो क्वार्टरफाइनल खेल शुक्रबार हेल्प नेपाल र नेपाल पुलिसबिच हुनेछ । आर्मीले रुकुम पश्चिमविरुद्ध फाइनल प्रतिस्पर्धाका लागि खेल्नेछ ।

VACANCY ANNOUNCEMENT

Annapurna Helicopters Pvt. Ltd. requires the following personnels for the operation of AS350 Series helicopters meeting the requirements of the Civil Aviation Authority of Nepal.

OPERATIONS MANAGER -1

Key Responsibilities:

- Oversee day-to-day operations to ensure efficiency and effectiveness.
- Develop and implement operational strategies and procedures.
- Coordinate with various departments to ensure alignment with organizational goals.
- Monitor performance metrics and prepare reports for senior management.
- Ensure compliance with relevant regulations and quality standards.

Qualifications and Experience:

- Bachelor’s degree preferred in Business Administration, Management, or a related field.
- Minimum 5 years of progressive experience in aviation operations or related roles.
- Strong leadership, organizational, and problem-solving skills.
- Excellent communication and interpersonal abilities.

Pilot (Captain) - a few

Qualifications and experience:

- Must have valid helicopter pilot license with rating on AS350 Series Helicopters
- Instructor Rating (Preferred)
- Experience of minimum 1200 hours in rotorcraft and 600 turbine hours.

HR/Admin Assistant - 1

Qualifications and experience:

- Bachelor’s degree preferred in related field
- Minimum +2 in experience in the Administrative Department.
- Able to interact with internal/ enteral individuals’ organizations extensively.
- Team oriented and able to work under pressure.
- Demonstrate proficiency in IT with particular competency on MS office package.
- Basic documentation knowledge.

Certifying Engineer - B1.3 - 01

Qualifications and Experience:

- Diploma in Engineering
- B1.3 Basic license issued by CAA, Nepal with more than 5 years of maintenance experience in aviation.

Certifying Engineer – B2 - 01

Qualifications and Experience:

- Diploma in Engineering
- B2 Basic license/type rated in (AS350B3e/As350B2) aircraft.

Store In-charge -1

Required Experience & Qualifications

- +2 or Diploma required with minimum 3 years of experience in aviation stores.

पिपल्स च्वाइसमा मत दिने अर्को अवसर











लोकप्रिय खेलाडीको विधामा उसुका विजय सिँजाली, क्रिकेटकी पूजा महतो, भलिबलका हिमाल सुनारी, फुटबलकी रेखा पौडेल र टेबुलटेनिसकी इभाना थापा छन्

नयाँ पत्रिका

२२औं संस्करणको एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड अर्को साता पोखरामा हुँदै छ । नेपाल खेलकुद पत्रकार मञ्चले पहिलोपटक अवार्ड काठमाडौंबाहिर आयोजना गर्न लागेको हो । सबैभन्दा बढी खेलकुद गतिविधि हुने सहर पोखरा हुँदा यसले थप आकर्षक बढाउने पक्का छ । हुनत यो अवार्ड २९ भदौमा हुनुपर्ने थियो । तर, २३ र २४ को जेन-जी आन्दोलनका कारण अवार्ड पूर्वघोषित समयमा हुन सकेन । आयोजकले दोस्रोपटक मिति घोषणा गर्दै २३ पुसमा अवार्ड कार्यक्रम राखेको छ ।

२२ पुसमा स्पोर्टस् समिट पनि आयोजना हुनेछ । मञ्चले तयारी पूरा भएको जनाइसकेको छ । १० विधामध्ये सबैभन्दा प्रमुख आकर्षण रहेको पिपल्स च्वाइस अवार्ड हो । मनोनयनमा परेकालाई मत दिने अवसर अझै बाँकी छ । जेन-जी आन्दोलनका वेला रोकिएको मत दिने प्रक्रिया यसै सातादेखि फेरि सुरु भएको मञ्चले जनाएको छ । ‘डिजिटल वालेट खल्तीबाट भोटिङ गर्ने प्रक्रिया अहिले खुला छ । यो अवार्डको अधिल्लो रातसम्म जारी रहनेछ,’ मञ्चका सचिव अञ्जन खड्काले भने । यसपल्टको लोकप्रिय खेलाडीको विधामा उसुका विजय सिँजाली, क्रिकेटकी पूजा महतो, भलिबलका हिमाल सुनारी, फुटबलकी रेखा पौडेल र टेबुलटेनिसकी इभाना थापा छन् । जेन-जी आन्दोलनपछि नेपाली खेलकुद सुस्त रहेन ।



धेरै अर्थमा नेपाली खेलकुद चलायमान नै रह्यो । पिपल्स च्वाइस अवार्डमा मनोनयनमा तीनजना महिला खेलाडी छन् । रेखा केही दिनअघिसम्म माल्दिभ्समा थिइन् । उनले माजियाबाट व्यावसायिक फुटबल खेलिरहेकी थिइन् । यसैक्रममा उनको क्लबले माल्दिभ्सको महिला लिग उपाधि पनि जित्यो ।

व्यस्त छन् मनोनयनमा परेका खेलाडी

नेपाली महिला क्रिकेटमा पूजाको उपस्थिति अझ दरिलो बनेको छ । उमेर तथा सिनियर समूहमा लगातार उत्कृष्ट प्रदर्शन गरेकै कारण पूजाको चर्चा बारम्बार हुने गर्छ । ब्याट र बल दुवैबाट योगदान दिन सक्ने उनले हालै मलेसियाविरुद्धको पाँच टी-२० आई सिरिज खेलिन् । अब पूजाको ध्यान आइसिसी महिला टी-२० ग्लोबल छनोटमा छ । पुसको चौथो साताम ग्लोबल छनोट नेपालमै हुनेछ । इभानाले अमेरिकाको लस एन्जलसमा हुने ओलम्पिकका लागि नेपाल ओलम्पिक कमिटीले प्रदान गर्ने छात्रवृत्ति जितेकी छिन् । अबको दुई वर्ष उनी प्रशिक्षण र प्रतिस्पर्धामा व्यस्त हुनेछिन् । विजय र हिमाल पनि खेलको मैदानबाट टाढा रहेनन् । विजय न्युजिल्यान्डमा खेल्न पुगेका छन् । हिमाल गण्डकीकै हुन् ।

भोटिङका आधारमा विजेता

यस विधाको विजेता भोटिङका आधारमा हुनेछ । जसले बढी मत प्राप्त गर्छ ऊ नै विजेता हुनेछ । आइएमई खल्तीमार्फत गरिने मतको भार ५० प्रतिशत हुनेछ । फेसबुक भोटिङको २५ प्रतिशत, राष्ट्रिय खेल संघका मुख्य प्रशिक्षकको भोटिङ १२.५ र आयोजक मञ्चका सदस्यको भोटिङको १२.५ मतभार हुनेछ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com